# प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश


**सम्पर्क**

प्रदेश लोक सेवा आयोग

**टेलिफोन**

०५७-५९०६१३/१४/१५

**इमेल**

info.ppsc@bagamati.gov.np

**वेबसाइट**

http://ppsc.bagamati.gov.np

https://ppsconline.bagamati.gov.np

**सामाजिक सञ्जाल**

https://www.facebook.com/ppsc.bagamati

# प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११२ बमोजिम
# माननीय प्रदेश प्रमुख समक्ष प्रस्तुत गरिएको
# प्रदेश लोक सेवा आयोगको

# पाँचौं वार्षिक प्रतिवेदन
## आ.व. २०८०/०८१

# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश, हेटौंडा

मितिः २०८१-०६-२३

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
बागमती प्रदेश, हेटौंडा।

विषय: २०८०/०८१ को वार्षिक प्रतिवेदन।

महोदय,

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११२ बमोजिम आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन आज मिति २०८१ साल असोज तेइस गते पेस गरेको छौं। प्रतिवेदनमा समावेश गरिएको सम्पादित कामहरू संक्षेपमा देहाय बमोजिम भएको जानकारीका लागि अनुरोध छ।

**आ.व. २०८०/०८१ को तहगत रूपमा विज्ञापन गरिएको पदहरूको विवरण**

| तह | प्राविधिक | अप्राविधिक | जम्मा | प्रदेश सरकार | स्थानीय तह | दरखास्त संख्या | परीक्षामा सहभागी संख्या |
|---|---|---|---|---|---|---|---|
| नवौं तह | ९३ | ११ | १०४ | ९९ | ५ | ९०४ | ५४९ |
| आठौं तह | १०० | ० | १०० | ९३ | ७ | २५२६ | १३९ |
| सातौं तह | १६१ | ७४ | २३५ | १७४ | ६१ | ८२५८ | ४२४२ |
| पाँचौं तह | ८६९ | ३९१ | १२६० | ७१० | ५५० | ८२३१७ | ३९२२१ |
| **जम्मा** | **१२२३** | **४७६** | **१६९९** | **१०७६** | **६२३** | **९४००५** | **४४१५१** |

नोट: स्वास्थ्य सेवा तर्फका २४६ पदहरूको दरखास्त सङ्कलन भएको तर परीक्षाका अन्य प्रक्रियाहरू सम्मानित सर्वोच्च अदालतको मिति २०८०।१२।०७ (रिट नं. ०८०-WO-०९६९) मा भएको आदेश अनुसार हालसम्म स्थगित राखिएको छ। यसमा ८ औं तह मेडिकल अधिकृत पदमा प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम उमेर हद ३५ वर्ष कायम गरी विज्ञापन भएको तर स्वास्थ्य सेवा ऐन (संघ) मा उमेर हद ४५ वर्ष भएकोमा अदालतमा उजुरी परेको।

**आ.व. २०८०/०८१ मा सिफारिस गरिएको पदहरू**

| तह | प्राविधिक | अप्राविधिक | जम्मा | प्रदेश सरकार | स्थानीय तह |
|---|---|---|---|---|---|
| नवौ तह | ७ | १६ | २३ | १९ | ४ |
| आठौं तह | २२ | ० | २२ | ६ | १६ |
| सातौं तह | ११४ | १५ | १२९ | १०१ | २८ |
| पाँचौं तह | ३२८ | २२१ | ५४९ | २५८ | २९१ |
| **जम्मा** | **४७१** | **२४१** | **७२३** | **३७४** | **३३९** |

**आ.व. २०८०/०८१ विज्ञापन भएको पदहरू मध्ये लिखित परीक्षा सम्पन्न भई अन्तरवार्ता र सिफारिस आ.व. २०८१/०८२ मा भएको**

| तह | प्राविधिक | अप्राविधिक | जम्मा | प्रदेश सरकार | स्थानीय तह |
|---|---|---|---|---|---|
| नवौ तह | ४२ | ० | ४२ | ३८ | ४ |
| आठौं तह | ८ | ० | ८ | १ | ७ |
| सातौं तह | ११९ | ७४ | १९३ | १३२ | ६१ |
| पाँचौं तह | ८६९ | ३९१ | १२६० | ७१० | ५५० |
| **कुल जम्मा** | **१०३८** | **४६५** | **१५०३** | **८८१** | **६२२** |

नोट: नवौं तह, प्रशासन सेवा, प्रशासन समूहको ११ पदको सिफारिस भने विज्ञापन भएकै वर्ष आ.व. २०८०/८१ भित्र भएको (असाढ महिना)।

**विगत वर्षहरू देखि आ.व. २०८०।०८१ सम्ममा नियुक्तिका लागि सिफारिस गरिएको जम्मा पद संख्या**

| तह | प्राविधिक | अप्राविधिक | जम्मा | प्रदेश सरकार | स्थानीय तह |
|---|---|---|---|---|---|
| नवौ तह | २५ | १६ | ४१ | ३७ | ४ |
| आठौं तह | ३६ | ० | ३६ | २० | १६ |
| सातौं तह | १२३ | १५ | १३८ | १०५ | ३३ |
| छैटौं | २१ | ० | २१ | २१ | ० |
| पाँचौं तह | ८५३ | ३८१ | १२३४ | २३९ | ९९५ |
| चौथो तह | ६७१ | १०२ | ७७३ | ६२ | ७११ |
| **कुल जम्मा** | **१७२९** | **५१४** | **२२४३** | **४८४** | **१७५९** |

**विगत वर्षहरू देखि आ.व. २०८०।०८१ सम्ममा बढुवा भएका कर्मचारीहरूको संख्या**

| तह | प्राविधिक | अप्राविधिक | जम्मा | प्रदेश सरकार | स्थानीय तह |
|---|---|---|---|---|---|
| एघारौं तह | ९ | ३ | १२ | १२ | ० |
| नवौ तह | ५९ | ४० | ९९ | ८० | १९ |
| सातौं तह | ६० | ११ | ७१ | ४५ | २६ |
| पाँचौं तह | १३ | ० | १३ | ० | १३ |
| **कुल जम्मा** | **१४१** | **५४** | **१९५** | **१३७** | **५८** |

**राजस्व र खर्चको एकीकृत विवरण:**

| आर्थिक वर्ष | आय (रुपैयाँ) | व्यय (रुपैयाँ) |
|---|---|---|
| २०७६/०७७ | ९,०००.०० | १,०३,७८,१९२.५० |
| २०७७/०७८ | ९,७९,४०,१२५.०० | ४,८७,९१,३८५.७० |
| २०७८/०७९ | ७,२२,४७,५५९.८० | ७,०८,२३,४४८.६० |
| २०७९/०८० | ४,८१,७२,७१३.०० | ६,९,०७,६४६१.५० |
| २०८०/०८१ | १०,७८, ११, ०२५.०० | ७,४९,६०,९३६.२० |
| **जम्मा** | **३२,६१,८०,४२३.००** | **२७,४०,३०,४२४.५०** |

**आयोगले सामना गर्नु परेको कठिनाइहरू:**

१) २०८० चैत्र ४ गते देखि प्रदेश लोक सेवा आयोगको अध्यक्ष पद रित्त रहेको कारणले प्रदेश निजामती सेवा ऐन, २०७९ मा भएको प्रावधान बमोजिम ११औं तहमा बढुवा समितिको अध्यक्षता हुन नसक्दा उक्त तहको बढुवाको प्रक्रिया अवरुद्ध भएको।

२) निजामती सेवा ऐन, २०४९, प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा कतिपय व्यवस्थाहरू फरक रहेको कारणले समायोजन भएर प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरूबाट विशेषगरी बढुवाको कारबाहीमा अदालत (प्रशासकिय अदालत समेत) मा मुद्दाहरू पर्ने गरेकोले आयोगका कार्य प्रक्रियामा ढिलाई हुन गएको।

३) प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ जारी भए तापनि हालसम्म नियमावलीहरू जारी हुन नसक्दा निजामती सेवा नियमावली र स्वास्थ्य सेवा नियमावली (संघ) को आधारमा काम गर्नु परेको जसले गर्दा अदालतमा उजुरीहरू पर्ने

गरेको। उदाहरणका लागि २०८०।११।१४ गते भएको स्वास्थ्य सेवाको विज्ञापन रोकिएको।

४) स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा भएको प्रावधानमा फरक पर्न गई लिखित परीक्षा सम्पन्न भएका प्राविधिक र अप्राविधिक छैटौं तहका कुल १०३ पदहरूको परीक्षा पश्चातका अन्य चरणहरू स्थगित राख्नु परेको छ। यसमा उच्च अदालत पाटन हेटौंडा इजलासले मिति २०८०।०६।१७ गरेको फैसला अनुसार स्थानीय सेवा (गठन कता सञ्चालन) ऐन, २०७९ संशोधन गर्नुपर्नेमा हालसम्म हुन नसक्दा परीक्षार्थीहरूलाई मर्का परेको।

५) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ अनुसार स्थानीय तहका स्थायी पदहरू प्रदेश किताव खानामा दर्ता गरी रिक्त पदहरू पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग्न सकिने व्यवस्था रहेको भए तापनि हालसम्म प्रदेश किताव खानामा स्थानीय तहहरूका स्थायी पदहरू दर्ता हुन नसक्दा दरबन्दीहरू यकीन गर्न कठिनाई भएको। गत वर्ष विज्ञापन गरिंदा संघबाट स्वीकृत भएका दरबन्दीलाई आधार बनाउनु परेको।

६) प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा रहेको बढुवा समितिको संरचनामा प्रदेश लोक सेवा आयोगको अध्यक्ष वा सदस्यबाट अध्यक्षता हुने व्यवस्था रहेको छ भने सचिवालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहने व्यवस्था छ। निजामती सेवा ऐन, २०४९ भन्दा फरक प्रदेशको बढुवा समितिको संरचनामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका पदाधिकारीहरूको बाहुल्यता रहने व्यवस्थाका कारण निर्णयमा बहुमत र अल्पमतको विवाद भई निर्णयमा ढिला हुने गरेको छ। यसमा आयोगको परामर्श अनुसार प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को बढुवा सम्बन्धी व्यवस्थामा परिमार्जन हुनु पर्दछ।

७) आयोगले अनिवार्य रूपमा अङ्गिकार गर्नुपर्ने सिद्धान्तहरू अक्षुण्ण राख्न विज्ञहरूको गुणस्तरमा ध्यान पुर्‍याउनुको विकल्प छैन। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ अनुसार आयोगले आवश्यकता अनुसार प्रदेश भित्र अन्यत्र पनि कार्यालय स्थापना गर्न सक्ने व्यवस्था रहेको छ। प्रदेश सरकारले आवश्यक जनशक्ति र शाखा कार्यालय स्थापनामा सहमति नदिएको कारणबाट उत्तरपुस्तिका परीक्षण र अधिकृत तहको अन्तर्वार्ता सञ्चालन गर्न काठमाडौं स्थित लोक सेवा आयोगको अनामनगर कार्यालय भवनमा उपलब्ध गराइएको स्थान र प्रदेश सुशासन केन्द्र जावलाखेल ललितपुरबाट उपलब्ध गराइएको स्थान प्रयोग गर्दै आएको छ। आफ्नै कार्यालय नहुँदा आयोगले काठमाडौंमा आफ्नो कामलाई व्यवस्थित बनाउन सकेको छैन्। उत्तरपुस्तिका परीक्षण र अधिकृत तहको अन्तर्वार्ता सञ्चालनका लागि काठमाडौंमा

शाखा कार्यालयको स्थापना गरी सो काम काठमाडौँबाट सम्पन्न गराउनु पर्ने आयोगको बाध्यता उपर प्रदेश सरकार सकारात्मक भई काठमाण्डौमा यस आयोगको शाखा कार्यालय खोल्न सहमती र स्थान उपलब्ध गराउन जरूरी छ।

**भवदीय,**

**(शर्मिला नेउपाने)**
**सदस्य**

**(सुदर्शन प्रसाद ढकाल)**
**सदस्य**

**(नीता पोखरेल अर्याल)**
**सचिव**

# प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशका पदाधिकारीहरू



सुदर्शन प्रसाद ढकाल
सदस्य



शर्मिला नेउपाने
सदस्य



नीता पोखरेल अर्याल
सचिव

# धन्यवाद ज्ञापन

नेपालको संविधानको धारा २४४ ले प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था गरेको छ। सोही संवैधानिक व्यवस्था बमोजिम पहिलो पटक २०७६ साल मंसिर २ गते अध्यक्ष र २०७६ माघ ६ गते दुई जना सदस्यहरूको नियुक्ति पश्चात प्रदेश लोक सेवा आयोग, बागमतीले पूर्णता प्राप्त गरेको थियो।

प्रदेश सरकार एवम् प्रदेश भित्रका स्थानीय तहहरू, प्रदेश र स्थानीय तह अन्तर्गतका सङ्गठित संस्थाहरू, प्रदेश प्रहरी र प्रदेश अनुसन्धान ब्युरोका स्वीकृत स्थायी दरबन्दीमा रिक्त रहेका विभिन्न सेवा, समूह, उपसमूह र तहका पदहरूको पदपूर्ति गर्ने अभिभारा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ ले आयोगलाई प्रदान गरेको छ। प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अनुसन्धान ब्युरो, प्रदेश सङ्गठित संस्थाको सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारहरूको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै प्रदेश भित्रको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन दक्ष जनशक्तिको सिफारिस गर्ने जिम्मेवारी आयोगको रहेको छ।

आयोगको वार्षिक पदपूर्ति कार्यतालिका २०८०।८१ बमोजिम आयोगबाट विज्ञापन भएका विभिन्न सेवा समूह, उपसमूह र तहका प्राविधिक/अप्राविधिक पदहरूको लिखित परीक्षाको नतिजा प्रकाशन गरी अन्तर्वार्ताको कार्यक्रम भइरहेको अवस्था छ।आयोगको कार्य सम्पादनका लागि आवश्यक स्रोत साधन तथा सहयोग उपलब्ध गराएकोमा प्रदेश सरकार प्रति आयोग धन्यवाद ज्ञापन गर्दछ। आयोगको परीक्षा सञ्चालनका लागि आवश्यक पर्ने शैक्षिक योग्यता तथा पाठ्यक्रम निर्माण, कच्चा प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता लगायतका कार्यमा सहयोग पुऱ्याउनु हुने विभिन्न विधाका दक्ष एवम् विज्ञ तथा आयोगको कार्यसम्पादनमा प्रत्यक्ष/अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने सम्पूर्ण संघ, संस्थाहरू तथा व्यक्तिहरूप्रति आयोग हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

पाँचौं वार्षिक प्रतिवेदन तयारीमा आफ्नो योगदान दिने उर्जाशील आयोगका कर्मचारीहरूलाई विशेष धन्यवाद ज्ञापन गर्दछौं।

मिति २०८१ असोज २३ गते

# कार्यकारी सारांश

नेपालको संविधानको धारा २४४ को उपधारा (१) मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था छ। संवैधानिक प्रावधानअनुसार सङ्घीय संसदले पारित गरेको प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बमोजिम आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बागमती प्रदेशको प्रदेश सभाले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ पारित गरी प्रदेश प्रमुखबाट मिति २०७६ साल असोज २८ गते प्रमाणीकरण भइ लागू भएको हो। लोक सेवा आयोगको स्थापित मूल्य, मान्यता र मापदण्डलाई आत्मसात गर्दै बागमती प्रदेश सरकार र प्रदेश भित्रका स्थानीय तहहरूका विभिन्न निकायमा विभिन्न सेवा, समूह, उपसमूह र तहका रिक्त पदहरू पदपूर्तिका लागि उपयुक्त उम्मेदवार छनोट गरी नियुक्तिका लागि सिफारिस गर्न आयोग क्रियाशील रहँदै आएको छ । यस क्रममा आयोगद्वारा आर्थिक वर्ष २०८०/०८१ मा विभिन्न सेवा, समूह, उपसमूह र तहका पदहरूको विज्ञापन प्रकाशन गरी ती पदहरूको परीक्षा सञ्चालन लगायतका परीक्षा सम्बन्धी कार्य सम्पादन गर्नुका अतिरिक्त गत आर्थिक वर्ष २०७८/०७९, २०७९/०८० र २०८०/०८१ मा विज्ञापन भइ स्थायी नियुक्तिका लागि सिफारिस हुन बाँकी पदहरूमा उपयुक्त उम्मेदवार छनोट गरी नियुक्तिका लागि सिफारिस गरिएको छ ।

साथै कानून बमोजिम प्रदेश सरकार, सम्बन्धित स्थानीय तहहरू एवम् अन्य सरोकारवाला निकायहरूबाट ती निकायका कर्मचारीहरूको सेवाको सर्त सम्बन्धी कानून, विभागीय सजाय लगायतका विषयमा आयोगबाट ऐन बमोजिम माग भइ आएका विषयमा आयोगबाट परामर्श उपलब्ध गराइएको छ । साथै आयोगलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालत र उच्च अदालतमा दायर भएका विभिन्न मुद्दाहरूमा आयोगको प्रतिरक्षा र आरोपहरूको प्रतिवाद गरिएको छ । आर्थिक वर्ष २०८०/०८१ मा आयोगद्वारा सम्पादित कार्यहरूको कार्यकारी सारांश देहाय बमोजिम रहेको छः

- **आयोगको कार्यसम्पादनका आधारहरू**

  सङ्गठनात्मक उद्देश्य प्राप्तिमा गुणस्तरीयता र विश्वसनीयता सुनिश्चित गरी आयोगले विभिन्न कानूनहरूको आधारमा कार्य सम्पादन गर्दै आएको छ । कार्यसम्पादन गर्न आयोगले आधार लिने मुख्य कानून एवम् कार्यविधिहरूको सूची देहाय बमोजिम छः

  - ✓ नेपालको संविधान
  - ✓ प्रदेश लोक सेवा आयोग ऐन, २०७६ तथा प्रदेश लोक सेवा आयोग नियमावली, २०७६

- ✓ निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०
- ✓ प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५
- ✓ कर्मचारी समायोजन ऐन, २०७५
- ✓ प्रदेश निजामती सेवा ऐन, २०७९
- ✓ स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९
- ✓ नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५
- ✓ स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- ✓ लोक सेवा आयोगबाट निर्धारण भएको प्रचलित मापदण्डहरू
- ✓ प्रदेश लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरूको आचारसंहिता, २०७६
- ✓ प्रदेश लोक सेवा आयोगका समय–समयका निर्णयहरू
- ✓ प्रदेश लोक सेवा आयोगबाट प्रतिपादित विभिन्न सिद्धान्त एवम् मापदण्डहरू
- ✓ प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित ऐन, नियम र निर्देशिकाहरू।
- ✓ शैक्षिक योग्यता सम्बन्धी मापदण्डहरू

○ **आयोगबाट कार्यसम्पादन हुँदा अवलम्बन गरिने सिद्धान्तहरू**

आयोगले योग्यताको, स्वच्छताको, निष्पक्षताको, समावेशीताको, समान अवसरको, गोपनीयताको, द्विअन्धको, परिचय-शून्यताको र असंलग्नताको सिद्धान्तहरूलाई आफ्नो प्रमुख कार्यसम्पादनको सिद्धान्तहरूको रूपमा अपनाउँदै आएको छ।

○ **आयोगबाट सम्पादन भएका कामहरू**

यो आर्थिक वर्षमा आयोगबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरूको फेहरिस्त निम्नबमोजिम रहेको छः

- ✓ प्रदेश सरकारका रिक्त दरबन्दीमा पदपूर्ति गर्ने सम्बन्धी बैठक
- ✓ वार्षिक पदपूर्ति कार्यतालिका २०८०।८१ प्रकाशन
- ✓ पाँचौं तहदेखि एघारौं तहसम्मको विभिन्न सेवा, समूह, उपसमूहका पदहरूको विज्ञापन प्रकाशन,
- ✓ दरखास्त फाराम सङ्कलन र स्वीकृति
- ✓ लिखित परीक्षा सञ्चालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम
- ✓ प्रदेश लोक सेवा आयोगहरूको तेस्रो सम्मेलनमा सहभागिता

- ✓ लोक सेवा आयोगहरूको द्विदिवसीय चौथो राष्ट्रिय सम्मेलनमा सहभागिता
- ✓ गण्डकी प्रदेशमा अन्तर प्रदेश अनुभव आदान प्रदान
- ✓ आयोगबाट विज्ञापन भएका विभिन्न परीक्षाहरू सञ्चालन
- ✓ बढुवा समितिले गरेको सिफारिस उपर चित्त नबुझी परेका विभिन्न उजुरीहरू, अन्य परामर्श तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको उजुरीको फछ्यौंट।
- ✓ बढुवा समितिका बैठकहरू अध्यक्षता

○ **वार्षिक पदपूर्ति कार्यतालिका**

आ.व. २०८०/८१को वार्षिक पदपूर्ति कार्यतालिका मिति २०८०/०४/०१ गते प्रकाशन गरिएकोमा प्रदेश सरकारको अनुरोधमा मिति २०८०/०७/१९ मा कार्यतालिका परिमार्जन गरी पदपूर्ति सम्बन्धी कामहरू सम्पादन गरियो ।

○ **पाठ्यक्रम निर्माण र परिमार्जन**

यो वर्ष प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको विभिन्न सेवा, समूह र तहका नयाँ र परिमार्जन गरी जम्मा ३० वटा पाठ्यक्रमहरू स्वीकृत भई प्रयोगमा आएको छ।

○ **विज्ञापन**

विभिन्न सेवा सञ्चालन गर्ने निकायहरूबाट रिक्त पदपूर्तिका लागि आयोगमा माग भए अनुरूप आर्थिक वर्ष २०८०/८१ को अवधिमा ३६ वटा आन्तरिक अन्तर सेवा विज्ञापन, ३४ वटा अन्तर तह विज्ञापन, १०४ खुला प्रतियोगितात्मक र १८७ वटा समावेशी समूहका गरी जम्मा प्रतियोगितात्मक परीक्षाको लागि ३६१ र बढुवा विज्ञापनको लागि १४९ गरी जम्मा ५१० वटा विज्ञापनहरू प्रकाशन गरिएको छ। आन्तरिक अन्तर सेवातर्फ ५६, अन्तर तहतर्फ ४३, खुला प्रतियोगितातर्फ ९३९, महिला तर्फ ३११, आदिवास/जनजाति तर्फ २२२, मधेसी तर्फ १३, दलित तर्फ ६४, अपाङ्ग तर्फ १०, पिछडिएको क्षेत्र तर्फ ८, थारु तर्फ २६ र अल्पसंख्यक तर्फ ७ गरी खुला तथा समावेशी तर्फ १६९९ र बढुवा विज्ञापनतर्फ ३३८ गरी जम्मा २०३७ पदको लागि दरखास्त माग गरिएको थियो।

○ **दरखास्त**

यो अवधिमा प्रकाशित आन्तरिक अन्तर सेवा, अन्तर तह, आन्तरिक, खुला तथा समावेशी समूहका विज्ञापनका लागि आयोगको अनलाइन दरखास्त प्रणालीमा कुल १०७४८७ जनाले अनलाइन दरखास्त पेस गरेका थिए। जसमध्ये ९४००५ जनाको दरखास्त स्वीकृत भएको थियो । विभिन्न सेवा, समूह र तहका पदहरूको लागि नेपालका सबै जिल्लाहरूबाट दरखास्त प्राप्त हुन

आएका छन् । सबैभन्दा बढी दरखास्त पर्ने ५ जिल्लाहरूमा क्रमशः सप्तरी, सर्लाही, रौतहट, धनुषा र महोत्तरी रहेका छन् । उक्त पाँच जिल्लाहरूबाट कुल १५ हजार ५ सय ६५ (१६.६ प्रतिशत) दरखास्त परेका छन् । त्यस्तै सबैभन्दा न्यून दरखास्त पर्ने ५ जिल्लाहरूमा क्रमशः मनाङ, मुस्ताङ, म्याग्दी, रुकुम पूर्व र तेह्रथुम रहेका छन् । यी जिल्लाहरूबाट कुल ५८९ (०.६३ प्रतिशत) मात्र दरखास्त परेका छन् ।

- **प्रश्नपत्र परिमार्जन**

  आर्थिक वर्ष २०८०/८१ को अवधिमा सञ्चालन भएका विभिन्न सेवा, समूह, उपसमूह र तहका पदहरूको लिखित परीक्षाहरूको लागि जम्मा ६०२ सेट प्रश्नपत्रहरू परिमार्जन गरिएका थिए ।

- **लिखित परीक्षा सञ्चालन**

  आर्थिक वर्ष २०८०/८१ को अवधिमा सञ्चालन भएका विभिन्न सेवा, समूह, उपसमूह र तहका पदहरूको लिखित परीक्षाहरूमा २०४०२ महिला र २५९८३ पुरुष गरी कुल ४६३८५ उम्मेदवार सम्मिलित भएका छन्, जसमध्ये ४५५२४ जना खुला, १९५७५ जना महिला, ७९७२ जना आदिवासी/जनजाति, ४६९३ जना मधेसी, २१३२ जना दलित, १४३ जना अपाङ्ग , ११ जनाले पिछडिएको क्षेत्र र ११२८ थारु समूहमा उपस्थिति रहेको थियो।

- **उत्तरपुस्तिका सङ्केतीकरण तथा उत्तरपुस्तिका परीक्षण**

  आर्थिक वर्ष २०८०/८१ को अवधिमा सञ्चालन भएका विभिन्न सेवा, समूह र तहका पदहरूको लिखित परीक्षाहरू पश्चात प्राप्त हुन आएका जम्मा ४४,१५१ परीक्षार्थीहरूको ३४,६६२ थान OMR उत्तरपुस्तिकाहरूको अर्धकट्टी र विवरण खण्ड छुट्याउने कार्य भएको थियो भने २७,८६९ थान उत्तरपुस्तिकाहरूको प्रथम तथा द्वितीय सङ्केतीकरण गरिएको थियो।

- **लिखित परीक्षा नतिजा प्रकाशन**

  आर्थिक वर्ष २०८०/८१ को अवधिमा विभिन्न सेवा, समूह, उपसमूह र तहका पदहरूको लिखित परीक्षा नतिजा प्रकाशनबाट कुल १७५३ जना उम्मेदवारहरू अन्तर्वार्ताका लागि छनोट भएका थिए। जसमध्ये ६०६ जना महिला र ११४७ जना पुरुष उम्मेदवारहरू थिए।

- **अन्तर्वार्ता र सिफारिस**

  आर्थिक वर्ष २०८०/०८१ को अवधिमा कुल ७२३ जना उम्मेदवारहरू स्थायी नियुक्ति लागि सिफारिस भएका थिए। जसमध्ये आन्तरिक अन्तर सेवामा ११ जना, ३ जना आन्तरिक प्रतियोगिता, ५११ जना खुला, १०७ जना महिला, ६४ जना आदिवासी/जनजाती, ६ जना मधेसी र १० जना दलित, २ जना अपाङ्ग कोटामा सिफारिस भएका थिए।

- **समावेशी पदपूर्ति**

  आर्थिक वर्ष २०८०/८१ को अवधिमा विभिन्न समावेशी समूहहरूमा कुल १८९ जना उम्मेदवारहरू स्थायी नियुक्ति लागि सिफारिस भएका थिए। जसमध्ये १०७ जना महिला, ६४ जना आदिवासी/जनजाती, ६ जना मधेसी, १० जना दलित र अपाङ्ग २ कोटामा सिफारिस भएका थिए।

- **परामर्श**

  आर्थिक वर्ष २०८०/८१ को अवधिमा यस आयोगबाट एक वटा निकायलाई विभागीय सजायका विषयमा परामर्श प्रदान गरिएको थियो।

- **राजश्व तथा प्रगति सम्बन्धमा**

  यस अवधिमा आयोगले रु १० करोड अठत्तर लाख एघार हजार पच्चिस रूपैया राजश्व मार्फत आय गरेको छ भने आयोगको यस आर्थिक वर्षको खर्च रु सात करोड उनन्चास लाख साठ्ठी हजार नौसय छत्तिस रूपैया बिस पैसा रहेको छ जसमा चालुगत प्रगति ६४.५ प्रतिशत र पूँजीगत प्रगति ३१.९ प्रतिशत रहेको थियो।

- **मुद्दाहरू सम्बन्धी**

  प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश विपक्षीलाई विपक्षी बनाइएका सम्मानित सर्वोच्च अदालत र उच्च अदालतहरूमा २१ वटा रिटहरू दर्ता भएको थियो। जसमध्ये १६ वटा चालु अवस्थामा रहेको, ३ वटा रिट खारेज भएको, १ वटा रिट जारी भएको, १ वटा प्रशासकीय अदालतबाट पनुरावेदन खारेज भएको थियो।

- **बढुवा सम्बन्धी**

  यस अवधिमा बढुवा सिफारिस उपर १५ वटा उजुरीहरूको परेको थियो। सो मध्ये ८ वटा उजुरी उपर बढुवा समितिको निर्णयमा पुनर्विचार नहुने र ७ वटा उजुरी बढुवा समितिको निर्णयमा पुनर्विचार हुने आयोगको निर्णय भएको थियो।

# विषयसूची


| | |
|---|---|
| परिच्छेद-१ः | १ |

आयोगको गठन र कार्य क्षेत्र १

१.१ ऐतिहासिक पृष्ठभूमि १

१.२ आयोगको गठन १

१.४ प्रतिवेदन ३

| | |
|---|---|
| परिच्छेद-२ | ४ |

आयोगको कार्यसम्पादनका आधारहरू ४

२.१ संस्थागत प्रबन्ध ४

२.१.१ संविधान ४

२.१.२ कानूनहरू ४

२.२ सङ्गठनात्मक संरचना र कार्यक्षेत्र ५

२.३ आयोगबाट कार्यसम्पादन हुँदा अवलम्बन गरिने सिद्धान्तहरू ६

२.३.१ योग्यताको सिद्धान्त **(Principle of Merit)** ६

२.३.२ गोपनीयताको सिद्धान्त **(Principle of Confidentiality)** ६

२.३.३ स्वच्छताको सिद्धान्त **(Principle of Fairness)** ६

२.३.४ निष्पक्षताको सिद्धान्त **(Principle of Impartiality)** ६

२.३.५ समावेशीताको सिद्धान्त **(Principle of Inclusiveness)** ६

२.३.६ समान अवसरको सिद्धान्त **(Principle of Equal Opportunity)** ७

२.३.७ द्विअन्ध सिद्धान्त **(Principle of Double Blind)** ७

२.३.८ परिचय-शून्यताको सिद्धान्त **(Principle of Identity Masking)** ७

२.३.९ असंलग्नता सिद्धान्त **(Principle of Non-Involvement)** ८

२.४ कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह ८

२.४.१ वार्षिक कार्यतालिका ८

२.४.२ विज्ञापन प्रकाशन ८

२.४.३ दरखास्त सङ्कलन ९

२.४.४ लिखित परीक्षा ९

| | |
|---|---|
| २.४.५ उत्तरपुस्तिका सङ्केतीकरण र परीक्षण | ९ |
| २.४.६ लिखित परीक्षा नतिजा, अन्तर्वार्ता र सिफारिस | ९ |
| २.५ कार्यविभाजन र अधिकार प्रत्यायोजन | १० |
| परिच्छेद-३ | १२ |
| प्रशासनिक तथा वित्तीय स्थिति | १२ |
| ३.१ बैठक तथा निर्णय | १२ |
| ३.२ आयोगको दरबन्दी र पदपूर्ति | १३ |
| ३.३ भौतिक अवस्था | १४ |
| ३.४ क्षमता विकास | १४ |
| ३.५ निरीक्षण | १४ |
| ३.६ बजेट, निकासा र खर्च | १४ |
| ३.७ राजस्व र धरौटी | १५ |
| ३.८ बेरुजु | १५ |
| परिच्छेद-४ | १६ |
| परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम | १६ |
| ४.१ परीक्षण प्रविधि | १६ |
| ४.२ शैक्षिक योग्यता र पाठ्यक्रम | १६ |
| परिच्छेद-५ | १७ |
| विज्ञापन र दरखास्त | १७ |
| ५.१ पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका | १७ |
| ५.२ प्रतिशत निर्धारण | १७ |
| ५.३ विज्ञापन | १७ |
| ५.४ दरखास्त | १८ |
| क) तहअनुसार दरखास्तको वर्गीकरण (स्वीकृत दरखास्त अनुसार) | १८ |
| ग) भौगोलिक क्षेत्र अनुसार दरखास्त विवरण | २२ |
| घ) लिङ्ग अनुसार दरखास्त विवरण | २४ |
| ङ) धर्म अनुसार दरखास्त विवरण | २६ |
| च) जिल्लाअनुसार स्वीकृत दरखास्त विवरण | २७ |

छ) प्रदेशअनुसार दरखास्त विवरण २९
ज) रोजगारीको अवस्थाअनुसार दरखास्त विवरण ३०
झ) शारीरिक अवस्थाअनुसार दरखास्त विवरण ३२
परिच्छेद-६ ३३
परीक्षा र परीक्षण ३३
६.१ प्रश्नपत्र निर्माण र परिमार्जन ३३
६.२ लिखित परीक्षा ३४
६.२.१ प्रथम चरणको परीक्षा ३४
६.२.२ लिखित परीक्षा सञ्चालन ३४
६.२.३ लिखित परीक्षामा कुनै पनि उम्मेदवार सम्मिलित नभएका विज्ञापनहरू ३४
६.२.४ लिखित परीक्षामा अनियमितता गर्ने उम्मेदवारलाई कारवाही गरिएको ३५
६.३ उत्तरपुस्तिका सङ्केतीकरण ३६
६.४ उत्तरपुस्तिका परीक्षण ३६
६.५ लिखित परीक्षाबाट उम्मेदवार छनोट नभएका विज्ञापनहरू ३७
६.६ सामूहिक सीप परीक्षण ३७
६.७ कम्प्युटर सीप परीक्षण ३९
परिच्छेद-७ ४०
अन्तर्वार्ता तथा सिफारिस ४०
७.१ अन्तर्वार्ता ४०
७.२ सिफारिस ४०
परिच्छेद-८ ४१
समावेशी पदपूर्ति ४१
८.१ समावेशी समूहतर्फ विज्ञापान र दरखास्त ४१
८.२ प्रदेश तथा स्थानीय तहको लिखित परीक्षामा उम्मेदवारको उपस्थिति ४२
८.३ समावेशी समूहतर्फ सिफारिस ४२
८.४ महिला तर्फ सिफारिस ४३
८.५ आदिवासी/जनजाति बाट सिफारिस ४३
८.६ मधेसी बाट सिफारिस ४४

| | |
|---|---|
| ८.७ दलित समूहबाट सिफारिस | ४४ |
| ८.८ अपाङ्गता भएका समूहबाट सिफारिस | ४५ |
| परिच्छेद-९ | ४६ |
| परामर्श, उजुरी र अदालती मुद्दा | ४६ |
| ९.१ कर्मचारी सेवाका सर्त सम्बन्धी कानूनका विषयमा परामर्श | ४६ |
| ९.२ विभागीय सजायका विषयमा परामर्श | ४६ |
| ९.३ सम्मानित अदालतमा विचाराधीन मुद्दा | ४६ |
| परिच्छेद-१० | ४७ |
| साङ्गठनिक सुधार | ४७ |
| १०.१ रणनीतिक योजना | ४७ |
| १०.२ परीक्षा प्रणालीमा सुधार | ४८ |
| १०.३ प्रविधिको प्रयोग | ४८ |
| १०.३.१ अनलाइन प्रणाली | ४८ |
| १०.३.२ वेवसाइट | ४८ |
| परिच्छेद-११ | ४९ |
| आयोगबाट सम्पादन भएका कामहरू | ४९ |
| ११.१ वार्षिक पदपूर्ति कार्यतालिका २०८०।८१ प्रकाशनः | ४९ |
| ११.२ आयोगको चौथो वार्षिक प्रतिवेदन प्रस्तुतः | ४९ |
| ११.३ पदपूर्ति सम्बन्धमा गरिएको निरीक्षणः | ४९ |
| ११.४ आयोगको चौथो वार्षिकोत्सव, २०८० | ५० |
| ११.५ प्रदेश लोक सेवा आयोगहरूको अनुभव आदान प्रदान तथा अन्तरक्रिया कार्यक्रम | ५० |
| ११.६ लोक सेवा आयोगहरूको चौथो राष्ट्रिय सम्मेलनः | ५० |
| ११.७ अन्तर प्रदेश लोक सेवा आयोगहरूको भ्रमणः | ५१ |
| ११.८ आयोगको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) | ५१ |
| परिच्छेद-१२ | ५२ |
| आयोगले जिम्मेवारी निर्वाहमा देखेका समस्याहरू | ५२ |
| १२.१ आयोगमा कर्मचारीको अभाव | ५२ |
| १२.३ सवारी साधन र पारिश्रमिक सुविधा | ५२ |

१२.४ पदपूर्तिमा भएका समस्याहरू ५२
१२.५ प्रदेश निजमती सेवा नियमावली र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली नहुँदा कामकारबाहीमा जटिलता ५३
परिच्छेद-१३ ५४
सुझाव तथा कार्यान्वयनको स्थिति ५४
अनुसूचीहरू ५८
अनुसूची-१ः सङ्गठन संरचना ५८
अनुसूची-२ः ५९
दरबन्दी तथा पदपूर्तिको अवस्था ५९
अनुसूची-३ः ६०
वि. सं. २०८० श्रावण १ गतेदेखि २०८१ असार मसान्तसम्म कार्यरत कर्मचारीको विवरण ६०
अनुसूची-४ः ६३
भौतिक स्रोत साधनको अवस्था ६३
अनुसूची-५ः ६४
विनियोजित बजेट र सो सम्बन्धी खर्चको विवरण ६४
अनुसूची-६ः ६५
आर्थिक विवरणहरू ६५
अनुसूची-७ः ७३
राजश्व र धरौटीको विवरण ७३
अनुसूची-८ः ७४
बेरुजु फछ्र्यौटको स्थिति ७४
अनुसूची-९ः ७५
शैक्षिक योग्यताको निर्धारण र पाठ्यक्रम निर्माणसम्बन्धी विवरण ७५
अनुसूची-१०ः ७८
प्रदेश निजामती सेवा तथा स्थानीय सेवाको आ.व. २०८०-८१ को संशोधित वार्षिक पदपूर्ति कार्यतालिका ७८
अनुसूची-११ः ७९
आ.व. २०८०/८१ मा भएका विज्ञापन सम्बन्धी विवरण ७९

आ.व. ०८०/८१ मा भएका जम्मा मागपदसङ्ख्या विवरण १११
अनुसूची-१२: ११२
दरखास्त दिने उम्मेदवारहरू र परीक्षामा सम्मिलित उम्मेदवारहरूको विस्तृत विवरण ११२
अनुसूची-१३: ११८
आ.व.२०८०/८१ मा लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनोट भएका उम्मेदवारको समावेशी विवरण ११८
अनुसूची-१४: १२४
अन्तर्वार्ता तथा सिफारिस सम्बन्धी विस्तृत विवरण १२४
अनुसूची-१५: १३६
प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश विपक्षीलाई विपक्षी बनाइएका सम्मानित सर्वोच्च अदालत र उच्च अदालतहरूमा विचाराधीन रहेका मुद्दाहरू सम्बन्धी जानकारी १३६
अनुसूची-१६: १४८
प्रदेश प्रमुख श्री यादवचन्द्र शर्मासमक्ष प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको चौथो वार्षिक प्रतिवेदन २०७९/८० प्रस्तुती १४८
अनुसूची-१७: १५५
लोक सेवा आयोगहरूको चौथो राष्ट्रिय सम्मेलनको घोषणापत्र १५५
अनुसूची-१८: १५९
बढुवा सिफारिस उपर उजुरीहरूको विवरण र निर्णयको संक्षिप्त व्यहोरा १५९
अनुसूची-१९: १७१
आयोगको कामकारवाहीका केही झलकहरू १७१

# परिच्छेद-१ः
# आयोगको गठन र कार्य क्षेत्र

## १.१ ऐतिहासिक पृष्ठभूमि

नेपालको संविधानको भाग २३ बमोजिम लोक सेवा आयोग र सात वटा प्रदेश लोक सेवा आयोग गरी मुलुकभर आठवटा लोक सेवा आयोगहरू स्थापना भएको हो।

नेपालको संविधानको धारा २४४ को उपधारा (१) मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था भएबमोजिम सङ्घीय सरकारको प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बमोजिमको आधार र मापदण्डलाई आत्मसात गर्दै आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बागमती प्रदेशको प्रदेश सभाबाट मिति २०७६ साल भाद्र २८ गते पारित भइ प्रदेश प्रमुखबाट मिति २०७६ साल असोज २८ गते प्रमाणीकरण भएको हो।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा (४) बमोजिम २०७६ साल मङ्सिर २ गते अध्यक्षको नियुक्तिसँगै प्रदेश लोक सेवा आयोगको गठन भएको र मिति २०७६ साल माघ ६ गते दुई जना सदस्यहरूको नियुक्तिपश्चात आयोगले पूर्णता पाएको हो।

बागमती प्रदेशको प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अनुसन्धान ब्यूरो, प्रदेश सँगठित संस्थाको सेवा तथा स्थानीय तहको सँगठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन प्रदेश लोक सेवा आयोगको स्थापना भएको हो।

## १.२ आयोगको गठन

प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ र प्रदेश लोक सेवा आयोग ऐन, २०७६ अनुसार आयोगमा कम्तीमा एक जना महिला सदस्य हुने गरी अध्यक्षसहित बढीमा तीन जना सदस्यहरू रहेन प्रावधान छ। प्रदेश मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सभाका सभामुख र प्रदेश सभाका विपक्षी दलको नेता रहेको सिफारिस समितिले समानुपातिक समावेशी सिद्धान्तका आधारमा अध्यक्ष र सदस्यको पदमा नियुक्तिको लागि सिफारिस गर्नुपर्ने व्यवस्था रहेको छ। समितिको सिफारिसको आधारमा प्रदेश प्रमुखबाट अध्यक्ष र सदस्यको नियुक्ति हुने गर्दछ। आयोगका सदस्यहरूमध्ये कम्तीमा एकजना सदस्य बीस वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा

रहेका व्यक्तिहरूमध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याति प्राप्त व्यक्तिहरूमध्येबाट नियुक्त हुने प्रावधान छ। अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुने व्यवस्था छ। देहायका योग्यता भएको नेपाली नागरिक अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि योग्य हुनेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) अध्यक्षको हकमा पैंतालीस वर्ष र सदस्यको हकमा पैंतीस वर्ष उमेर पूरा भएको,

(घ) उच्च नैतिक चरित्र भएको।

### १.३ आयोगको काम, कर्तव्य र अधिकार

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० मा व्यवस्था भए बमोजिम आयोगको काम, कर्तव्य र अधिकार निम्न अनुसार रहेको छः

१. प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा वा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ।

२. प्रदेश प्रहरी सेवा र प्रदेश अनुसन्धान ब्युरोको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ।

३. प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवामा, स्थानीय सरकारी सेवा वा स्थानीय तहको सङ्गठित संस्थाको सेवामा स्थायी नियुक्ति गर्दा आयोगको परामर्श लिनु पर्नेछ।

४. प्रदेश सरकार वा स्थानीय तहबाट निवृत्तिभरण पाउने पदमा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन।

५. देहायका विषयमा आयोगको परामर्श लिनु पर्नेछः-

  (क) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवाको पद र स्थानीय सरकारी सेवाको पदमा छ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ख) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा कर्मचारीको सेवा, सर्त सम्बन्धी कानूनको विषयमा,

(ग) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्ति,बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(घ) प्रदेश प्रहरी सेवा र प्रदेश अनुसन्धान ब्युरोको पदमा नियुक्ति तथा बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ङ) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा वा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(च) आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा,

(छ) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा वा स्थानीय सरकारी सेवाको कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा।

(६) आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्य वा प्रदेश सरकारको कर्मचारीलाई तोकिएको सर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(७) आयोगको अन्य काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुनेछ।

## १.४ प्रतिवेदन

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११२ र प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को नियम ५४ मा आयोगले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रदेश प्रमुख समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेको छ। यसरी पेस भएको वार्षिक प्रतिवेदन मुख्यमन्त्री मार्फत प्रदेश सभामा पेस हुने र पेस भएको वार्षिक प्रतिवेदनमाथि प्रदेश मामिला समितिमा छलफल हुने प्रावधान रहेको छ। सोही बमोजिम आयोगले यो प्रतिवेदन तयार गरेको छ।

# परिच्छेद-२
# आयोगको कार्यसम्पादनका आधारहरू

## २.१ संस्थागत प्रबन्ध

### २.१.१ संविधान

नेपालको संविधानको भाग २३ को धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था गरेको छ। प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने र यसका लागि सङ्घीय संसदले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था रहेको छ।

### २.१.२ कानूनहरू

प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी आधार र मापदण्ड निर्धारण गरी प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन सङ्घीय संसदले प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बनाएको हो। यसैका आधारमा बागमती प्रदेश सभाले प्रदेश लोक सेवाको कार्यसम्पादनलाई प्रभावकारी बनाउनका लागि प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई कार्यान्यिवनमा ल्याएको छ । यो ऐनले दिएको अधिकारी प्रयोग गरी आयोगले प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ बनाई कार्यान्वयनमा ल्याएको छ। आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा प्रयोग गर्ने हाल प्रचलित मुख्य कानून, मापदण्ड एवम् कार्यविधिहरूको सूची देहाय अनुसार छः

- नेपालको संविधान
- प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड) ऐन, २०७५
- कर्मचारी समायोजन ऐन, २०७५
- निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०
- प्रदेश लोक सेवा आयोग ऐन, २०७६ तथा प्रदेश लोक सेवा आयोग नियमावली, २०७६
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५
- विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरू
- प्रदेश निजामती सेवा ऐन, २०७९

- स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९
- प्रदेश लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरूको आचारसंहिता, २०७६
- प्रदेश लोक सेवा आयोगका समय–समयका निर्णयहरू
- लोक सेवा आयोगबाट प्रतिपादित विभिन्न सिद्धान्त एवम् प्रचलित मापदण्डहरू
- लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित ऐन, नियम र निर्देशिकाहरू।

## २.२ सङ्गठनात्मक संरचना र कार्यक्षेत्र

प्रदेश लोक सेवा आयोगको केन्द्रिय कार्यालय बागमती प्रदेशको राजधानी हेटौंडामा स्थापना गरिएको छ। साथै आयोगको कामकारबाहीलाई सहज तथा सरल बनाउनका लागि प्रदेशका अन्य जिल्लाहरू खासगरी काठमाडौं उपत्यकामा पनि शाखा कार्यालय वा सम्पर्क कार्यालयको स्थापना गर्ने योजना यस आयोगले बनाएको थियो। आयोग स्थापना भएको ४ वर्ष ८ महिना व्यतित भइसक्दा पनि आयोग समक्ष संरचनागत र मानव संसाधन परिपूर्ति गर्ने चुनौती यधपि कायमै छ।

बागमती प्रदेश सरकारबाट मिति २०८०/०६/१५ मा स्वीकृत आयोगको स्थायी सङ्गठन संरचना र दरबन्दी बमोजिम आयोगमा ११ औं तहको अधिकृत सचिव रहने व्यवस्था सहित ४२ जनाको दरबन्दी स्वीकृत भएको छ। यस आयोगमा प्रशासन तथा अनुगमन महाशाखा, परीक्षा महाशाखा र नतिजा प्रकाशन तथा सिफारिस महाशाखा गरी जम्मा तीन वटा महाशाखा रहेका छन्। प्रशासन तथा अनुगमन महाशाखा अन्तर्गत प्रशासन तथा अनुगमन शाखा, जिन्सी इकाई, दर्ता चलानी तथा सहायता कक्ष, कानून शाखा, आर्थिक प्रशासन शाखा, सूचना प्रविधि शाखा छन भने परीक्षा महाशाखा अन्तर्गत पाठ्यक्रम तथा परीक्षण प्रविधि शाखा, परीक्षा सञ्चालन शाखा, लिखित परीक्षा नतिजा तयारी शाखा पर्दछन। नतिजा प्रकाशन तथा सिफारिस महाशाखा अन्तर्गत प्रश्नपत्र परिमार्जन शाखा, लिखित परीक्षा नतिजा प्रकाशन शाखा, अन्तर्वार्ता तथा सिफारिस शाखा रहेका छन्। आयोगको सङ्गठन संरचना र दरबन्दी सम्बन्धी विस्तृत विवरण अनूसूची १ मा उल्लेख गरिएको छ।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ र प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ बमोजिम बागमती प्रदेश अन्तर्गत रहेका विभिन्न मन्त्रालय तथा निकायहरू, स्थानीय तहहरू, प्रदेश प्रहरी, प्रदेश अनुसन्धान ब्युरो, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवामा पदपूर्ति गर्ने कार्यक्षेत्र रहेको छ।

## २.३ आयोगबाट कार्यसम्पादन हुँदा अवलम्बन गरिने सिद्धान्तहरू

### २.३.१ योग्यताको सिद्धान्त (Principle of Merit)

सम्बन्धित पदको कार्यसम्पादन गर्न आवश्यक पर्ने ज्ञान, सीप, मनोभाव आदिको परीक्षण गर्ने गरी पाठ्यक्रम निर्माण हुने र सोही पाठ्यक्रम बमोजिम परीक्षा सञ्चालन हुने हुँदा नियुक्तिका लागि सिफारिस हुने उम्मेदवार सो पदको कार्यसम्पादन गर्नका लागि योग्य हुने विश्वास गरिन्छ। आयोगबाट सञ्चालन हुने परीक्षाहरूमा उच्चतम अङ्क प्राप्त गरी अग्रस्थानमा रहेका उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गरिन्छ।

### २.३.२ गोपनीयताको सिद्धान्त (Principle of Confidentiality)

परीक्षा प्रणालीलाई पूर्णतः विश्वसनीय बनाउने र सरकारी सेवामा योग्य व्यक्तिहरूको भर्ना सुनिश्चित गर्ने प्रयोजनको लागि पदपूर्ति प्रक्रियाका विभिन्न चरणहरूमा आयोगले गोपनीयता कायम राख्दछ। आयोगबाट लिइने विभिन्न परीक्षाका प्रश्नपत्रहरूको निर्माण, परिमार्जन र छनोटको कार्य पूर्ण गोप्य रहन्छ। आयोगको अनलाइन डाटावेसमा रहेका व्यक्तिगत सूचनाहरू गोप्य रहेको सुनिश्चित गरिन्छ।

### २.३.३ स्वच्छताको सिद्धान्त (Principle of Fairness)

आयोगका सम्पूर्ण काम कारबाहीहरूमा इमान्दारिता, जिम्मेवारीपन, विश्वसनीयता र उत्तरदायित्व सुनिश्चित गरिन्छ। आयोगले लिने निर्णयहरू र आयोगबाट सञ्चालन हुने क्रियाकलापलाई स्वच्छ र वस्तुपरक बनाउन आवश्यक संस्थागत, संरचनागत एवं कार्यविधिगत प्रबन्ध गरिन्छ ।

### २.३.४ निष्पक्षताको सिद्धान्त (Principle of Impartiality)

योग्यता प्रणालीको संरक्षक तथा प्रवर्द्धकका रूपमा स्थापित यस आयोगका निर्णय र परीक्षासम्बन्धी कामकारबाहीहरूबाट कोही कसैलाई अन्याय नहुनेमा पूर्ण सजगता अपनाइन्छ भने कुनैपनि ढङ्गले कसैलाई पनि पक्षपात गरिँदैन। आयोगका निर्णयहरू पूर्वाग्रहरहित हुन्छन् । आयोगले परीक्षा सम्बन्धी कामकारबाहीमा भनसुन तथा दबाब जस्ता क्रियाकलापलाई अस्वीकार गरी स्वच्छ प्रतिस्पर्धाका आधारमा सबल र सक्षम व्यक्तिलाई सिफारिस गरिन्छ।

### २.३.५ समावेशीताको सिद्धान्त (Principle of Inclusiveness)

पदपूर्तिका लागि आयोगमा माग भइ आएका पदहरूमा प्रदेश सरकारको समावेशीकरण नीति बमोजिम प्रतिशत निर्धारण गरी सम्बन्धित समूहका उम्मेदवार बीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिन्छ।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम अन्तर्वार्ता समिति गठन गर्दा समावेशी सहभागिता सुनिश्चित गर्ने प्रावधान रहेको छ।

### २.३.६ समान अवसरको सिद्धान्त (Principle of Equal Opportunity)

आयोगबाट हुने विज्ञापनमा सम्बन्धित पदका लागि योग्यता पुग्ने नेपाली नागरिकको पहुँच सुनिश्चित गर्न आवश्यक प्रबन्ध मिलाइन्छ। योग्यता पुगेका सबै सम्भाव्य नेपाली नागरिकहरूलाई कानून बमोजिम खुला एवम् समावेशी विधिबाट परीक्षामा सहभागी गराई प्रतिस्पर्धात्मक माध्यमबाट छनोट हुने समान अवसर प्रदान गरिन्छ।

### २.३.७ द्विअन्ध सिद्धान्त (Principle of Double Blind)

आयोगले पदपूर्ति प्रक्रियाको कुनै एक गोप्य चरणमा संलग्न हुने पदाधिकारी, विज्ञ वा कर्मचारीलाई सो प्रक्रियाको अन्य चरणमा संलग्न गराइँदैन र जानकारी समेत दिइँदैन। उत्तरपुस्तिका परीक्षण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण गरेको, थाहा नपाउने विधि अवलम्बन गरिन्छ। प्राप्ताङ्क तालिकीकरण गर्ने कर्मचारी कुन प्राप्ताङ्क कसको हो भन्ने बारेमा पूर्णतः अनभिज्ञ रहन्छ। पहिलो कोडिङमा संलग्न व्यक्ति दोस्रो कोडिङमा सहभागी हुन नसक्ने व्यवस्था गरिन्छ। अन्तर्वार्ता समितिका सदस्यहरू अन्तर्वार्ता दिँदै गरेको उम्मेदवारको लिखित परीक्षाको प्राप्ताङ्कका बारेमा पूर्णतः अनभिज्ञ हुन्छन। त्यस्तै आयोगका हरेक महाशाखाहरूलाई विशिष्टीकृत जिम्मेवारी प्रदान गरिएको हुन्छ। कुनै एक शाखा वा महाशाखाको काममा अर्को शाखा वा महाशाखाको पहुँच नहुने गरी कार्यव्यवस्था मिलाइएको हुन्छ।

### २.३.८ परिचय-शून्यताको सिद्धान्त (Principle of Identity Masking)

लिखित परीक्षा सकिएपछि आयोगले उत्तरपुस्तिका परीक्षण गराउनु अगावै उम्मेदवारले उत्तरपुस्तिकामा लेखेको सबै व्यक्तिगत विवरणहरूलाई दोहोरो कोडिङ गरी उत्तर पुस्तिकाबाट अलग गराई कोड परिचय कायम गरिन्छ। यसो गर्दा विज्ञ तथा कर्मचारीले उक्त उत्तरपुस्तिका कसको हो भन्ने कुरा थाहा पाउँदैनन्। यसबाट उत्तरपुस्तिकाको निष्पक्ष र निर्वैयक्तिक परीक्षण सुनिश्चित हुन्छ। त्यस्तै उत्तरपुस्तिका परीक्षण पश्चात वैयक्तिक पहिचानविहीन रूपमा प्राप्ताङ्कको तालिका तयार पारिन्छ। अन्तर्वार्ता लगायत छनोट प्रक्रियाका सम्पूर्ण परीक्षाका अङ्कहरू एकीकृत गरेपश्चात् मात्र छनोट हुने उम्मेदवारको वैयक्तिक पहिचान विसङ्केतीकरण प्रक्रिया मार्फत पत्ता लगाइन्छ।

### २.३.९ असंलग्नता सिद्धान्त (Principle of Non-Involvement)

आयोगबाट सञ्चालन हुने परीक्षा सम्बन्धी कार्यहरूमा आयोगका पदाधिकारी, कर्मचारी वा विज्ञका परिवारका सदस्य वा नातेदार व्यक्ति सहभागी हुने भएमा उक्त परीक्षाका सबै चरणमा पदाधिकारी, कर्मचारी वा विज्ञलाई सहभागी गराइँदैन । यसबाट आयोगको कामकारबाहीमा निष्पक्षता कायम भइ योग्यता प्रणालीको संरक्षण र प्रवर्द्धन हुने देखिन्छ।

## २.४ कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह

प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश, बागमती प्रदेशभित्रका सरकारी सेवामा योग्य व्यक्तिको छनोट गरी योग्यता प्रणालीको संरक्षण र प्रवर्द्धन गर्न नेपालको संविधान बमोजिम स्थापना भएको संवैधानिक निकाय हो। बागमती प्रदेशको प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय तहको सङ्गठित संस्थाको सेवाको विभिन्न पदहरूमा उपयुक्त उम्मेदवार छनोट गर्नको लागि आयोगले अवलम्बन गर्ने कार्य प्रक्रिया देहायबमोजिम उल्लेख गरिएको छः

### २.४.१ वार्षिक कार्यतालिका

आयोगले हरेक आर्थिक वर्षमा वार्षिक कार्यतालिका सार्वजनिक गर्ने नीति लिएको छ। प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र प्रदेश प्रहरी, प्रदेश अनुसन्धान ब्युरो तथा स्थानीय तहका अन्य सङ्गठित संस्थाका लागि आयोगबाट प्रत्येक आर्थिक वर्षका लागि पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका तयार गरी लागू गरिने छ। जसबाट आयोगको पदपूर्ति सम्बन्धी कामकारबाहीलाई प्रभावकारी, कार्यक्षमतापूर्ण र मितव्ययी बनाउन मद्धत पुग्ने देखिन्छ।यस आ.व. २०८०/०८१ का लागि आयोगले मिति २०८०/०४/०१ मा आफ्नो वार्षिक पदपूर्ति कार्यतालिका सार्वजनिक गरेको थियो र प्रदेश सरकारको अनुरोधमा मिति २०८०/०७/१९ गते संशोधित कार्यतालिका प्रकाशन गरिएको।

### २.४.२ विज्ञापन प्रकाशन

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको हकमा कार्यतालिकामा निर्धारित समयमा सम्बन्धित मन्त्रालय, निर्देशनालय र कार्यालयले रिक्त दरबन्दी अनुसारको पद, सेवा, समूह, उपसमूह र तह समेत खुल्ने गरी माग आकृति फाराम भरी पठाएपछि आयोगले कानून बमोजिम प्रतिशत निर्धारण गरी बढुवा, आन्तरिक प्रतियोगिता, खुला तथा समावेशी समूहहरूमा पदसङ्ख्या छुट्याई लिखित परीक्षा हुने मिति र समय निर्धारण गरी आयोगले विज्ञापन/सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्दछ। यस्तो सूचना/विज्ञापन राष्ट्रियस्तरको दैनिक पत्रिका तथा आयोगको वेबसाइटबाट समेत प्रकाशन गरिन्छ।

### २.४.३ दरखास्त सङ्कलन

विज्ञापन प्रकाशन भएपछि सूचनामा दिइएको म्यादभित्र प्रदेश निजामती सेवा र स्थानीय सेवा तर्फका खुला तथा आन्तरिक प्रतियोगिताका विज्ञापनमा अनलाइन मार्फत दरखास्त सङ्कलन गरिन्छ भने बढुवातर्फका दरखास्त फाराम आयोगका कार्यालयमा नै बुझाउनुपर्दछ।

### २.४.४ लिखित परीक्षा

विज्ञापन प्रकाशन भएसँगै विज्ञापन भएका पदहरूको परीक्षा सञ्चालनको लागि विज्ञहरूको सेवा लिई प्रश्नपत्रहरू तयार गरिन्छ। सङ्केतका आधारमा विज्ञहरूबाट कच्चा प्रश्नपत्रहरू निर्माण गराइन्छ र प्राप्त कच्चा प्रश्नपत्रहरूको विज्ञबाट परिमार्जन गरी परीक्षामा प्रयोग हुने प्रश्न सेटहरू तयार गरी सिलवन्दी गरिन्छ। प्रश्नपत्र परिमार्जन गर्ने विज्ञलाई कच्चा प्रश्नपत्र निर्माण कुन विज्ञबाट गराइएको हो भन्ने जानकारी हुँदैन। दक्ष विज्ञबाट परिमार्जन भएका प्रश्नका सिलवन्दी सेटहरू मध्येबाट आयोगका अध्यक्षले तोकिदिएको प्रश्न सेटको प्रयोग गरी आयोगले विज्ञापन भएका पदहरूको लिखित परीक्षा तोकिएको मिति र समयमा सञ्चालन गर्दछ।

### २.४.५ उत्तरपुस्तिका सङ्केतीकरण र परीक्षण

लिखित परीक्षा सञ्चालन भएपछि सम्बन्धित उम्मेदवारहरूको उत्तरपुस्तिकामा अलग अलग जनशक्तिले दुई अलग चरणमा प्रथम र द्वितीय सङ्केत नम्बर राखी सङ्केतीकरण गरिन्छ र उम्मेदवारको व्यक्तिगत विवरण भएको भागलाई उत्तरपुस्तिकाबाट अलग गरी सिलबन्दी रूपमा अलग अलग स्थानमा राखिन्छ। यसरी सङ्केतीकरण भइसकेपछि आयोगले तोकेको पदाधिकारीबाट सम्बन्धित विषय विज्ञ मनोनयन गरी उत्तरपुस्तिका परीक्षण गराइन्छ।

### २.४.६ लिखित परीक्षा नतिजा, अन्तर्वार्ता र सिफारिस

विज्ञहरूबाट उत्तरपुस्तिका परीक्षण गराई उम्मेदवारले प्राप्त गरेको प्राप्ताङ्क तथा माग पद सङ्ख्याको तुलनामा आयोगको प्रदेश लोक सेवा आयोग ऐन तथा नियमावलीमा उल्लखित व्यवस्थाका आधारमा माग पदभन्दा निश्चित थप सङ्ख्यामा सम्बन्धित विज्ञापनमा अधिकतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूको सङ्केत नम्बरका आधारमा नतिजा स्वीकृत गरी नतिजामा समावेश भएका सङ्केत नम्बर मात्र नतिजा प्रकाशन गर्न अर्को शाखामा पठाइन्छ र सो शाखाबाट नाम डिकोड गरी नामको वर्णानुक्रमका आधारमा लिखित परीक्षाको नतिजा प्रकाशन गरिन्छ। प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको हकमा लिखित परीक्षा नतिजा प्रकाशन गरी अन्तर्वार्ता तथा अन्य परीक्षा कार्यक्रम प्रकाशन गर्न सम्बन्धित निकायमा पठाइन्छ। प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको हकमा लिखित परीक्षामा छनोट भएका

उम्मेदवारहरूको अन्तर्वार्ता एवम् सम्बन्धित पदको पाठ्यक्रम योजना बमोजिमका प्रयोगात्मक परीक्षासमेतको परीक्षा सञ्चालन हुन्छन्। यसरी अन्तर्वार्ता, लिखित परीक्षा लगायत उक्त सबै परीक्षामा प्राप्त अङ्क जोडी कुल योगका आधारमा अधिकतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूलाई स्थायी नियुक्तिको लागि सिफारिस गरिन्छ।

## २.५ कार्यविभाजन र अधिकार प्रत्यायोजन

आयोगले सम्पादन गर्नुपर्ने कामको कार्य विभाजन आयोगको निर्णय बमोजिम हुने व्यवस्था प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १३ मा रहेको छ। आयोगले संविधान, यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा अन्य प्रचलित कानून बमोजिम आफूलाई प्राप्त काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगले तोके बमोजिमको सर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी कुनै सदस्य, सदस्यहरूको समिति, आयोगको कुनै कार्यालय वा कर्मचारी वा प्रदेश सरकारको अन्य कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११५ को उपदफा (१) मा गरिएको छ।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १३ बमोजिम आन्तरिक कार्यसम्पादनका लागि अध्यक्ष तथा सदस्यहरूको कार्य विभाजन तालिका नं. १ मा उल्लेख गरिएको छ।

**तालिका नं. १**

**आन्तरिक कार्य विभाजन**

| क्र.सं. | पदाधिकारीको नाम | जिम्मेवारी |
|---|---|---|
| १ | अध्यक्ष, सुरेशमान श्रेष्ठ | • प्रशासन तथा सूचना प्रकाशन<br>• आर्थिक प्रशासन<br>• प्रश्नपत्र परिमार्जन<br>• अन्तर्वार्ता तथा सिफारिस |
| २ | सदस्य सुदर्शन प्रसाद ढकाल | • नीति नियम तथा कानून<br>• परीक्षा सञ्चालन<br>• लिखित परीक्षा नतिजा प्रकाशन<br>• निरीक्षण तथा अनुगमन<br>• प्रशासन, इन्जि, वन सेवाको बढुवा समितिको अध्यक्ष |
| ३ | सदस्य शर्मिला नेउपाने | • पाठ्यक्रम तथा परीक्षण प्रविधि<br>• सूचना प्रविधि<br>• लिखित परीक्षा नतिजा तयारी<br>• कृषि, शिक्षा, स्वास्थ्यको बढुवा समितिको अध्यक्ष |

<u>चित्र नं.१: पदपूर्ति सम्बन्धी कार्यप्रवाह</u>



# परिच्छेद-३

# प्रशासनिक तथा वित्तीय स्थिति

## ३.१ बैठक तथा निर्णय

आर्थिक वर्ष २०८०/०८१ को अवधिमा कुल ३४ वटा निर्णयहरू भएका छन्। आयोगको निर्णय सङ्ख्या तथा तिनको विषयगत वर्गीकरण तालिका २ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २**

**आयोगका निर्णयहरूको विषयगत विवरण**

| क्र.स. | विषय | निर्णय मिति | कैफियत |
|---|---|---|---|
| १ | एघारौं तह स्वास्थ्य सेवा बढुवा उजूरी सम्बन्धमा । | २०८०/०४/०९ | |
| २ | लिखित परीक्षाको नतिजा प्रकाशन सम्बन्धमा । | २०८०/०५/११ | |
| ३ | निरीक्षण प्रतिवेदन सम्बन्धमा | २०८०/०५/११ | |
| ४ | लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको अन्तर्वार्ता सञ्चालन गर्ने स्थान सम्बन्धमा । | २०८०/०५/२६ | |
| ५ | उत्तरपुस्तिका सम्बन्धमा । | २०८०/०५/२७ | |
| ६ | दरखास्त, परीक्षा रद्द गरी अन्तर्वार्ता सूचिबाट हटाउने सम्बन्धमा | २०८०/०६/०२ | |
| ७ | सामूहिक छलफल र अन्तर्वार्ता कार्यक्रम तोक्ने सम्बन्धमा । | २०८०/०६/०४ | |
| ८ | सामूहिक छलफल तथा समस्या समाधानमुलक मामिला अध्ययन प्रस्तुतिकरण सञ्चालन गर्ने मापदण्ड सम्बन्धमा | २०८०/०६/०७ | |
| ९ | एघारौं तहको बढुवा सम्बन्धमा अ.दु.अ.आ हेटौंडामा परेको उजूरी सम्बन्धमा । | २०८०/०६/०७ | |
| १० | एघारौं तहको विज्ञापन सम्बन्धमा | २०८०/०६/१० | |
| ११ | आयोगको वार्षिक कार्यतालिका संसोधन सम्बन्धमा | २०८०/०७/१९ | |
| १२ | अग्रिम कम्प्युटर सिप परीक्षण तथा अन्तर्वार्ता कार्यक्रम सम्बन्धमा | २०८०/०८/१२ | |
| १३ | प्रदेश निजामती सेवा नियमावली मस्यौदा उपर आयोगको परामर्श सम्बन्धमा | २०८०/०९/०५ | |
| १४ | आ.व २०८०/०८१ को विज्ञापन सम्बन्धमा नीतिगत निर्णय | २०८०/०९/०५ | |

| क्र.स. | विषय | निर्णय मिति | कैफियत |
|---|---|---|---|
| १५ | प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका विभिन्न सेवा समूहको अधिकृत नवौं तहको प्राविधिक तथा अप्राविधिक पदहरूको विज्ञापन सम्बन्धमा | २०८०/०९/०८ | |
| १६ | करारमा पदपूर्ती सम्बन्धमा परामर्श | २०८०/०९/१६ | |
| १७ | विज्ञापन नवौं र सातौंका सम्बन्धमा संशोधन सम्बन्धी सूचना | २०८०/०९/१६ | |
| १८ | दरखास्त स्विकृत गर्ने सम्बन्धमा | २०८०/१०/०५ | |
| १९ | परीक्षा मिति र समय संसोधन सम्बन्धमा | २०८०/१०/०५ | |
| २० | पाँचौं तहको विज्ञापन प्रकाशन सम्बन्धमा | २०८०/१०/०७ | |
| २१ | विज्ञापन रद्द, पाठ्यक्रम स्विकृति तथा अन्तर्वार्ता मिति र परीक्षा मिति संसोधन सम्बन्धमा। | २०८०/१०/१६ | |
| २२ | विज्ञापन रद्द तथा पदथप सम्बन्धमा | २०८०/१०/२३ | |
| २३ | वन सेवाको एघारौं तह र स्वास्थ्य सेवाको नवौं आठौं र सातौं तहको विज्ञापन सम्बन्धमा | २०८०/११/१३ | |
| २४ | जिम्मेवारी बाँडफाँड सम्बन्धमा । | २०८०/१२/०४ | |
| २५ | अग्रिम अन्तर्वार्ता सम्बन्धमा | २०८०/१२/०६ | |
| २६ | बढुवा समितिको सचिवालयलाई निर्देशन सम्बन्धमा | २०८०/१२/२६ | |
| २७ | अग्रिम अन्तर्वार्ता सम्बन्धमा | २०८१/०१/०२ | |
| २८ | परीक्षार्थीलाई कारवाही सम्बन्धमा | २०८१/०१/०३ | |
| २९ | छुट अन्तर्वार्ता सम्बन्धमा | २०८१/०१/०३ | |
| ३० | परीक्षा केन्द्र तथा समय सम्बन्धमा | २०८१/०१/०३ | |
| ३१ | अन्तर्वार्ता सिफ्ट परिवर्तन सम्बन्धमा | २०८१/०१/०५ | |
| ३२ | चित्र आकृतीको अंक प्रदान गर्ने सम्बन्धमा | २०८१/०२/३० | |
| ३३ | परीक्षार्थीलाई कारवाही सम्बन्धमा | २०८१/०३/०७ | |
| ३४ | एघारौं तहको विज्ञापन प्रकाशन गर्ने सम्बन्धमा | २०८१/०३/०७ | |

## ३.२ आयोगको दरबन्दी र पदपूर्ति

बागमती प्रदेश सरकारबाट स्वीकृत दरबन्दी अनुसार प्रदेश लोक सेवा आयोगको कार्यालयमा कुल ४२ जना कर्मचारीहरूको दरबन्दी रहेको छ । जसमा अधिकृतस्तर १७, सहायकस्तर १३ र तह विहीन १२ दरबन्दी पर्दछन् । आयोगको सङ्गठन संरचना अनुसूची १ मा, दरबन्दी तथा पदपूर्तिको

अवस्था अनुसूची २ मा र वि.सं. २०८० श्रावण १ गतेदेखि २०८१ असार मसान्तसम्म कार्यरत कर्मचारीको विवरण अनुसूची ३ मा उल्लेख गरिएको छ ।

### ३.३ भौतिक अवस्था

आयोगको आफ्नै घर जग्गा व्यवस्थातर्फ प्रदेश सरकारले सोच्नु पर्ने अवस्था छ, जसबाट आयोगको अन्य भौतिक संरचना र गतिविधिमा सहजता हुनेछ। आयोगको भौतिक स्रोत साधनहरूको अवस्था अनुसूची ४ मा उल्लेख गरिएको छ।

### ३.४ क्षमता विकास

आयोगले आयोगमा कार्यरत कर्मचारीहरूको क्षमता विकासका लागि कर्मचारीहरूलाई सेवाकालीन तालिमका अवसरका साथसाथै कार्यसम्पादन सम्बन्धी छोटो र लामो अवधिका तालिम तथा गोष्ठीहरू सञ्चालन गर्ने नीति लिएको छ। साथै आयोगले आयोगमा दक्ष/विज्ञहरूका लागि सन्दर्भ सामग्री समेत हुने गरी विभिन्न महत्वपूर्ण पुस्तकहरू एवं महत्वपूर्ण प्रकाशनहरू संङ्ग्रहित गरी राखिएका छन्।

### ३.५ निरीक्षण

संविधान, ऐन, नियमावली र प्रचलित कानून तथा आयोगले समय समयमा तोकेको कार्यविधि र सर्तबमोजिम नियुक्ति, बढुवा र विभागीय कारबाही भएको छ, छैन भन्ने सम्बन्धमा आयोगले प्रदेश सरकारका विभिन्न मन्त्रालय, विभाग, निर्देशनालय र कार्यालय, स्थानीय तह, प्रदेश अन्य सरकारी सेवा सञ्चालन गर्ने निकाय, प्रदेश सँगठित संस्था र स्थानीय तहको सङ्गठित संस्थाको निरीक्षण गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। ती निकायहरूबाट भए गरेका नियुक्ति, बढुवा तथा विभागीय कारबाहीसम्बन्धी कार्यहरू प्रचलित कानून अनुकूल हुनेगरी परिपालना गराउन आयोगको निरीक्षण कार्यले महत्वपूर्ण भूमिका खेल्ने गर्दछ। कार्यालयहरूको निरीक्षण गर्ने क्रममा उक्त निकायहरूको दरबन्दी संरचना, पूर्ति भएका र रिक्त दरबन्दी, पदपूर्तिका किसिमहरू, अस्थायी, करार तथा ज्यालादारीमा भएका नियुक्तिहरू, आयोगबाट अवलम्बन गरिएको सिद्धान्त अनुसार कर्मचारीको पदस्थापना, नियुक्ति भए/नभएको लगायतका विषयहरूलाई आधार मानिन्छ ।

### ३.६ बजेट, निकासा र खर्च

आर्थिक वर्ष २०८०/८१ को लागि विभिन्न शीर्षकहरूमा विनियोजित बजेट र सो सम्बन्धी खर्चको विवरण अनुसूची ५ मा प्रस्तुत गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा चालू तर्फ ६४.२४

प्रतिशत र पुँजीगत तर्फ ३१.९६ प्रतिशत खर्च भएको छ। आ.व. २०८०/८१ को आयोगको आर्थिक विवरण अनुसूची-६ मा प्रस्तुत गरिएको छ ।

### ३.७ राजस्व र धरौटी

आर्थिक वर्ष २०८०/८१ मा आयोगबाट जम्मा रु.१०,७८,११,०२५.००(अक्षरुपी दश करोड अठहत्तर लाख एघार हजार पच्चिस मात्र) राजश्व सङ्कलन भएको छ। त्यस्तै आयोगमा जम्मा रु. ४,४३,७११.०० (अक्षरुपी चार लाख त्रिचालिस हजार सात सय एघार रुपैयाँ) धरौटी मौज्दात रहेको छ। राजश्व र धरौटीको विवरण अनुसूची ७ मा उल्लेख गरिएको छ।

### ३.८ बेरुजु

प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको आर्थिक वर्ष २०८०/८१ सम्मको कुल बेरुजु र फछ्र्यौट सम्बन्धी विवरण अनुसूची ८ मा प्रस्तुत गरिएकोछ।

# परिच्छेद-४

# परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम

## ४.१ परीक्षण प्रविधि

व्यक्तिले हासिल गरेको शैक्षिक योग्यताको स्तर र क्षेत्रलाई सार्वजनिक सेवाको पदमा उम्मेदवार बन्ने न्यूनतम सर्तका रूपमा लिइन्छ। पदपूर्ति गर्नुपर्ने सङ्गठन विशेष वा काम विशेषलाई दृष्टिगत गर्दै त्यसका लागि आवश्यक पर्ने ज्ञान, सीप, मनोवृत्ति र व्यवहार शैलीको परीक्षण गर्ने गरी परीक्षण प्रविधिको विकास गरिन्छ। निश्चित पदमा नभइ तह विशेषका लागि कर्मचारी भर्ना हुने भएकोले प्रदेश निजामती लगायत विभिन्न सार्वजनिक सेवामा कर्मचारी छनोट गर्दा पद विशेषको भन्दा सेवा/समूह विशेषका साझा गुणहरूको परीक्षण गर्ने गरी विभिन्न परीक्षण प्रविधिहरूको प्रयोग गर्ने गरिन्छ।

## ४.२ शैक्षिक योग्यता र पाठ्यक्रम

प्रदेश निजामती सेवा तथा स्थानीय तहका विभिन्न सेवा, समूह, उपसमूह, तहका पदहरूको शैक्षिक योग्यता निर्धारण र पाठ्यक्रम निर्माण गरिएको छ। यसको विस्तृत विवरण अनुसूची ९ मा उल्लेख गरिएको छ ।

# परिच्छेद-५

# विज्ञापन र दरखास्त

## ५.१ पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका

प्रदेश लोक सेवा आयोगले सार्वजनिक सेवाका विभिन्न पदहरूमा पदपूर्ति सम्बन्धी क्रियाकलापहरूको आर्थिक वर्षभरि सम्पादन हुने कार्यहरू समेटिएको वार्षिक कार्यतालिका सम्बन्धित आर्थिक वर्षको पहिलो दिन सार्वजनिक गर्ने नीति लिएको छ। आयोगका पदपूर्ति सम्बन्धी सम्पूर्ण काम कारबाहीहरू सोही कार्यतालिकामा आधारित भइ सञ्चालन गरिन्छ। वार्षिक कार्यतालिकामा प्रतिशत निर्धारण, विज्ञापन प्रकाशन, लिखित परीक्षा सञ्चालन, अन्तर्वार्ता तथा सिफारिस लगायतका क्रियाकलापहरू समावेश गरिएका हुन्छन्। आयोगले प्रकाशन गरेका आ.व. २०८०/०८१ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिकाहरू अनुसूची १० मा समावेश गरिएको छ।

## ५.२ प्रतिशत निर्धारण

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवामा रिक्त रहेका पदहरूमा पदपूर्तिका लागि रिक्त भएको एक महिना भित्र सम्बन्धित सेवा सञ्चालन गर्ने मन्त्रालयहरू तथा स्थानीय तहहरूले प्रदेश लोक सेवा आयोगमा माग गरी पठाउनु पर्ने व्यवस्था रहेको छ। यसरी पदपूर्तिको लागि माग प्राप्त भएपछि कुल रिक्त पदहरूमध्ये के कति पद कुन विधिबाट पूर्ति गर्ने भन्ने विषयमा सम्बन्धित सेवा सम्बन्धी कानूनका आधारमा प्रदेश लोक सेवा आयोगबाट प्रतिशत निर्धारण गरिन्छ। आर्थिक वर्ष २०८०/०८१ मा विभिन्न सेवा सञ्चालन गर्ने नेपाल सरकारका प्रदेश मन्त्रालय तथा स्थानीय तहहरूबाट प्राप्त मागहरूलाई प्रतिशत निर्धारण गरी पदपूर्तिका कामकारबाहीहरू अगाडि बढाइएको छ।

## ५.३ विज्ञापन

आर्थिक वर्ष २०८०/०८१मा आयोगबाट बढुवा, आन्तरिक प्रतियोगिता र खुला तथा समावेशीतर्फ कुल २०३७ पदका विज्ञापनहरू प्रकाशन गरिएको थियो । जसमा बढुवातर्फ ३३८, अन्तर तह तर्फ/ आन्तरिक अन्तर सेवा/खुला/ समावेशी कुल १६९९ पदहरू रहेका थिए। आर्थिक वर्ष २०८०/०८१ मा भएका विज्ञापन सम्बन्धी विवरण अनुसूची ११ मा प्रस्तुत गरिएको छ।

## ५.४ दरखास्त

आर्थिक वर्ष २०८०/८१ को अवधिमा प्रकाशित आन्तरिक अन्तर सेवा, अन्तर तह, आन्तरिक, खुला तथा समावेशी समूहका विज्ञापनका लागि आयोगको अनलाइन दरखास्त प्रणालीमा कुल १०७४७९ जनाले अनलाइन दरखास्त पेस गरेकोमा ९४००५ जनाको अनलाइन दरखास्त स्वीकृत भएको थिए। जसमा अधिकृतस्तरमा ११,६८८ दरखास्त सङ्कलन र सहायकस्तरमा ८२,३१७ दरखास्त स्वीकृत भएको थियो। आयोगबाट आ.व. २०८०/८१ मा सङ्कलन भएको दरखास्तको विवरण अनुसूची १२ मा उल्लेख गरिएको छ।प्रतिवेदन अवधिमा सङ्कलन भएको स्वीकृत दरखास्तको विवरण तलको तालिका र चित्रमा विश्लेषणात्मक तरिकाले प्रस्तुत गरिएको छ।

**क) तहअनुसार दरखास्तको वर्गीकरण (स्वीकृत दरखास्त अनुसार)**

**तालिका नं. ३**

| सि.नं. | तह | स्वीकृत दरखास्त सङ्ख्या |
|---|---|---|
| १ | सहायकस्तर पाँचौं | ८२,३१७ |
| २ | अधिकृतस्तर सातौं | ८,२५८ |
| ३ | अधिकृतस्तर आठौं | २,५२६ |
| ४ | अधिकृतस्तर नवौं | ९०४ |
| **जम्मा** | | **९४,००५** |



**विश्लेषणः**

- सहायकस्तर पाँचौंमा ८२,३१७ दरखास्त स्वीकृत भएका छन्, जुन कुल दरखास्तको ८७.७ प्रतिशत हुन्छ। यसले यो तहमा ठूलो माग भएको सङ्केत गर्छ तथा यस तहमा ठूलो प्रतिस्पर्धा र सम्भवतः धेरै जनशक्ति आवश्यकता भएको सङ्केत गर्दछ।
- अधिकृतस्तर सातौं तहमा ८,२५८ दरखास्त स्वीकृत भएको छ, जुन कुलको ८.८% प्रतिशत हो। यसले यो तहमा पनि केही महत्वपूर्ण संख्या दर्शाउछ, तर सहायकस्तरको तुलनामा धेरै कम छ।
- अधिकृतस्तर आठौं तहमा २,५२६ दरखास्त स्वीकृत भएका छन्, जुन कुलको २.७ प्रतिशत हुन्छ। यो तहमा दरखास्तहरूको सङ्ख्या घटेको देखिन्छ।
- अधिकृतस्तर नवौं तहमा ९०४ दरखास्त स्वीकृत भएका छन्, जुन कुलको १ प्रतिशत हो। यो तहमा दरखास्तहरूको सङ्ख्या अत्यन्तै कम छ।
- उच्च तहका अधिकृतस्तरहरूमा दरखास्तहरूको सङ्ख्या क्रमशः घट्दै गइरहेको छ, जसले सम्भवतः तिनमा कम प्रतिस्पर्धा र सम्भवत थोरै जनशक्तिको आवश्यकता भएको सङ्केत गर्दछ।

**ख) खुला तथा समावेशी अनुसार स्वीकृत दरखास्त विवरण**

**तालिका नं. ४**

| सि.नं. | विवरण | उम्मेदवार सङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | आ.व. २०८०/८१ | आ.व. २०७९/८० | आ.व. २०७८/७९ | आ.व. २०७७/७८ |
| १ | खुला | ९२४४४ | ४१९१८ | ८०४६९ | ४९४०३ |
| २ | महिला | ३९९१४ | १३८५५ | २९४९१ | १३१२३ |
| ३ | आदिवासी जनजाति | १६३९५ | ६२६१ | ११९१३ | ५९१५ |
| ४ | दलित | ४५६९ | १४२३ | २३४२ | ७७८ |
| ५ | थारु | २२३४ | ० | ० | ० |
| ६ | मधेशी | ८९५१ | ४४८४ | १००२४ | ५६४१ |
| ७ | अपाङ्ग | २४२ | ३८० | ० | ० |
| ८ | पिछडिएको क्षेत्र | ५६८ | ४० | ० | ० |
| ९ | अल्प संख्यक | ० | ० | ० | ० |




| | खुला | महिला | आदिवासी जनजाति | मधेशी | दलित | थारु | अपाङ्ग | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| आ.व. २०७७/७८ | ६५.९९% | १७.५३% | ७.९०% | ७.५४% | १.०४% | ०.००% | ०% | ०% |
| आ.व. २०७८/७९ | ५९.९४% | २१.९७% | ८.८७% | ७.४७% | १.७४% | ०.००% | ०% | ०% |
| आ.व. २०७९/८० | ६१.३२% | २०.२७% | ९.१६% | ६.५६% | २.०८% | ०.००% | ०.५६% | ०.०६% |
| आ.व. २०८०/८१ | ५६.६६% | २४.४७% | १०.०५% | ५.४०% | २.८०% | २.३७% | ०.१४% | ०.३४% |

**विश्लेषण:**

१. खुला उम्मेदवार:

आ.व. २०८०/८१ मा ९२,४४४ उम्मेदवारको सङ्ख्या उल्लेखनीय रूपमा बढेको छ। यो वृद्धि २०७९/८० मा घटेको सङ्ख्याको तुलनामा दोब्बर भन्दा बढी छ।यसले खुला पदहरूको लागि ठूलो प्रतिस्पर्धा र चासोको सङ्केत गर्दछ।

२. महिला उम्मेदवार:

आ.व. २०८०/८१ मा ३९,९१४ महिला उम्मेदवार छन्, जुन २०७८/७९ (२९,४९१) भन्दा बढि छ। महिला प्रतिनिधित्वमा यो सकारात्मक संकेत हो, तर अझै पनि सुधारको आवश्यकता छ।

३. आदिवासी जनजाति:

आ.व. २०८०/८१ मा १६,३९५ उम्मेदवार हुनु यो वर्गका लागि एक महत्त्वपूर्ण वृद्धि हो। पछिल्ला वर्षहरूमा (विशेष गरी २०७७/७८) देखिएको क्रमिक वृद्धिले आदिवासी जनजातिहरूको सहभागिता बढिरहेको सङ्केत गर्दछ।

४. दलित:

आ.व. २०८०/८१ मा ४,५६९ उम्मेदवार छन्, जुन २०७७/७८ (७७८) को तुलनामा उल्लेखनीय वृद्धि हो। यो पदका लागि पनि अवसरहरूमा सुधार भएको देखिन्छ।

५. थारु:

थारु वर्गका उम्मेदवारहरूको संख्या केवल २०८०/८१ मा मात्र २,२३४ छ। अन्य वर्षहरूमा शुन्य हुँदा, यो वर्गको प्रतिनिधित्व अत्यन्तै कम रहेको संकेत गर्दछ।

६. मधेशी:

मधेशी उम्मेदवारहरूको सङ्ख्या परिवर्तनशील छ। आ.व. २०८०/८१ मा ८,९५१ उम्मेदवार छन्, जुन २०७८/७९ (१०,०२४) भन्दा कम हो, तर तुलनात्मक रूपमा धेरै वर्षहरूमा स्थिर रहनु सकारात्मक हो।

७. अपाङ्ग:

अपाङ्ग उम्मेदवारहरूको संख्या अत्यन्त कम छ, विशेष गरी २०७८/७९ र २०७७/७८ मा शुन्य हुँदा यसले अपाङ्ग व्यक्तिहरूको अवसरहरूको कमीलाई दर्शाउँछ।

८. पिछडिएको क्षेत्र:

यस वर्गका उम्मेदवारहरूको सङ्ख्या पनि कम रहेकोले यस क्षेत्रमा ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ।

९. अल्प संख्यक:

कुनै पनि वर्षमा अल्प संख्यक उम्मेदवार छैन, जुन यो समूहको प्रतिनिधित्वको कमीको स्पष्ट संकेत हो।

निष्कर्ष:

समग्रमा, खुला र महिला उम्मेदवारहरूको सङ्ख्या बढिरहेको भए पनि थारु र अपाङ्ग वर्गको प्रतिनिधित्वको कमी रहेको छ। यसबाट बुझिन्छ कि विभिन्न वर्गका लागि अवसरहरूमा सुधारको आवश्यकता छ, विशेषगरी अल्पसंख्यक र अपाङ्ग वर्गका लागि। यस तथ्यांकको आधारमा नीति निर्माणमा सुधार गर्न र सबै वर्गका लागि समान अवसरको सुनिश्चितता गर्न महत्वपूर्ण छ।

## ग) भौगोलिक क्षेत्र अनुसार दरखास्त विवरण

तालिका नं. ५

| सि. नं. | विवरण | उम्मेदवार सङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | आ.व. २०८०/८१ | आ.व. २०७९/८० | आ.व. २०७८/७९ | आ.व. २०७७/७८ |
| १ | हिमाल | ४२४९६ | १८६१५ | ३५०६१ | १८८४६ |
| २ | पहाड | ११९८३ | ५६९२ | १२५४१ | ८०५९ |
| ३ | तराई | ३९५२६ | १८३०० | ३३८४१ | १९४८९ |
| ४ | उल्लेख नभएको | - | ८० | २९१ | १६५ |
| जम्मा | | ९४००५ | ४२६८७ | ८१७३४ | ४६५५९ |



**विश्लेषणः**

१. हिमाल:

- आ.व. २०८०/८१ मा ४२,४९६ उम्मेदवार छन्। यो संख्या २०७९/८० (१८,६१५) को तुलनामा धेरै वृद्धि भएको छ। यसले हिमाल क्षेत्रको प्रति चासो र प्रतिस्पर्धालाई दर्शाउछ।
- २०७८/७९ र २०७७/७८ मा पनि उच्च संख्या रहेकोले यस क्षेत्रमा लगातार दरखास्तको चासो देखिन्छ।

२. पहाड:

- आ.व. २०८०/८१ मा ११,९८३ उम्मेदवार रहेका छन्। यो संख्या २०७९/८० (५,६९२) को तुलनामा दुवै वर्षमा वृद्धि भएको देखिन्छ।
- यद्यपि यो संख्या हिमालको तुलनामा निकै कम छ, तर वर्षेनी भएको वृद्धि एक सकारात्मक संकेत हो।

३. तराई:

- आ.व. २०८०/८१ मा ३९,५२६ उम्मेदवार छन्, जुन २०७९/८० (१८,३००) को तुलनामा ठूलो वृद्धि हो। तराई क्षेत्रका लागि यो चासोको वृद्धि दर्शाउछ।
- २०७८/७९ र २०७७/७८ मा पनि उच्च दरखास्तहरूको संख्या छ, जसले यो क्षेत्रको सक्रियता र आवश्यकता बुझाउछ।

४. उल्लेख नभएको:

- यस वर्गमा कुनै स्पष्ट विवरण छैन, तर २०७९/८० (८०), २०७८/७९ (२९१), र २०७७/७८ (१६५) का लागि केही दरखास्तहरू छन्। यो संख्या अत्यन्त कम रहेकोले यसमा ध्यान दिनु आवश्यक छ।

निष्कर्ष:

- हिमाल क्षेत्रका उम्मेदवारहरूको सङ्ख्या प्रमुख रूपमा वृद्धि भएको छ, जसले यस क्षेत्रमा अवसर र चासोको संकेत गर्दछ।
- पहाड र तराईमा पनि सकारात्मक वृद्धि देखिएको छ, तर पहाडको सङ्ख्या अझै पनि कम छ।
- उल्लेख नभएको वर्गमा दरखास्तहरूको संख्या अत्यन्तै कम रहेकोले यसलाई सुधार्न र यस क्षेत्रको प्रतिनिधित्व बढाउन ध्यान दिनुपर्ने आवश्यकता छ।

## घ) लिङ्ग अनुसार दरखास्त विवरण

तालिका नं. ६

| सि.नं. | विवरण | उम्मेदवार सङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | आ.व. २०८०/८१ | आ.व. २०७९/८० | आ.व. २०७८/७९ | आ.व. २०७७/७८ |
| १ | महिला | ४१९०२ | १५४३९ | ३६०४२ | १७२९२ |
| २ | पुरुष | ५२१०३ | २७२४६ | ४५६९१ | २९२६७ |
| ३ | अन्य | - | २ | १ | - |
| जम्मा | | ९४००५ | ४२६८७ | ८१७३४ | ४६५५९ |




**विश्लेषणः**

१. महिलाः

- आ.व.२०८०/८१ मा ४१,९०२ महिला उम्मेदवार छन्। यो संख्या २०७९/८० (१५,४३९) को तुलनामा धेरै वृद्धि भएको छ।

- २०७८/७९ र २०७७/७८ का लागि पनि महिला उम्मेदवारहरूको सङ्ख्या क्रमशः ३६,०४२ र १७,२९२ रहेकोले महिला उम्मेदवारहरूको चासो र संख्यामा वृद्धि देखिन्छ।

२. पुरुषः

- आ.व.२०८०/८१ मा ५२,१०३ पुरुष उम्मेदवार रहेका छन्। यो संख्या २०७९/८० (२७,२४६) को तुलनामा दुवै वर्षमा उल्लेखनीय वृद्धि भएको छ।
- २०७८/७९ र २०७७/७८ का लागि पनि पुरुष उम्मेदवारहरूको सङ्ख्या क्रमशः ४५,६९१ र २९,२६७ रहेकोले पुरुष वर्गमा पनि चासो र प्रतिस्पर्धा बढिरहेको संकेत गर्दछ।

३. अन्यः

- यो वर्गमा केवल २०७९/८० मा दुई उम्मेदवार रहेका छन्, र २०७८/७९ मा एक मात्र रहेको छ। आ.व. २०७७/७८ मा भने कुनै उम्मेदवार छैन। यसले यो वर्गको प्रतिनिधित्वको कमीलाई संकेत गर्दछ।

निष्कर्षः

- महिला र पुरुष उम्मेदवारहरूको सङ्ख्या दुबैमा वृद्धि भएको छ, जसले विभिन्न तहका अवसरहरूको प्रति चासो र सक्रियताको सङ्केत गर्दछ।
- महिलाको सङ्ख्यामा उल्लेखनीय वृद्धि देखिन्छ, जसले महिलाहरूको प्रतिनिधित्वमा सकारात्मक परिवर्तनको संकेत गर्दछ।
- अन्य वर्गमा दरखास्तको सङ्ख्या अत्यन्तै कम रहेकोले यस क्षेत्रमा पनि ध्यान दिनु आवश्यक छ।
- समग्रमा, प्रस्तुत तथ्यांकले महिला र पुरुष उम्मेदवारहरूको चासो र अवसरको अवस्था प्रष्ट पार्दछ, जसले भविष्यमा नीतिहरूमा सुधार गर्न महत्त्वपूर्ण आधार तय गर्दछ।

## ङ) धर्म अनुसार दरखास्त विवरण

तालिका नं. ७

| सि.नं. | विवरण | उम्मेदवार सङ्ख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | आ.व. २०८०/८१ | आ.व. २०७९/८० | आ.व. २०७८/७९ | आ.व. २०७७/७८ | जम्मा |
| १ | हिन्दु | ८८०३४ | ३९८४० | ७६०९६ | ४३०९९ | २,४७,०६९ |
| २ | बौद्ध | ३०८७ | १५४८ | २८३८ | १९८४ | ९४५७ |
| ३ | ईसाई | ८३७ | ३४८ | ६०७ | ४०९ | २२०१ |
| ४ | मुस्लिम | ९४७ | ३९७ | ८६५ | ४९० | २६९९ |
| ५ | अन्य | ११०० | ५५४ | १३२८ | ५७७ | ३५५९ |
| जम्मा | | ९४००५ | ४२६८७ | ८१७३४ | ४६०६९ | २,६४,४९५ |



## विश्लेषण

१. हिन्दु धर्म

- हिन्दु धर्मका उम्मेदवारहरूको संख्या सबैभन्दा उच्च छ। २०८०/८१ मा ८८,०३४ उम्मेदवार छन्, जुन २०७९/८० (३९,८४०) र २०७८/७९ (७६,०९६) को तुलनामा उल्लेखनीय छ। २०७७/७८ को ४३,०९९ भन्दा क्रमश संख्या वृद्धि भएको छ, तर २०७९/८० मा उल्लेखनीय कम देखिन्छ। हिन्दु धर्म स्पष्ट रूपमा प्रमुख धर्म हो, जसको उम्मेदवार संख्या अन्य सबै धर्महरूको भन्दा बढी छ।
- बौद्ध, ईसाई, मुस्लिम, र अन्य धर्मका उम्मेदवारहरूको संख्या सापेक्षमा घटिरहेको देखिन्छ।

२. बौद्ध धर्म

- बौद्ध धर्मका उम्मेदवारहरूको संख्या ९,४५७ छ। यो हिन्दु धर्मको तुलनामा निकै कम हो। २०७८/७९ (२,८३८) मा सबैभन्दा उच्च रहेको र त्यसपछि गिरावट आएको छ, विशेष रूपमा २०७९/८० (१,५४८) कम भएको छ।

३. ईसाई धर्म

- ईसाई धर्मका उम्मेदवारहरू २,२०१ छन्। यो संख्या पनि कम छ र अन्य धर्महरूको तुलनामा निकै कम रहेको पाइन्छ। २०७८/७९(६०७) को तुलनामा २०७९/८० (३४८) मा निकै कम भएको देखिन्छ।

४. मुस्लिम धर्म

- मुस्लिम धर्मका उम्मेदवारहरूको संख्या २,६९९ छ। यो पनि बौद्ध र ईसाई धर्मको तुलनामा कम हो। २०७८/७९ (८६५) र २०७९/८० (३९७) मा कम देखिएको छ।

५. अन्य धर्म

- अन्य धर्मका उम्मेदवारहरूको कुल संख्या ३,५५९ छ। यसमा पनि संख्या समय अनुसार कम भएको देखिन्छ।

## च) जिल्लाअनुसार स्वीकृत दरखास्त विवरण

**तालिका नं. ८**

| सि. नं. | जिल्ला | आ.व. २०८०-८१ | आ.व. २०७९-८० | आ.व. २०७८-७९ | आ.व. २०७७-७८ | सि.नं. | जिल्ला | आ.व. २०८०-८१ | आ.व. २०७९-८० | आ.व. २०७८-७९ | आ.व. २०७७-७८ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अछाम | १४६७ | ६८४ | १२५७ | ६५७ | ४० | प्यूठान | ११५० | ५७१ | ९१० | ५२५ |
| २ | अर्घाखाँची | ११४४ | ५८४ | ८७४ | ६७४ | ४१ | बझाङ | १७७० | ७९५ | १६५८ | ८२० |
| ३ | इलाम | ३९८ | २३२ | ४७२ | २५१ | ४२ | बर्दिया | १५५८ | ६७७ | ११२९ | ७०३ |
| ४ | उदयपुर | ९०८ | ४९१ | ९०२ | ५९० | ४३ | बाँके | ९३३ | ३८१ | ६६२ | ४२५ |

| सि. नं. | जिल्ला | आ.व. २०८०-८१ | आ.व. २०७९-८० | आ.व. २०७८-७९ | आ.व. २०७७-७८ | सि.नं. | जिल्ला | आ.व. २०८०-८१ | आ.व. २०७९-८० | आ.व. २०७८-७९ | आ.व. २०७७-७८ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | ओखलढुङ्गा | ८७६ | ४५४ | ११२५ | ४९० | ४४ | बागलुङ | ८०५ | ४५७ | ८५४ | ५०९ |
| ६ | कञ्चनपुर | १६३७ | ६८० | ११४५ | ८१९ | ४५ | बाजुरा | ९२४ | ४३५ | १०३६ | ३८३ |
| ७ | कपिलवस्तु | ९८० | ४८३ | ९१४ | ५२७ | ४६ | बारा | २७७३ | १८७१ | २४८४ | १४२७ |
| ८ | काठमाडौं | १५१४ | ७५६ | ८८० | ९७१ | ४७ | बैतडी | १४३२ | ६८५ | १२१३ | ५७६ |
| ९ | काभ्रेपलाञ्चोक | १२९० | ७२२ | ११५६ | १०८६ | ४८ | भक्तपुर | ८७४ | ४२१ | ४४२ | ६२६ |
| १० | कालिकोट | ११२१ | ५६४ | १६५३ | ५४८ | ४९ | भोजपुर | ४८२ | २६९ | ५०० | २४७ |
| ११ | कास्की | ८१० | ४९२ | ६१३ | ४९० | ५० | मकवानपुर | २१९० | १६९९ | २०९० | १७९६ |
| १२ | कैलाली | १९२० | ८१७ | १२६४ | ८११ | ५१ | मनाङ | १ | २ | ७ | ३ |
| १३ | खोटाङ | ९१३ | ५९९ | १००१ | ५६८ | ५२ | महोत्तरी | २८६८ | १९२० | ३३१५ | १९६८ |
| १४ | गुल्मी | १६७८ | ८३६ | ११५२ | ८७२ | ५३ | मुगु | ४२७ | २३० | ७४८ | २७४ |
| १५ | गोरखा | १३३४ | ७२८ | १३२७ | ९४८ | ५४ | मुस्ताङ | १५ | ५ | ३६ | २५ |
| १६ | चितवन | २०४८ | १३०८ | १५३१ | २१२८ | ५५ | मोरङ | १२५९ | ६७४ | ११७९ | ८१७ |
| १७ | जाजरकोट | ११६८ | ५६७ | १३२० | ४८२ | ५६ | म्याग्दी | १८२ | ८२ | २०९ | १३६ |
| १८ | जुम्ला | १८४२ | १०११ | १९१८ | १००४ | ५७ | रसुवा | २२९ | १२५ | २१० | १४४ |
| १९ | झापा | ८८९ | ४७१ | ६७८ | ६०६ | ५८ | रामेछाप | १२३२ | ६७३ | ११८८ | ९१५ |
| २० | डँडेलधुरा | ७११ | ३६५ | ५७६ | ३२९ | ५९ | रुकुम पश्चिम | १८४२ | १०२४ | २९२३ | ११८२ |
| २१ | डोटी | ८२८ | ३७३ | ७०० | ३४३ | ६० | रुकुम पूर्वी | १८५ | १०३ | १९८ | १०३ |
| २२ | डोल्पा | २६४ | १६० | ४१३ | १६९ | ६१ | रुपन्देही | १३३५ | ६५१ | ९६५ | ७७० |
| २३ | तनहुँ | ७८६ | ४६८ | ६६० | ५६३ | ६२ | रोल्पा | ९७६ | ४६१ | १०१७ | ४२५ |
| २४ | ताप्लेजुङ | २३२ | १४१ | २४० | १२३ | ६३ | रौतहट | ३०९४ | १९६८ | ४०४३ | १८५४ |
| २५ | तेह्रथुम | २०६ | १२३ | १८८ | ११९ | ६४ | लमजुङ | ५४८ | २९५ | ५४६ | ४२२ |
| २६ | दाङ | १४०९ | ७०१ | १२५२ | ७९३ | ६५ | ललितपुर | ७४१ | ४१३ | ५४२ | ५५१ |
| २७ | दार्चुला | १४०७ | ६९४ | १३०४ | ५९० | ६६ | संखुवासभा | ४६१ | २४१ | ६४० | ३१४ |
| २८ | दैलेख | २०३१ | १००३ | १६९२ | ८७४ | ६७ | सप्तरी | ३३५९ | २१३१ | ३८७९ | २३३८ |
| २९ | दोलखा | १०५२ | ६८९ | १२९८ | १०३२ | ६८ | सर्लाही | ३२६९ | २०७३ | ३७७६ | २०८४ |
| ३० | धनकुटा | ३५९ | २२८ | ४५५ | २१९ | ६९ | सल्यान | १५४७ | ७४२ | १८०१ | ६३७ |
| ३१ | धनुषा | २९७५ | १९८९ | ३३८७ | २१४० | ७० | सिन्धुपाल्चोक | १२२३ | ७२५ | ९७६ | ७७८ |
| ३२ | धादिङ | १५७१ | ८९४ | ११२३ | १२७७ | ७१ | सिन्धुली | १९३९ | १२५१ | १९८७ | १६१५ |
| ३३ | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | ६०१ | ३५३ | ५०० | ३८५ | ७२ | सिरहा | २८३४ | १७०१ | ३२३० | १९०३ |
| ३४ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ७६२ | ४३३ | ६२५ | ५३४ | ७३ | सुनसरी | १०९९ | ५१८ | १०५३ | ६२६ |
| ३५ | नुवाकोट | १११९ | ५९५ | ८०२ | ७०७ | ७४ | सुर्खेत | १७११ | ७४० | १२१४ | ६३६ |
| ३६ | पर्वत | ८४० | ५०० | ७०५ | ४८९ | ७५ | सोलुखुम्बु | ४७६ | २२९ | ५१८ | २५७ |
| ३७ | पर्सा | १९७२ | ११११ | १४३२ | ८८५ | ७६ | स्याङजा | १३०४ | ७६० | ९०१ | ७२० |
| ३८ | पाँचथर | २६८ | १२२ | ३३७ | १७२ | ७७ | हुम्ला | ७१३ | ३६२ | ८४२ | ३७६ |
| ३९ | पाल्पा | ९१५ | ४५८ | ७४६ | ४०५ | | | | | | |

**विश्लेषण**

- धेरै जिल्लाहरूमा ०८०/८१ मा उम्मेदवारहरूको संख्या वृद्धि भएको छ, जुन सामान्यतया रोजगार र चासोको वृद्धि को संकेत हो।
- केही जिल्लामा संख्या स्थिर वा हल्का गिरावट आएको छ, जुन विशेष कारणहरूको कारण हुन सक्छ।
- काठमाडौं, अछाम, र अन्य जिल्लामा विशेष रूपमा सुधारको संकेत रहेको छ।

**छ) प्रदेशअनुसार दरखास्त विवरण**

**तालिका नं. ९**

| सि. नं. | विवरण | उम्मेदवार सङ्ख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | आ.व. ०८०/८१ | आ.व. ०७९/८० | आ.व. ०७८/७९ | आ.व. ०७७/७८ | जम्मा |
| १ | कोशी प्रदेश | ८७१२ | ३८१४ | १३४६६ | ५२१५ | ३१२०७ |
| २ | मधेस प्रदेश | २३२३५ | ११७०६ | २२८४४ | १२१७० | ४७१११ |
| ३ | बागमती प्रदेश | १७२१२ | ८९९९ | १२८८६ | ११५४९ | ५०६४६ |
| ४ | गण्डकी प्रदेश | ७२७२ | ३५६१ | ८३४८ | ४२१८ | २३३९९ |
| ५ | लुम्बिनी प्रदेश | १२७७५ | ५०९० | ९२३२ | ५२४९ | ३२३४६ |
| ६ | कर्णाली प्रदेश | १२६८२ | ५११२ | ५७५५ | ३७४८ | २७२९७ |
| ७ | सुदूरपश्चिम प्रदेश | १२११७ | ४४०५ | ९२०३ | ४३५२ | ३००७७ |
| **जम्मा** | | **९४००५** | **४२६८७** | **५८८९०** | **४६५०१** | **२४२०८३** |

## विश्लेषण

- कोशी प्रदेशमा ०७८/७९ मा उच्चतम संख्या रहेको छ, तर त्यसपछि घट्न थालेको देखिन्छ। ०८०/८१ मा पुनः वृद्धि भएको छ।
- मधेस प्रदेशमा ०८०/८१ मा उच्चतम संख्या देखिन्छ। यसमा ०७८/७९ र ०७९/८० का बीचमा परिवर्तनको संकेत छ।
- बागमती प्रदेशमा ०८०/८१ मा संख्या वृद्धि भएको छ, जबकि अघिल्ला वर्षहरूमा संख्या घट्दै गएको देखिन्छ।
- गण्डकी प्रदेशमा पनि ०८०/८१ मा संख्या वृद्धि भएको छ, तर अघिल्ला वर्षहरूमा झण्डै स्थिर रहेको देखिन्छ।

- लुम्बिनी प्रदेशमा पनि ०८०/८१ मा संख्या वृद्धि भएको छ, जसले यस प्रदेशमा चासो बढेको संकेत गर्दछ।
- कर्णाली प्रदेशमा पनि ०८०/८१ मा संख्या वृद्धि भएको छ, तर अघिल्लो वर्षहरूको तुलनामा अत्यधिक वृद्धि देखिदैन।
- सुदूरपश्चिम प्रदेश ०८०/८१ मा सुदूरपश्चिम प्रदेशमा वृद्धि भएको छ, तर अघिल्ला वर्षहरूमा थुप्रै गिरावट पनि देखिन्छ।
- अधिकांश प्रदेशमा ०८०/८१ मा उम्मेदवारहरूको संख्या वृद्धि भएको छ, जबकि अघिल्ला वर्षहरूमा गिरावटको संकेत देखिन्छ।
- मधेस प्रदेशमा सबैभन्दा उच्च उम्मेदवार संख्या रहेको छ, जसले यहाँको राजनीतिक चासोलाई उजागर गर्दछ।

**ज) रोजगारीको अवस्थाअनुसार दरखास्त विवरण**

**तालिका नं. १०**

| सि. नं. | विवरण | उम्मेदवार सङ्ख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | आ.व. २०८०/८१ | आ.व. २०७९/८० | आ.व. २०७८/७९ | आ.व. २०७७/७८ | जम्मा |
| १ | सरकारी सेवा | ९८२८ | ४६०२ | ६१८९ | ७०९९ | २७७१८ |
| २ | गैर सरकारी सेवा | ६४०० | २२७२ | ४५६४ | ३४९४ | १६७६० |
| ३ | स्वरोजगार | ३१९३ | १२८७ | २३८५ | १६६२ | ८५२७ |
| ४ | बेरोजगार | ७२८६१ | ३३७३७ | ६७२८८ | ३३३६० | २०७२४६ |
| ५ | अन्य | १७२३ | ७८९ | १३०८ | ९४४ | ४७६४ |
| **जम्मा** | | **९४००५** | **४२६८७** | **८१७३४** | **४६५५९** | **२६५०१५** |




| | सरकारी सेवा | गैर सरकारी सेवा | स्वरोजगार | बेरोजगार | अन्य |
|---|---|---|---|---|---|
| आ.व.२०८०/८१ | १०.५०% | ६.८०% | ३.४०% | ७७.५०% | १.८०% |
| आ.व.२०७९/८० | १०.७८% | ५.३२% | ३.०१% | ७९.०३% | १.८५% |
| आ.व.२०७८/७९ | ७.५७% | ५.५८% | २.९०% | ८२.३३% | १.६०% |
| आ.व.२०७७/७८ | १५.२५% | ७.५०% | ३.५७% | ७१.७५% | २.०३% |

**विश्लेषण**

- सरकारी सेवामा उम्मेदवारहरूको संख्या लगातार घटिरहेको छ। २०७८/७९ र २०७९/८० मा प्रमुख गिरावट देखिन्छ।
- गैर सरकारी सेवामा पनि संख्या घटेको देखिन्छ, विशेष गरी २०७९/८० मा। ०८०/८१ मा केही वृद्धि भएको छ, तर अघिल्ला वर्षहरूको तुलनामा यसमा स्थिरता छैन।
- स्वरोजगारमा पनि संख्या घटिरहेको छ, तर ०८०/८१ मा वृद्धि भएको देखिन्छ। अघिल्लो वर्ष (२०७९/८०) मा यो निकै कम भएको थियो।
- बेरोजगारहरूको संख्या सबैभन्दा धेरै छ र यो लगातार उच्च रहिरहेको छ। ०८०/८१ मा पनि यो संख्या बढेको देखिन्छ, जसले बेरोजगारीको गम्भीरता झल्काउँछ।
- अन्य श्रेणीमा पनि संख्या घटिरहेको छ, विशेषगरी २०७९/८० मा।
- बेरोजगारहरूको संख्या अत्यधिक उच्च रहेकोले यसले रोजगारको अवसरको कमी र आर्थिक समस्याको संकेत गर्दछ।

- सरकारी र गैर सरकारी सेवामा उम्मेदवारहरूको चासो घटिरहेको छ, जुन स्थायी रोजगारको खोजीमा कमीको संकेत हो।
- स्वरोजगारको क्षेत्रमा पनि अस्थिरता देखिन्छ, तर ०८०/८१ मा केही वृद्धि भएको छ, जसले स्वरोजगारको अवसरमा सुधारको संकेत गर्न सक्छ।

**झ) शारीरिक अवस्थाअनुसार दरखास्त विवरण**

**तालिका नं. ११**

| सि. नं. | विवरण | उम्मेदवार सङ्ख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | आ.व. २०८०/८१ | आ.व. २०७९/८० | आ.व. २०७८/७९ | आ.व. २०७७/७८ | जम्मा |
| १ | स्वस्थ शारीरिक अवस्था भएका | ९२९१९ | ४२१०९ | ८१२४९ | ४६०९१ | २६२३६८ |
| २ | भिन्न क्षमता भएका | १०८६ | ५७८ | ४८५ | ४६८ | २६१७ |
| जम्मा | | ९४००५ | ४२६८७ | ८१७३४ | ४६५५९ | २६४९८५ |

**विश्लेषण**

- ०८०/८१ मा ९२,९१९ स्वस्थ उम्मेदवारको संख्या देखिन्छ, जुन अघिल्ला वर्षहरूको तुलनामा उच्चतम हो। यसले स्वस्थ उम्मेदवारहरूको चासोमा वृद्धि भएको संकेत गर्दछ। जबकि अघिल्लो वर्षहरूमा क्रमशः ४२,१०९, ८१,२४९, र ४६,०९१ रहेकामा स्थिरता देखिन्छ।
- ०८०/८१ मा भिन्न क्षमता भएका उम्मेदवारहरूको संख्या १,०८६छ, जुन अघिल्ला वर्षहरूमा वृद्धि भएको छ। यो भिन्न क्षमताका व्यक्तिहरूमा चासोको सुधारको संकेत दिन्छ।
- समग्रमा, उम्मेदवारहरूको संलग्नतामा सकारात्मक प्रवृत्ति देखिन्छ।

# परिच्छेद-६
# परीक्षा र परीक्षण

## ६.१ प्रश्नपत्र निर्माण र परिमार्जन

आर्थिक वर्ष २०८०/८१ मा बागमती प्रदेश अन्तर्गत रहेका मन्त्रालय तथा स्थानीय तहहरू तर्फको परीक्षाहरूको विभिन्न पद, तह, सेवा, समूह तथा उपसमूहको लागी ६०२ सेट परिमार्जन गरिएको र गत आ.व. हरूको मौज्दात ६५९ सेट गरी जम्मा १२६१ सेट परिमार्जित प्रश्नपत्रहरू मध्येबाट २८० सेट प्रश्नपत्र छनोट गरी उपयोग गरियो। प्रयोगमा नआएका ९८१ सेट परिमार्जित प्रश्नपत्रहरूलाई आयोगको प्रश्नपत्र (क्वेश्चन) बैङ्कमा सञ्चय गरी राखिएको छ। प्रश्नपत्र निर्माण र परिमार्जन गर्ने कार्यका लागि विभिन्न दक्ष/विज्ञहरूलाई सहभागी गराइएको थियो। प्रश्नपत्र निर्माण र परिमार्जन तथा छपाई सम्बन्धी विवरण तालिका १२ मा समावेश गरिएको छ।

**तालिका १२**

**प्रश्नपत्र निर्माण र परिमार्जन तथा छपाई सम्बन्धी विवरण**

| क्र.सं. | तह | अप्रा./ प्रा. | प्रश्नपत्र परिमार्जन सम्बन्धी विवरण | | | | छपाई सम्बन्धी विवरण |
|---|---|---|---|---|---|---|---|
| | | | गत आ.व. को मौज्दात सेट | चालू आ.व.मा परिमार्जित सेट | प्रयोग सेट | मौज्दात बाँकी सेट | प्रश्नपत्र छपाई सङ्ख्या |
| १ | ९ | अप्रा. | २१ | १७ | १४ | २४ | ४६६ |
| २ | ९ | प्रा. | ५७ | १४५ | ५१ | १५१ | १२४३ |
| ३ | ७ | अप्रा. | १४ | २३ | १२ | २५ | ५३९५ |
| ४ | ७/८ | प्रा. | १६१ | २१४ | ८७ | २८८ | १०२०५ |
| ५ | ६ | अप्रा. | २४ | - | ४ | २० | - |
| ६ | ६ | प्रा. | ७० | - | ३ | ६७ | - |
| ७ | ५ | अप्रा. | ४० | ४८ | ३३ | ५५ | ३६३९७ |
| ८ | ५ | प्रा. | २०० | १५५ | ७६ | २७९ | ७८०५७ |
| ९ | ४ | अप्रा. | १४ | - | - | १४ | - |
| १० | ४ | प्रा. | ५८ | - | - | ५८ | - |
| **जम्मा** | | | **६५९** | **६०२** | **२८०** | **९८१** | **१३१७६३** |

### ६.२ लिखित परीक्षा

### ६.२.१ प्रथम चरणको परीक्षा

एकीकृत र संयुक्त परीक्षा प्रणाली अन्तर्गत अधिकृतस्तर सातौं, अधिकृतस्तर छैटौं, सहायकस्तर पाँचौं र सहायकस्तर चौथो अप्राविधिक तर्फका पदहरूका लागि पहिलो चरणको परीक्षा पद्धति अवलम्बन गरिएको छ। प्रथम चरणको परीक्षामा उत्तीर्णाङ्क प्राप्त गर्ने परीक्षार्थीमात्र दोश्रो चरणको परीक्षामा सम्मिलित हुन पाउँछन्।

### ६.२.२ लिखित परीक्षा सञ्चालन

आ.व. २०८०/८१ मा भएका अन्तर तह, आन्तरिक अन्तर सेवा, खुला र समावेशी गरी विभिन्न ९२ वटा विज्ञापनका लागि मात्र लिखित परीक्षा सम्पन्न भएका छन्। ती परीक्षाहरूमा ४४,१५१ जना परीक्षार्थी सम्मिलित भएका छन्। लिखित परीक्षामा सम्मिलित उम्मेदवार सङ्ख्या अनुसूची १२ मा उल्लेख गरिएको छ।

### ६.२.३ लिखित परीक्षामा कुनै पनि उम्मेदवार सम्मिलित नभएका विज्ञापनहरू

आर्थिक वर्ष २०८०/०८१ मा विज्ञापन भएका ४ वटा विज्ञापनको लिखित परीक्षामा कुनै पनि उम्मेदवार सम्मिलित भएका थिएनन् । जसमध्यै २ वटा विज्ञापनमा कुनै पनि दरखास्त स्विकृत नभएको, २वटा विज्ञापन दरखास्त दिने कुनै पनि उम्मेदवार सम्मिलित नभएका थिए । सो को विवरण तालिका नं. १३ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. १३**

| सि.नं. | वि.नं. ०८०/८१ | तह | पद | सेवा | समूह/उपसमूह | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ६ | ९ | अधिकृत नवौं | प्रशासन | लेखा | |
| २ | ३३ | ९ | कन्सल्टेन्ट पेडियाट्रिसियन | स्वास्थ्य | पेडियाट्रिक्स/ पेडियाक्ट्रिक्स मेडिसिन | |
| ३ | ३९ | ९ | कन्सल्टेन्ट साइक्याट्रिष्ट | स्वास्थ्य | साइक्याट्री | |
| ४ | ४४ | ९ | कन्सल्टेन्ट रेडियोलोजिष्ट | स्वास्थ्य | रेडियोलोजी | |

### ६.२.४ लिखित परीक्षामा अनियमितता गर्ने उम्मेदवारलाई कारवाही गरिएको

प्रतिवेदन अवधिमा आयोगबाट सञ्चालित परीक्षाहरूमा अनियमितता गर्ने उम्मेदवारहरूको विवरण तालिका नं. १४ मा प्रस्तुत गरिएको छ जस अनुसार १ जना पुरुष र २ जना महिला परीक्षामा अनियमितता गरेका कारण कारबाहीमा परेका छन्। आयोगबाट गरिएको कारबाहीको विवरण तपसिलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. १४**

| सि.नं. | विज्ञापन नं २०८०/०८१ | सेवा, समूह, तह | अनियमितता गरेको कार्य | कारबाहीको विवरण |
|---|---|---|---|---|
| १ | १३०-१३२ | प्र/विविध/पाँचौं | २०८१/०२/२२ गते सञ्चालित परीक्षामा निर्धारित समयपश्चात उत्तरपुस्तिका बुझाउनुपर्नेमा ४ खण्डको उत्तर पुस्तिका मध्ये ३ खण्डको उत्तर पुस्तिका बुझाई १ खण्डको उत्तर पुस्तिका आफूसँगै लिएर गएको | प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफम ५७ बमोजिमको कसुर गरेकोले निजको उक्त विज्ञापनको सबै परीक्षा रद्द गरी निजलाई आयोगबाट आ.व.२०८१-८२ मा सञ्चालन हुने कुनै पनि परीक्षामा उम्मेदवार हुन नपाउने गरि निलम्बन गरिएको |
| २ | १५३-१५४ | कृषि/प्रा.स./पाँचौं | २०८१/०३/०१ गते सञ्चालित परीक्षामा सेवा सम्बन्धी द्वितीय पत्रको उत्तरपुस्तिकामा सुरूमा लेखेको नाम मेटी अर्को नाम लेखि बुझाएको | प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफम ५७ बमोजिमको कसुर गरेकोले निजको उक्त विज्ञापनको सबै परीक्षा रद्द गरी निजलाई आयोगबाट आ.व.२०८१-८२ मा सञ्चालन हुने कुनै पनि परीक्षामा उम्मेदवार हुन नपाउने गरि निलम्बन गरिएको |
| ३ | ६८-७९ | इन्जिनियरिङ/सिभिल/सातौं | प्रथम चरणको लिखित परीक्षामा निर्धारित समयमा उत्तरपुस्तिका नबुझाई आफूसँगै लिएर गएको | परीक्षा रद्द गरी निजलाई आयोगबाट आ.व.२०८१-८२ मा सञ्चालन हुने कुनै पनि परीक्षामा उम्मेदवार हुन नपाउने गरि निलम्बन गरिएको |

## ६.३ उत्तरपुस्तिका सङ्केतीकरण

आर्थिक वर्ष २०८०/८१ को अवधिमा सञ्चालन भएका विभिन्न सेवा, समूह र तहका पदहरूको लिखित परीक्षाहरू पश्चात प्राप्त हुन आएका जम्मा ४४,१५१ परीक्षार्थीहरूको ३४,६६२ थान OMR उत्तरपुस्तिकाहरूको अर्धकट्टी र विवरण खण्ड छुट्याउने कार्य भएको थियो भने २७,८६९ थान उत्तरपुस्तिकाहरूको प्रथम तथा द्वितीय सङ्केतीकरण गरिएको थियो।

## ६.४ उत्तरपुस्तिका परीक्षण

आयोगबाट प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवा र स्थानीय सेवातर्फ गरी जम्मा ६२५३१ उत्तरपुस्तिकाहरू परीक्षण भएका छन्। उक्त सङ्ख्या मध्ये १,७४९ विषयगत र ३४,६६२ वस्तुगत उत्तरपुस्तिकाहरू परीक्षण गरिएको छ। उत्तरपुस्तिका परीक्षण सम्बन्धी विवरण तालिका १५ मा दिइएको छ।

**तालिका १५**

**उत्तरपुस्तिका परीक्षण सम्बन्धी विवरण**

| क्र.सं. | तह | प्रथम पत्र | | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | सीप परीक्षण | जम्मा उ.पु.सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | बस्तुगत | विषयगत | | | | | |
| १ | ४ | ० | ० | ० | ० | ० | ० | ० |
| २ | ५ | ३०५३१ | ० | १५०७४ | ९८ | ३३२ | २८५ | ४६३२० |
| ३ | ६ | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | ७ | ३९१९ | ० | ६५२८ | २४ | ३३३ | ७० | १०८७४ |
| ५ | ८ | २१२ | ६१ | ५९८ | ० | ० | ० | ८७१ |
| ६ | ९ | ० | १६८८ | २७७८ | ० | ० | ० | ४४६६ |
| **जम्मा** | | **३४६६२** | **१७४९** | **२४९७८** | **१२२** | **६६५** | **३५५** | **६२५३१** |

### ६.५ लिखित परीक्षाबाट उम्मेदवार छनोट नभएका विज्ञापनहरू

प्रतिवेदन अवधिमा कुल २ विज्ञापनहरूको लिखित परीक्षाबाट कुनै पनि उम्मेदवार छनोट भएका थिएनन् । सो को विवरण तालिका नं. १६ मा उल्लेख गरिएको छ ।

**तालिका नं. १६**

**आ.व.२०८०/८१ मा लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा कुनै पनि उम्मेदवार छनोट नभएका विज्ञापनहरूको विवरण**

| क्र. सं. | विज्ञापन नं. | तह | पद | सेवा, समूह, उपसमूह | खुला/ समावेशी | माग पद सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ५०२/०७९-८० | ९ | सि.डि.इ. | इन्जि/सभिल/ बि.एण्ड आ. | आ.अ.से. | २ | |
| २ | ५५५/०७९-८० | ७ | कम्प्युटर इन्जिनियर | प्रशासन/ विविध | खुला | १ | |

### ६.६ सामूहिक सीप परीक्षण

आयोगले लिने प्राविधिक तथा अप्राविधिक सेवातर्फका विभिन्न पदका पाठ्यक्रम बमोजि तपसिल बमोजिम सामूहिक सीप परीक्षण सञ्चालन गरेको छ।

| क्र.सं. | वि.नं. | तह | सेवा/समूह | पद |
|---|---|---|---|---|
| १. | १-५/७९-८० | ९ | प्रशासन/सा.प्र | अधिकृत नवौं वा सो सरह |
| २. | ५०१,५०९,५११,५१२ /०७९-८० | ९ | इन्जि/सभिल/जनरल | सिनियर डिभिजन इन्जिनियर |
| ३. | ५१५/७९-८० | ७ | प्रशासन/विविध | तथ्याङ्कशास्त्री |
| ४. | ५३७/०७९-८० | ७ | कृषि/एग्रि/इन्जिनियरिङ | कृषि इन्जिनियर |
| ५. | ५३८/७९-८० | ७ | कृषि/खो.पो.गु.नि. | खाद्य अनुसन्धान अधिकृत |
| ६. | ५४८/०७९-८० | ७ | शिक्षा/शिक्षा प्रशासन/नेपाली | शिक्षा अधिकृत/नेपाली |
| ७. | ५५६/७९-८० | ७ | प्रशासन/विविध | अर्थशास्त्री |
| ८. | ५५७/०७९-८० | ७ | प्रशासन/विविध | वातावरण निरीक्षक |
| ८. | ५७६/०७९-८० | ७ | इन्जिनियर मेकानिकल/जनरल मेकानिकल | मेकानिकल इन्जिनियर |
| ९. | ५७३,५७४,५८३ /०७९-८० | ८ | स्वास्थ्य/ज.हे.स. | मेडिकल अधिकृत |

| क्र.सं. | वि.नं. | तह | सेवा/समूह | पद |
|---|---|---|---|---|
| १०. | ५३९-५४२,५७०-५७२,५८२/७९-८० | ८ | कृषि/भेटेरिनरी | पशु चिकित्सक |
| ११ | ५७७-५८०/०७९-८० | ७ | इन्जि/सिभिल/वि.एण्ड आर्क. | इन्जिनियर |
| १२ | ५२३/०७९-८० | ७ | इन्जि/ जियोहाइड्रोलोजी | हाइड्रोजियोलोजिष्ट |
| १३ | ५४६-५४७,५६७-५६८/०७९-८० | ७ | शिक्षा/शिक्षा प्रशासन | शिक्षा अधिकृत |
| १४ | ५७५/०७९-८० | ७ | इन्जि/सर्भे | नापी अधिकृत |
| १५ | ५४९-५५४/०७९-८० | ७ | वन/ जनरल फरेष्ट्री | सहायक वन अधिकृत |
| १६ | ५१६,५१८,५२१, ५५८-५६१/७९-८० | ७ | इन्जि/सभिल/जनरल/इरिगेशन/स्यानिटरी/हाइड्रोपावर | इन्जिनियर |
| १७ | ५४३,५६६,५८४ /०७९-८० | ७ | कृषि/लाइभस्टक/पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट | पशु विकास अधिकृत |
| १८ | ५४४-५४५/०७९-८० | ७ | कृषि/मत्स्य | मत्स्य विकास अधिकृत |
| १९ | ५६९/०७९-८० | ७ | स्वास्थ्य/हेल्थ इन्सपेक्सन | जनस्वास्थ्य अधिकृत |
| २० | ५२४,५२६,५२९, ५६२-५६५/०७९-८० | ७ | कृषि/एग्री इको एण्ड मार्केटिङ/कृषि प्रसार/ बाली विकास/ बाली संरक्षण/बागवानी/ माटो विज्ञान | कृषि अधिकृत सातौं वा सो सरह |
| २१ | १-५/०८०-८१ | ९ | प्रशासन/सामान्य प्रशासन | अधिकृत नवौं वा सो सरह |

### ६.७ कम्प्युटर सीप परीक्षण

आयोगले लिने प्राविधिक तथा अप्राविधिक सेवातर्फका विभिन्न पदका पाठ्यक्रम बमोजिम सीप परीक्षण तथा प्रयोगात्मक परीक्षाहरू सञ्चालन गर्ने गर्दछ। प्रतिवेदन अवधिमा आयोगले तपसिल बमोजिमको कम्प्युरटर सीप परीक्षण सञ्चालन गरेको छ ।

| क्र.सं. | वि.नं. | तह | सेवा/समूह | पद |
|---|---|---|---|---|
| १. | ६,७,९/७९-८० | ७ | प्रशासन/लेखा | अधिकृत सातौं वा सो सरह |
| २. | ६,७,९/७९-८० | ७ | प्र./सा.प्र/राजस्व | अधिकृत सातौं वा सो सरह |
| ३. | ६-१२/७९-८० | ७ | प्र./सा.प्र | अधिकृत सातौं वा सो सरह |
| ४. | १३-१५/७९-८० | ५ | प्र./राजस्व | सहायक पाँचौं |
| ५. | १३-१८/७९-८० | ५ | प्र./लेखा | लेखापाल वा आ.ले.प. सहायक |
| ६. | १३-१९/७९-८० | ५ | प्र./सा.प्र | सहायक पाँचौं वा सो सरह |
| ७. | २०/७९-८० | ५ | प्रशासन/विविध | म.वि.नि. |

# परिच्छेद-७
# अन्तर्वार्ता तथा सिफारिस

## ७.१ अन्तर्वार्ता

लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूलाई अन्तर्वार्तामा सहभागी गराइन्छ। प्रतिवेदन अवधिसम्म प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवातर्फ जम्मा १७५३ जना उम्मेदवारहरूको अन्तर्वार्ताका लागी छनोट सञ्चालन गरिएको छ।

## ७.२ सिफारिस

लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको प्रयोगत्मक परीक्षा तथा सीप परीक्षण र अन्तर्वार्ता लिइसकेपछि लिखित परीक्षाको प्राप्ताङ्क, प्रयोगात्मक परीक्षा तथा सीप परीक्षणको प्राप्ताङ्क र अन्तर्वार्ताको प्राप्ताङ्क जोडी योग्यता क्रमको आधारमा उम्मेदवारको सिफारिस गर्ने गर्दछ। प्रतिवेदन अवधिसम्म विभिन्न सेवा, समूह सञ्चालन गर्ने निकाय तथा कार्यालयहरूका रिक्त पदमा नियुक्तिका लागि कुल ७२३ जना उम्मेदवार सिफारिस भएका छन् । सिफारिस भएका उम्मेदावारहरूमध्ये २१६ महिला र ५०७ पुरुष रहेका छन्। प्रतिवेदन अवधिमा भएका अन्तर्वार्ता तथा सिफारिस सम्बन्धी विवरण अनुसूची १४ मा प्रस्तुत गरिएको छ।

**तालिका १७**

**विभिन्न विज्ञापनहरूबाट सिफारिस भएका समावेशी समूहसमेतका उम्मेदवारहरूको विवरण**

| सिफारिस समूह | समूह अनुसार सिफारिस उम्मेदवार सङ्ख्या | महिला | पुरूष | जम्मा |
|---|---|---|---|---|
| आन्तरिक अन्तर सेवा | ११ | ० | ० | ११ |
| आ.प्र. | ३ | ० | ० | ३ |
| अन्तर तह | ८ | ० | ० | ८ |
| खुला | ५११ | ९३ | ४१८ | ५११ |
| महिला | १०८ | १०८ | ० | १०८ |
| आ.ज. | ६४ | १२ | ५२ | ५९ |
| मधेसी | ६ | ० | ६ | ६ |
| दलित | १० | १ | ९ | १० |
| अपाङ्ग | २ | ० | २ | २० |
| पि.क्षे. | ० | ० | ० | ० |
| **जम्मा** | **७२३** | **२१६** | **५०७** | **७२३** |

# परिच्छेद-८
# समावेशी पदपूर्ति

प्रदेश निजामती सेवा ऐन २०७९ को दफा १० को उपदफा (१) तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ११ को उपदफा (१) मा रहेको प्रावधान अनुसार खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदहरू मध्ये पैतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी महिलाका लागि अठतीस प्रतिशत, आदिवासी/जनजातीका लागि पैतीस प्रतिशत, दलितका लागि नौ प्रतिशत, मधेसीका लागि चार प्रतिशत, अपाङ्गता भएका व्यक्तिका लागि तीन प्रतिशत, पिछडिएको क्षेत्रका लागि तीन प्रतिशत र अल्पसंख्यक समुदायको लागि तीन प्रतिशत पदहरू छुट्याई सोही समूह भित्रकै उम्मेदवारहरूबीच प्रतिस्पर्धा गराई पदपूर्ति गरिन्छ।

## ८.१ समावेशी समूहतर्फ विज्ञापान र दरखास्त

प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवा तथा स्थानीय सेवा तर्फका प्रतियोगितात्मक परीक्षाको लागि जम्मा ३६१ विज्ञापनहरू मध्ये १८७ विज्ञापनहरू विभिन्न समावेशी समूहका लागि विज्ञापन गरिएको थियो । त्यसैगरी १६९९ पदको लागि भएको प्रतियोगितात्मक परीक्षा मध्ये ३११ वटा महिला, २२२ वटा आ.ज., १३ वटा मधेसी, ६४ वटा दलित, १० वटा अपाङ्ग , ८ वटा पिक्षडिएको क्षेत्र, २६ वटा थारु र ७ वटा अल्पसंख्यक गरी जम्मा ६६१ वटा पदहरू रहेका छन्। यसरी गरिएको विज्ञापनहरूमा समावेशी समूहका लागि मात्र ७२,८७३ जनाको दरखास्त स्वीकृत भएको थियो। विज्ञापनको पदसङ्ख्या र सङ्कलित दरखास्त सम्बन्धी विवरण तालिका नं. १८ मा उल्लेख गरिएको छ।

**तालिका नं. १८**

**आ.व २०८०/८१ मा भएका समावेशी विज्ञापन र दरखास्तको विवरण**

| विवरण | महिला | आ.ज | दलित | मधेसी | अपाङ्ग | पि.क्षे | थारु | अल्प संख्यक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| विज्ञापन सङ्ख्या | ६८ | ४९ | २९ | ९ | ६ | ५ | १६ | ५ | १८७ |
| पद सङ्ख्या | ३११ | २२२ | ६४ | १३ | १० | ८ | २६ | ७ | ६६१ |
| दरखास्त सङ्ख्या | ३९,९१४ | १६,३९५ | ४,५६९ | ८९५१ | २४२ | ५६८ | २२३४ | ० | ७२,८७३ |

### ८.२ प्रदेश तथा स्थानीय तहको लिखित परीक्षामा उम्मेदवारको उपस्थिति

प्रतिवेदन अवधिमा भएका प्रदेश निजामती सेवा तथा स्थानीय सेवा तर्फका सबै तहमा गरी जम्मा ४४,१५१ उम्मेदवारहरू लिखित परीक्षामा उपस्थित भएका थिए। सो मध्ये १९,६४६ जना महिला र २४,५०५ जना पुरुष छन्। प्रदेश तथा स्थानीय तहको लिखित परीक्षामा उम्मेदवारको उपस्थितिको विवरण तालिका नं. १९ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. १९**

**प्रदेश तथा स्थानीय तहको लिखित परीक्षामा उम्मेदवारको उपस्थितिको विवरण**

| पद/तह | परीक्षामा सम्मिलित सङ्ख्या | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| अधिकृत नवौं | १२३ | ४२६ | ५४९ |
| अधिकृत आठौं | ४७ | ९२ | १३९ |
| अधिकृत सातौं | १,२२३ | ३,०१९ | ४,२४२ |
| सहायक पाँचौं | १८,२५३ | २०,९६८ | ३९,२२१ |
| **जम्मा** | **१९,६४६** | **२४,५०५** | **४४,१५१** |

### ८.३ समावेशी समूहतर्फ सिफारिस

कुल सिफारिस सङ्ख्या ७२३ मध्ये सम्बन्धित समावेशी समूहका विज्ञापनबाट १८९ जना उम्मेदवार समावेशी समूहबाट सिफारिस भएका छन्। यस सम्बन्धी विवरण तालिका नं. २० मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २०**

**समावेशी समूहतर्फको सिफारिस विवरण**

| विज्ञापनको प्रकार | महिला | | | पुरुष | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सहायकस्तर | अधिकृतस्तर | जम्मा | सहायकस्तर | अधिकृतस्तर | जम्मा | |
| महिला | ७८ | २९ | १०७ | - | - | - | १०७ |
| आ.ज. | २ | १० | १२ | ३६ | १६ | ५२ | ६४ |
| मधेसी | ० | ० | ० | ४ | २ | ६ | ६ |
| दलित | ० | १ | १ | ७ | २ | ९ | १० |
| अपाङ्ग | ० | ० | ० | २ | ० | २ | २ |
| **जम्मा** | **८०** | **४०** | **१२०** | **४९** | **२०** | **६९** | **१८९** |

## ८.४ महिला तर्फ सिफारिस

यस आर्थिक वर्षमा महिलाहरूका लागि मात्र गरिएको समावेशी विज्ञापनमा कुल १०७ जना महिला उम्मेदवार सिफारिस भएका छन्। आन्तरिक, खुला र सबै समावेशी विज्ञापन समेत गरी जम्मा २१६ जना महिला उम्मेदवार स्थायी नियुक्तिका लागि सिफारिस भएका छन्। जसलाई तालिका नं. २१ मा प्रस्तुत गरिएका छ।

**तालिका नं. २१**

**महिला उम्मेदवारतर्फको सिफारिश विवरण**

| विज्ञापनको प्रकार | सहायक स्तर | अधिकृत स्तर | जम्मा |
|---|---|---|---|
| आ.प्र. | ० | ५ | ५ |
| खुला | ८१ | १२ | ९३ |
| महिला | ७८ | २९ | १०७ |
| आ.ज. | २ | ८ | १० |
| मधेसी | ० | ० | ० |
| दलित | ० | १ | १ |
| अपाङ्ग | ० | ० | ० |
| **जम्मा** | **१६१** | **५५** | **२१६** |

## ८.५ आदिवासी/जनजाति बाट सिफारिस

प्रतिवेदन अवधिमा ६४ जना आदिवासी/जनजाति उम्मेदवार नियुक्तिका लागि सिफारिस भएका छन्। विभिन्न विज्ञापनबाट सिफारिस भएका आदिवासी/जनजातिको सङ्ख्या तालिका नं. २२ मा प्रस्तुत गरिएका छन्।

**तालिका नं. २२**

**आदिवासी/जनजाति तर्फको सिफारिश विवरण**

| विज्ञापनको प्रकार | महिला | | | पुरुष | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सहायक स्तर | अधिकृत स्तर | जम्मा | सहायक स्तर | अधिकृत स्तर | जम्मा | |
| आ.ज. | २ | १० | १२ | ३६ | १६ | ५२ | ६४ |
| **जम्मा** | **२** | **१०** | **१२** | **३६** | **१६** | **५२** | **६४** |

### ८.६ मधेसी बाट सिफारिस

प्रतिवदेन अवधिमा मधेसीका लागि मात्र लक्षित समावेशी विज्ञापनहरूबाट ६ जना उम्मेदवारहरू सिफारिस भएका छन्। विभिन्न विज्ञापनबाट सिफारिस भएका मधेसी उम्मेदवारको सङ्ख्या तालिका नं. २३ मा प्रस्तुत गरिएका छन्।

**तालिका नं. २३**

**मधेसी समूहतर्फको सिफारिस विवरण**

| विज्ञापनको प्रकार | महिला | | | पुरुष | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सहायक स्तर | अधिकृत स्तर | जम्मा | सहायक स्तर | अधिकृत स्तर | जम्मा | |
| मधेसी | ० | ० | ० | ४ | २ | ६ | ६ |
| **जम्मा** | **०** | **०** | **०** | **४** | **२** | **६** | **६** |

### ८.७ दलित समूहबाट सिफारिस

प्रतिवदेन अवधिमा दलितका लागि मात्र लक्षित समावेशी विज्ञापनहरूबाट १० जना उम्मेदवारहरू सिफारिस भएका छन्। विभिन्न विज्ञापनबाट सिफारिस भएका दलित उम्मेदवारको सङ्ख्या तालिका नं. २४ मा प्रस्तुत गरिएका छन्।

**तालिका नं. २४**

**दलित समूहतर्फको सिफारिस विवरण**

| विज्ञापनको प्रकार | महिला | | | पुरुष | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सहायक स्तर | अधिकृत स्तर | जम्मा | सहायक स्तर | अधिकृत स्तर | जम्मा | |
| दलित | ० | १ | १ | ७ | २ | ९ | १० |
| **जम्मा** | **०** | **१** | **१** | **७** | **२** | **९** | **१०** |

### ८.८ अपाङ्गता भएका समूहबाट सिफारिस

प्रतिवेदन अवधिमा अपाङ्गता भएका समूहका लागि मात्र लक्षित समावेशी विज्ञापनहरूबाट २ जना उम्मेदवारहरू सिफारिस भएका छन्। विभिन्न विज्ञापनबाट सिफारिस भएका दलित उम्मेदवारको सङ्ख्या तालिका नं. २५ मा प्रस्तुत गरिएका छन्।

**तालिका नं. २५**

**अपाङ्ग समूहतर्फको सिफारिस विवरण**

| विज्ञापनको प्रकार | महिला | | | पुरुष | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सहायक स्तर | अधिकृत स्तर | जम्मा | सहायक स्तर | अधिकृत स्तर | जम्मा | |
| अपाङ्गता | ० | ० | ० | २ | ० | २ | २ |
| **जम्मा** | **०** | **०** | **०** | **२** | **०** | **२** | **२** |

# परिच्छेद-९

# परामर्श, उजुरी र अदालती मुद्दा

## ९.१ कर्मचारी सेवाका सर्त सम्बन्धी कानूनका विषयमा परामर्श

प्रतिवेदन अवधिमा देहायबमोजिमका निकायका कर्मचारी सेवाका सर्त सम्बन्धी कानूनका विषयमा आयोगबाट देहायका उल्लेखित परामर्शहरू प्रदान गरिएको छ। जसको विस्तृत विवरण तालिका नं. २६ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. २६**

**कर्मचारी सेवा सर्त सम्बन्धमा प्रदान गरिएको राय परामर्श सम्बन्धी विवरण**

| क्र.नं. | विषय | निर्णय मिति |
|---|---|---|
| १. | प्रदेश निजामति सेवा नियमावली मस्यौदा उपर परामर्श | २०८०/०९/०५ |

## ९.२ विभागीय सजायका विषयमा परामर्श

आयोगबाट आ.व. २०८०/८१ मा विभिन्न स्थानीय तहहरूलाई विभागीय सजायका विषयमा प्रदान गरिएका परामर्शहरूको विस्तृत विवरण तालिका नं. २७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २७**

| क्र.सं. | विषय | निर्णय मिति |
|---|---|---|
| १. | भरतपुर महानगरपालिकामा कार्यरत कृषि सेवा, मत्स्य समूह, सहायकस्तर पाँचौ, प्राविधिक सहायकलाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ११८ को उपदफा (१) को खण्ड (ग) बमोजिमको कसूर गरेको हुँदा ऐ ऐनको दफा ११५ को (ख)(१) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने | २०८०।११।१६ |

## ९.३ सम्मानित अदालतमा विचाराधीन मुद्दा

प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालत र उच्च अदालतमा विभिन्न प्रकृतिका दश वटा मुद्दाहरू हालसम्म विचाराधीन अवस्थामा रहेका छन् । विचाराधीन मुद्दाहरूको विस्तृत जानकारी अनुसूची-१५ मा उल्लेख गरिएको छ ।

# परिच्छेद-१०

# साङ्गठनिक सुधार

## १०.१ रणनीतिक योजना

प्रदेश निजामती सेवा, स्थानीय सेवा तथा अन्य सरकारी सेवाका लागि योग्य मानव संशाधन सिफारिस गर्ने प्रमुख कार्यलाई प्रभावकारी रूपमा सम्पन्न गर्न सहयोग पुऱ्याउने मुख्य उद्देश्य आयोगले लिएको छ। सो उद्देश्य प्राप्तिका लागि सेवा प्रवाहमा सुधार, विज्ञ र सेवाग्राहीहरूको संलग्नता अभिवृद्धि र संस्थागत क्षमता सुदृढीकरण गर्ने विषय प्रमुख उपलब्धिका क्षेत्रको रूपमा पहिचान गरिएको छ। सो लक्ष्य हासिल गर्नका लागि निम्न रणनीतिहरू तय गरिएका छन्ः

- सेवा प्रवाहमा सुधार गर्ने
  - सार्वजनिक सेवामा क्षमतामा आधारित (Competency Based) छनोट प्रणाली लागू गर्ने।
  - सार्वजनिक सेवाका निकाय, सुरक्षा निकाय र सङ्गठित संस्थाहरूबाट वार्षिक पदपूर्ति तालिका अनुसारको माग समयमै उपलब्ध गराउने,
  - सरकार र सङ्गठित संस्थाका उच्च तहका व्यवस्थापकहरूको छनोट गर्दा कार्यक्षमतामा आधारित (Competency Based) नेतृत्व प्रणाली चरणबद्ध रूपमा लागू गर्ने,
  - सहायक स्तरका उम्मेदवारको छनोट पश्चात अल्पकालीन अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।
- विज्ञहरू र सेवाग्राहीहरूको संलग्नता अभिवृद्धि गर्ने
  - विशेष विज्ञता आवश्यक भएका क्षेत्रहरूमा विज्ञहरूको संलग्नता बढाउने,
  - नेपालको संविधानको धारा २४३ को व्यवस्था बमोजिम दिइएको सामान्य सिद्धान्त सम्बन्धी परामर्शको पालना सुनिश्चित गर्ने,
  - विशेष शैक्षिक योग्यता आवश्यक पर्ने वा कम दरखास्त भइ पदपूर्ति हुन नसकेको अवस्था वा तत्काल पदपूर्ति गर्नुपर्ने पदहरूका लागि विशेष व्यवस्था गर्ने,
  - आयोगमा अनुसन्धानका परिणाम र सामुहिक छलफलको आधारमा निर्णय गर्ने पद्धति अवलम्बन गर्ने।
- संस्थागत क्षमता सुदृढीकरण गर्ने
  - परिवर्तित सन्दर्भमा परिणाममुखी बनाउन संस्थागत पुनर्संरचना गर्ने,
  - नयाँ प्रविधि तथा सेवा सञ्चालनको लागि आवश्यक पर्ने पूर्वाधारहरू विकास गर्ने,

उक्त रणनीतिक लक्ष्य प्राप्तिका निमित्त कार्यसम्पादन सूचक, समयसीमा, जिम्मेवार निकाय तथा सफलताका लागि निर्णायक तत्वको पहिचान समेत गरिएको छ।

### १०.२ परीक्षा प्रणालीमा सुधार

धेरै सङ्ख्यामा दरखास्त पर्ने सहायकस्तर पाँचौं तहका पदहरूमा पदपूर्तिका लागि दुई चरणमा लिखित परीक्षा सञ्चालन गरिएको छ। त्यस्तै उम्मेदवारले परीक्षामा नेपाली वा अङ्ग्रेजी वा दुवै भाषामा उत्तर लेख्न पाउने व्यवस्था गरिएको छ। आयोगले आ.व. २०७९/८० देखि OMR प्रविधि प्रयोग गरिदैं परीक्षा सञ्चालन हुँदै आएको छ। परीक्षालाई मर्यादित तवरले सञ्चालन गर्न परीक्षा सञ्चालनमा खटिने जनशक्तिहरूलाई का लागि आवश्यक तालिम तथा अभिमुखीकरण गराई रोष्टर तयार गरिएको छ।

### १०.३ प्रविधिको प्रयोग

#### १०.३.१ अनलाइन प्रणाली

मिति २०७७ पौष १२ गते देखि आयोगका पाँचौं र छैटौं तहका लागि गरिएका विभिन्न सेवा, समूह, उपसमूह, तहका पदहरूको विज्ञापनको दरखास्त सङ्कलन गर्ने, दरखास्त दस्तुर बुझाउने, दरखास्त स्वीकृत गर्ने, रोल नम्बर कायम गर्ने, परीक्षा केन्द्र र परीक्षा समय, स्वीकृत नामावली तयार गर्ने लगायतका कार्यहरू आयोगको अनलाइन प्रणाली मार्फत सम्पादन हुँदै आएको छ।

#### १०.३.२ वेवसाइट

प्रयोगकर्ताहरूलाई सहज हुने गरी आयोगको वेवसाइट www.ppsc.bagamati.gov.np र ई-मेलः info.ppsc@bagamati.gov.np प्रयोगमा आईरहेको छ। मिति २०७७/०९/१२ देखि प्रदेश लोक सेवा आयोगले अनलाइन दरखास्त लिने व्यवस्था गरेको छ।

# परिच्छेद-११

# आयोगबाट सम्पादन भएका कामहरू

## ११.१ वार्षिक पदपूर्ति कार्यतालिका २०८०।८१ प्रकाशनः

आयोगले २०८० श्रावण ०१ मा आयोगको वार्षिक पदपूर्ति कार्यतालिकामा स्वीकृत गरी आयोगको वेवसाइटमा अपलोड समेत गरिएको थियो। प्रदेश सरकारको अनुरोधमा मिति २०८०/०७/१९ गते कार्यतालिका संशोधन गरीएको थियो।

## ११.२ आयोगको चौथो वार्षिक प्रतिवेदन प्रस्तुतः

आयोगको चौथो वार्षिक प्रतिवेदन मिति २०८०।०६।०५ मा माननीय प्रदेश प्रमुख श्री यादवचन्द्र शर्मासमक्ष प्रस्तुत गरिएको थियो। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११२ बमोजिम आयोगको २०७९ श्रावण १ गते देखि २०८० असार मसान्तसम्म आयोगले सम्पादन गरेका काम कारबाहीहरू प्रतिवेदनमा समेटिएका थिए। माननीय प्रदेश प्रमुख समक्ष पेस गरेको आयोगको तेस्रो वार्षिक प्रतिवेदन सम्बन्धी मिति २०८०/०६/०५ को प्रेस विज्ञप्ति अनुसूची-१६ मा प्रस्तुत गरिएको छ ।

## ११.३ पदपूर्ति सम्बन्धमा गरिएको निरीक्षणः

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ८० बमोजिम संविधान, यस ऐन नियमावली र प्रचलित कानून तथा आयोगले समय समयमा तोकेको कार्यविधि र सर्त बमोजिम नियुक्ति, बढुवा र विभागीय कारबाही भएको छ छैन भन्ने सम्बन्धमा आयोगले प्रदेश सरकारका विभिन्न मन्त्रालय, विभाग, निर्देशनालय र कार्यालय, स्थानीय तह, प्रदेश अन्य सरकारी सेवा सञ्चालन गर्ने निकाय प्रदेश सङ्गठित संस्था र स्थानीय तहको सङ्गठित संस्थाको निरीक्षण गर्न सक्नेछ भन्ने व्यवस्था भएको।

<u>कानून प्रासङ्गिक कुरा</u>

- प्रदेश निजामती सेवा ऐन २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ ले कुनै पनि कार्यालयमा स्वीकृत स्थायी दरबन्दी रिक्त भएमा लोक सेवा आयोगमा स्थायी पदपूर्तिका लागि माग गरी पठाउनुपर्ने व्यवस्था गरेको।
- स्वीकृत स्थायी दरबन्दीमा ऐनले तोकेको पदमा बाहेक करारमा काम लगाउन नपाइने व्यवस्था गरेको।
- प्रदेश लोक सेवा आयोग ऐन, २०७६ ले प्रदेश र स्थानीय तहहरूमा आयोगले रिक्त पदपूर्ति, नियुक्ति, वढुवा र विभागीय कारबाहीको सम्बन्धमा निरीक्षण गर्न सक्ने व्यवस्था गरेको।

### ११.४ आयोगको चौथो वार्षिकोत्सव, २०८०

प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको तेस्रो स्थापना दिवसको अवसरमा मिति २०८०/०८/०५ गते आयोगको चौथो वार्षिकोत्सव कार्यक्रम सम्पन्न भएको थियो। आयोगको चौथौं वार्षिक उत्सवका अवसरमा आयोगको आ.व. २०७९/८० मा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरूलाई नगद र प्रमाणपत्र सहित सम्मान गरिएको थियो। उत्कृष्ट कार्यसम्पादन गरी सम्मानित हुने कर्मचारीहरूको नामावली तालिका नं. २८ मा उल्लेख गरिएको छ।

**तालिका नं.२८**

**उत्कृष्ट कार्यसम्पादन गरी सम्मानित हुने कर्मचारीहरूको नामावली**

| क्र.सं. | पद | नाम, थर | शाखा |
|---|---|---|---|
| १ | सहायक पाँचौं | श्री दिपेश महर्जन | लिखित परीक्षा नतिजा तयारी शाखा |
| २ | कार्यालय सहयोगी | श्री राजु प्रसाद चौलागाई | प्रश्नपत्र परीमार्जन शाखा |

### ११.५ प्रदेश लोक सेवा आयोगहरूको अनुभव आदान प्रदान तथा अन्तरक्रिया कार्यक्रम

प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशको आयोजनामा मिति २०८०/११/२२ गते विरेन्द्रनगरमा एक दिवसिय प्रदेश लोक सेवा आयोगहरूको अनुभव आदान प्रदान तथा अन्तरक्रिया कार्यक्रम प्रदेश लोक सेवा आयोगहरूको सहभागीतामा सम्पन्न भएको थियो। प्रदेश लोक सेवा आयोगहरूले कार्यसम्पादन गर्ने क्रममा आइपरेका समस्याहरू र त्यसको समाधान तथा असल अभ्यासहरूको अनुभव आदान प्रदान गरी कार्यक्रम समापन गरियो

### ११.६ लोक सेवा आयोगहरूको चौथो राष्ट्रिय सम्मेलनः

कर्णाली प्रदेश, सुर्खेत विरेन्द्रनगर नगरपालिकामा मिति २०८० फागुन २३ र २४ गते लोक सेवा आयोगको समन्वयमा प्रदेश लोक सेवा आयोगहरू सम्मिलित लोक सेवा आयोगहरूको चौथो राष्ट्रिय सम्मेलन (Fourth National Conference of Public Service Commissions of Nepal) सम्मन्न भयो।उक्त सम्मेलनमा लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूका माननीय अध्यक्षहरू, माननीय सदस्यहरू, आयोगका श्रीमान् सचिवहरू सहित सम्बद्ध राष्ट्रसेवक कर्मचारीहरूको गरिमामय उपस्थितिमा सम्मेलन भएको थियो।

उक्त सम्मेलनमा लोक सेवा आयोगको योग्यता, निष्पक्षता, स्वच्छता र विश्वसनीयताको मूल मर्मप्रति सम्मान व्यक्त गर्दै, योग्यता प्रणालीको प्रवर्द्धक र संरक्षकको जिम्मेवारी बोध गर्दै, भर्ना र छनोट पद्धतिमा विद्यमान सिद्धान्त, मापदण्ड र मूल्य मान्यतालाई अक्षुण्ण राखी समयानुकूल सुधार गर्दै, सार्वजनिक प्रशासनमा समयानुकूल सुधार गर्न आयोगको परीक्षा प्रणालीमा नवीनतम प्रविधिलाई

आवश्यकतानुसार अवलम्बन एवं उपयोग गर्दै जान, नेपालको संविधान र कानूनको मर्म एवं भावना अनुसार समावेशी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्यवन गर्न, कर्मचारीको वृत्ति विकासको सुनिश्चितता, व्यवस्थापन र सार्वजनिक प्रशासनमा रहेको सङ्क्रमणको अन्त्य गर्न यथाशीघ्र सङ्घीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन र स्थानीय सरकारी सेवा ऐन जारी गर्न नेपाल सरकार र प्रदेश सरकारसँग अनुरोध गर्न, सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, सेवामुखी, मर्यादित र व्यवस्थित बनाउन निरन्तर क्रियाशील रहन, लोक सेवा आयोगहरूलाई योग्यता उतकृष्ट केन्द्रको रूपमा कायम राख्न प्रतिबद्ध रहन र लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूबीच निरन्तर समन्वय र सहयोगको वातावरण कायम राख्न प्रतिबद्ध भएको कुरासहित घोषणापत्र जारी गरिएको थियो।

लोक सेवा आयोगका संस्थागत मूल्यहरू योग्यता, निष्पक्षता, स्वच्छताको मूल मर्म अनुसार गोपनीयता एवं विश्वसनीयता सुनिश्चित हुने गरी कार्यसम्पादन गर्नका लागि प्रदेश लोक सेवा आयोगहरूको सङ्गठन संरचना र शाखागत कार्यविवरणमा एकरूपता कायम गर्न लोक सेवा आयोगका प्रशासन तथा निरीक्षण महाशाखा प्रमुखको संयोजकत्वमा प्रदेश लोक सेवा आयोगका सचिवहरू सदस्य रहने गरी समिति गठन गर्ने लगायतका १३ बुँदे निर्णयहरू पनि गरिएको थियो। ती घोषणापत्र र निर्णयहरू अनुसूची १८ मा उल्लेख गरिएको छ।

**११.७ अन्तर प्रदेश लोक सेवा आयोगहरूको भ्रमणः**

अन्तर प्रदेश लोक सेवा आयोगहरूसँगको अनुभव आदान प्रदान एवं कार्यगत एकताका लागि आयोगको माननीय अध्यक्ष तथा सदस्यहरूबाट विभिन्न मितिहरूमा भ्रमण गरिएको थियो। सो को विवरण तालिका नं. २८ मा उल्लेख गरिएको छ।

**तालिका नं. २९**

| सि.नं. | पद | पदाधिकारीको नाम | भ्रमण स्थान | मिति |
|---|---|---|---|---|
| १ | सदस्य | शर्मिला नेउपाने | गण्डकी प्रदेश | २०८१।०३।०८ देखि १० गते सम्म |

**११.८ आयोगको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O & M)**

प्रदेश लोक सेवा आयोगको दरबन्दी संरचना अस्थायी रहेकोमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अनुरोध अनुसार आयोगको सङ्गठन संरचना तथा व्यवस्थापन सर्वेक्षण भइ कुल ४२ स्थायी दरबन्दी सहितको संगठन संरचना मिति २०८०/०६/१५ मा स्वीकृत भएको छ।

# परिच्छेद-१२

# आयोगले जिम्मेवारी निर्वाहमा देखेका समस्याहरू

## १२.१ आयोगमा कर्मचारीको अभाव

प्रदेश लोक सेवा आयोगको कार्यालयमा स्वीकृत दरबन्दी कुल ४२ जना भएता पनि राजपत्राङ्कित प्रथम श्रेणी १, अधिकृत नवौं ३, अधिकृत आठौं २, अधिकृत सातौं २, राजपत्राङ्कित तृतीय श्रेणी २, कानून अधिकृत १, अधिकृत छैठौं २ र सहायक पाँचौं ६, खरिदार १ कार्यालय सहयोगी ४ र हलुका सवारी चालक २ गरी जम्मा २६ जना कर्मचारीबाट कार्यालय व्यवस्थापन गरिएको ।छआयोगको सङ्गठनात्मक संरचना, दरबन्दी तथा पदपूर्तिको अवस्था र आयोगमा कार्यरत कर्मचारीहरूको विवरण क्रमशः अनुसूची-१, अनुसूची-२ र अनुसूची-३ मा उल्लेख गरिएको छ। स्वीकृत दरबन्दीको झण्डै ६० प्रतिशत मात्र कर्मचारीले आयोगको माग सङ्कलन, विज्ञापन, विशेषज्ञबाट प्रश्न पत्र निर्माण र परिमार्जन, लिखित परीक्षा सञ्चालन, दोहोरो कोडिङ, उत्तर पुस्तिका परीक्षण, लिखित परीक्षाको नतिजा प्रकाशन, अन्तर्वार्ता सञ्चालन, सिफारिस, सिफारिस भएका कर्मचारीलाई अभिमुखीकरण कार्यक्रम र सिफारिस पत्र वितरणजस्ता अत्यन्त गहन कार्य सहज हिसाबबाट सम्पादन गर्न कठिनाइ भइरहेको छ।

## १२.२ भौतिक पूर्वाधारको अभाव:

आयोगको क्रियाकलाप र कामको प्रकृति तथा गरिमा उच्च बनाउन भाडाको भवन अपर्याप्त मात्रै होइन उपयुक्त पनि नहुने हुँदा आयोगको आफ्नै भवन आवश्यक देखिन्छ। आयोगको लागि पर्याप्त कोठा र सुरक्षा अति नै महत्त्वपूर्ण हुन्छ। यसतर्फ आयोगले बेलाबखत प्रदेश सरकार समक्ष गम्भिर रूपमा ध्यानाकर्षण गराइरहेको छ।

## १२.३ सवारी साधन र पारिश्रमिक सुविधा

आयोगको कार्यबोझ र कार्य प्रकृतिका आधारमा परीक्षा सामाग्री ढुवानी तथा यातायातका लागि सवारी साधनको अभाव रहेको छ। प्रदेश लोक सेवा आयोग ऐनको अनुसूचीमा व्यवस्था भए बमोजिमको पदाधिकारीहरूको सेवा सुविधा समय सापेक्ष पुनरावलोकन नभएको। आयोगको भौतिक स्रोत साधनहरूको अवस्था अनुसूची ४ मा उल्लेख गरिएको छ।

## १२.४ पदपूर्तिमा भएका समस्याहरू

मागको आधारमा आयोगले पदपूर्तिको प्रक्रियाहरू पूरा गरी सिफारिसहरू गरिरहेको छ। केही स्थानीय तहहरू रिक्त पदहरू पदपूर्तिका लागि माग पठाउने विषयमा अनुदार देखिएका छन् भने केही

स्थानीय तहहरूले प्रदेश लोक सेवा आयोगबाट सिफारिस भएका उम्मेदवारहरूलाई नियुक्ति नदिने हाजिर नगराउने तथा फिर्ता पठाउने प्रवृत्ति देखिएको छ। त्यसैगरी केही स्थानीय तहहरूले पदपूर्ति गरिएको पद रिक्त भए पश्चात पद लुकाइ बैकल्पिक सिफारिसको लागि जानकारी नदिने, आयोगको परामर्श नलिई तथा कानूनहरू नबनाई तह वृद्धि/बढुवा गर्ने गरेको देखिन्छ। त्यस्तै गरी प्रदेशका मन्त्रालयहरूमा रिक्त रहेका दरबन्दीमा पदपूर्ति गर्नका लागि माग आकृति फाराम भरी पठाउन अपेक्षा गरे अनुरुप उत्साहित देखिएका छैनन्।

### १२.५ प्रदेश निजमती सेवा नियमावली र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली नहुँदा कामकारबाहीमा जटिलता

प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मिति २०७९/११/१८ मा बागमती प्रदेश सरकारबाट जारी भइ लागू भएको तर उक्त ऐनलाई कार्यान्वयनमा ल्याउन आवश्यक पर्ने तत् तत् नियमावलीहरू जारी नहुँदा विभिन्न जटिलताहरू उत्पन्न भएका छन्। अतः यथाशीघ्र ती नियमावलीहरू जारी हुनुपर्ने देखिन्छ। त्यस्तै प्रदेश निजामती सेवा ऐन, २०७९ र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा सो को नियमावलीसँग शैक्षिक योग्यता, उमेर लगायत कतिपय विषयमा बाझिएकोले पदपूर्ति पश्चात् सो विषयलाई लिएर आयोग एवम् सम्मानित अदालतहरूमा उजुरीहरू पर्दा आयोगको कामकारवाहीमा विलम्ब हुने गरेको छ।

# परिच्छेद-१३
## सुझाव तथा कार्यान्वयनको स्थिति

१. सरकारका अस्थायी प्रकृतिका आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा सरकारद्वारा स्वीकृत अस्थायी दरबन्दी रहन सक्ने व्यवस्था छ। त्यस्ता निकायहरूको वार्षिक बजेट तथा कार्यक्रम बमोजिम बार्षिक रूपमा आवश्यक पर्ने जनशक्ति निजामती सेवाको स्थायी कर्मचारी काजमा खटाई काम काज गराउनु पर्ने र स्थायी कर्मचारीबाट पदपूर्ति हुन नसकेमा मात्र आयोजना प्रमुख, लेखा प्रमुख र जिन्सी संरक्षक बाहेकका पदमा करारबाट कामकाज गराउनु पर्नेमा प्रतिवेदन अवधिमा बागमती प्रदेश सरकारका निकायहरूमा करिव १५०० भन्दा बढी अस्थायी दरबन्दी सृजना गरी १ वर्षका लागि करारबाट मात्र कामकाज गराइएको र नेपालको संविधान, प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड) ऐन तथा प्रदेश लोक सेवा आयोग ऐनहरूमा भएको ६ महिना भन्दा बढी अवधिका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेमा कुनै पनि पदमा आयोगको परामर्श लिइएको छैन। यसरी अस्थायी कर्मचारी राख्नुपर्ने अवस्था भएमा प्रदेश लोक सेवा आयोगको सिफारिसमा वैकल्पिक तथा अस्थायी सूचीमा रहेका उम्मेदवारहरूलाई काममा लगाउँदा सक्षम कर्मचारी पूर्ति हुने, छनोट प्रक्रिया अवलम्बन गर्दा समय र खर्च बचत हुन जाने भएकाले त्यसतर्फ ध्यान जानुपर्छ।संगठन तथा व्यवस्थापन सर्वेक्षण (O and M) वस्तुपरक बनाउने तर्फ सम्बन्धित निकायहरू संवेदनशी हुनु जरुरी छ।

२. प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा १० को उपदफा ५ को खण्ड ख मा प्रदेश निजामती सेवा प्रदेश अन्य सरकारी सेवा प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा कर्मचारीको सेवा सर्त सम्बन्धी कानूनको विषयमा आयोगको परामर्श लिनु पर्ने व्यवस्था छ। बागमती प्रदेश सरकारद्वारा मिति २०७९।११।१८ मा जारी भएका प्रदेश निजामती सेवा ऐन २०७९ र स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०७९ तर्जुमाका क्रममा औपचारिक रूपमा आयोगसँग कुनै परामर्श माग गरिएन। आयोग आफै अग्र कृयाशील भै उक्त दुवै कानूनका विधेयकहरूमा ११ पृष्ठ लामो परामर्श दिइएको भएता पनि उक्त परामर्शलाई पुरै वेवास्ता गरी ऐन पारित गरियो। यस प्रतिवेदनमा उक्त परामर्श अनुसूची-२४ र अनुसूची-२५ मा समावेश गरिएको छ। प्रदेश निजामती सेवा ऐन, २०७९ र

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ निर्माणमा आयोगले प्रदान गरेको परामर्श नसमेटिदा बढुवातर्फ पदपूर्तिमा समस्या देखिएकाले दुवै ऐनका आवश्यक प्रावधानहरू पुनरावलोकन गर्नेपर्ने देखिन्छ।

३. प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा (९) को उपदफा (१) सँग अनुसूची-१(क) मा प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूको पारिश्रमिक सेवा र सुविधाको बारेमा उल्लेख गरिएको छ। उक्त पारिश्रमिक र सुविधा प्रदेश सरकारको एघारौं तहको भन्दा पनि न्यून छ। अनुसूचीमा त्यतिवेला व्यवस्था गरिएको पारिश्रमिक र सेवा सुविधामा हालसम्म पनि वृद्धि गरिएको छैन। उक्त अनुसूची प्रदेश सरकार मन्त्रिपरिषदले हेरफेर गर्न सक्ने व्यवस्था छ। आयोगले पारिश्रमिक र सुविधा वृद्धिका लागि २०७९ असार १३ मा निर्णय गरी प्रदेश सरकारलाई अनुरोध गरेको र तत्पश्चात पटक पटक ताकेता गरिएको भएतापनि हालसम्म सुनुवाई भएको छैन।

| १९ | ०८०-WO-०४७९ (सर्वोच्च अदालत) | उत्प्रेषण/ परमादेश | दिवाकर प्रसाद समेत वि. प्रदेश लोक सेवा आयोग बागमती प्रदेश समेत | | अन्य प्रदेशबाट कर्मचारीहरू बागमती प्रदेशमा आउने, समायोजन हुने, कार्यलय प्रमुख तोकिने आदि कार्यबाट प्रदेशका कर्मचारीको वृत्ति विकासमा आघात पुगेकोले त्यस्ता कार्य रोकी प्रदेशकै कर्मचारीलाई जिम्मेवारी प्रदान गर्न परमादेशको माग दावी भएको ।<br>संघ तथा अन्य प्रदेशबाट कर्मचारीहरू बागमती प्रदेशमा आउने, |

| सि.नं. | मुद्दा तथा अदालत | मद्धाको नाम | पक्ष/विपक्ष | मुद्धाको स्थिति | विषयवस्तुको संक्षिप्त विवरण |
|---|---|---|---|---|---|
| | | | | | समायोजन हुने, कार्यलयप्रमुख तोकिने कार्य आयोगको क्षेत्राधिकारका विषय होइनन् र आयोगले त्यस्ता कार्यहरू सम्पादन गर्दैन भन्ने तथ्यहरू जान्दा जान्दै पनि प्रदेश सरकारको प्रशासनिक कामकारवाहीका सन्दर्भमा असम्वन्धित आयोग र सम्मानित अदालतको समेत समय बर्वाद पार्ने र हैरानी दिने दुषित र दुराशाययुक्त मनाशायबाट प्रेरित भइ **" एक ठाउँमा बहुमल्य नम्वरी सुन हराएको तर उज्यालो भएर यहाँ खोजेको "** भन्ने वीरवल र अङ्कबरको कथाको झल्को दिने गरी दायर यो रिट निवेदन **"जसबाट आफ्नो हकमाथि आघात पुगेको हो उसैबाट उपचार खोजिनुपर्ने"** न्यायिक मान्यता समेतको बर्खिलाप भएकोले रिट निवेदन आयोगको हकमा खारेज गरी फुर्सद दिलाइ पाउँ भन्ने व्यहोराको लिखित जवाफ फिराइएको। |
| २० | ०८०-AC-००३६ (प्रशासकीय अदालत) | बढुवा निर्णय बदर | अनिल झा वि. प्रदेश लोक सेवा आयोग बागमती प्रदेश समेत | फैसला | “प्रदेश लोक सेवा आयोगले मिनबहादुर थापाको सेवा अवधि करिव ६ दिन बढाइ बढुवा समितिको निर्णय बदर गरेकोले बढुवा सिफारिस बदर सम्वन्धी निर्णय बदर गर्न माग गरेको "<br>मिनबहादुर थापा मिति २०७३/०९/२९ गते निजामती सेवामा प्रवेश गरेको र सेवा अवधि गणना गर्ने प्रयोजनको मिति २०७९/०९/१७ सम्म जम्मा सेवा अवधि २१८० दिन हुनुपर्नेमा बढुवा समितिले २१७४ दिन मात्र गणना गरी भौगोलिक क्षेत्रमा काम गरेवापत प्राप्त हुने अंक (प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ३८ को उपदफा (१) को व्यवस्था) पूरा प्रदान नगरी मिनबहादुर थापाको भन्दा पुनरावेदकको ०.०१ अंक बढी भएको भनी बढुवा समितिले गरेको सिफारिस त्रुटिपूर्ण देखिएको, आयोगले प्रत्येक वर्षको महिना र दिन समेत गणना गरी प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ३८(१) बमोजिम विभिन्न भौगोलिक क्षेत्र वापत काम गरेको |

| सि.नं. | मुद्धा तथा अदालत | मद्धाको नाम | पक्ष/विपक्ष | मुद्धाको स्थिति | विषयवस्तुको संक्षिप्त विवरण |
|---|---|---|---|---|---|
| | | | | | अंक प्रदान गर्दा मिनबहादुर थापाको **१४.४१२०६२ हुनु पर्नेमा बढुवा समितिले जम्मा १४.३५ मात्र अंक प्रदान** गरेको देखिएको, मिन बहादुर थापाले १४.४१२०६२ अंक प्राप्त गरी भएको कुल अंक पुनरावेदकले प्राप्त गरेको कुल अंक भन्दा बढी भएकोले बढुवा समितिले गरेको बढुवा सिफारिस बदर गर्ने निर्णय गरेको हुँदा पुनरावेदन खारेज गरी पाउँ भन्ने व्यहोराको लिखित प्रतिवाद फिराइएको । |
| २१ | ०८०-AC-००३९ (प्रशासकीय अदालत) | बढुवा निर्णय बदर | टंक बहादुर अधिकारी वि. प्रदेश लोक सेवा आयोग बागमती प्रदेश समेत | चालू | **"स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ को दफा ३१ को उपदफा (१) मा निर्धारित शैक्षिक योग्यता "सम्बन्धित विषयमा स्नातक तह उत्तिर्ण" भएको हुनुपर्नेमा निजको निर्धारित शैक्षिक योग्यता नभएकोले सम्भाव्य उम्मेदवारबाट हटाउने"** गरी बढुवा समितिले गरेको निर्णयलाई नै सदर गर्ने आयोगको निर्णय बदर गरी मलाई बढुवा नियुक्ति दिलाई पाउँ भन्ने माग दावी रहेको।<br>स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ ले कार्यक्षमताको मुल्यांकनद्वारा हुने बढुवाको लागि सम्वन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण हुनुपर्ने व्यवस्था गरेता पनि ऐ अध्यादेशको दफा ४६ को उपदफा (१) को खण्ड (ख) बमोजिम ज्येष्ठता तथा कार्यसम्पादन मूल्यांकनका आधारमा हुने बढुवाको हकमा निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० बमोजिम न्यूनतम शैक्षिक योग्यता कम्तीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा सो सरहको भएको हुनुपर्ने व्यवस्थालाई अंगीकार गरेको छ। बजारका प्रतिभावान युवा जनशक्तिलाई सेवामा प्रवेश गराउने र समायोजन भइ आएका कर्मचारीको पनि अधिकार तथा बृत्ति विकासमा बन्देज तथा अबरुद्द नहोस भन्ने भावना/मर्मका साथ कर्मचारीहरूको विगतको योगदानलाई सम्मान र सेवामा आवश्यक |

| सि.नं. | मुद्धा तथा अदालत | मद्धाको नाम | पक्ष/विपक्ष | मुद्धाको स्थिति | विषयवस्तुको संक्षिप्त विवरण |
|---|---|---|---|---|---|
| | | | | | माथिल्लो शैक्षिक योग्यतायुक्त सक्षम, जुझारु र प्रतिभावान जनशक्ति आकर्षित गर्न सकियोस भनी व्यापक छलफल/मन्थन पछि यो अध्यादेश कार्यान्वयनमा आएको हो। एउटै पदमा हुने फरक फरक बढुवामा शैक्षिक योग्यता फरक/फरक राखिनु सुविधा सन्तुलन, विगतको योगदानको मूल्यांकंन र भविष्यप्रतिको सचेतना समेत हो । "Socity is Faster Than law" भन्ने भनाईलाई नयाँ बन्ने कानूनले सम्वोधन गर्नु पर्दछ। फरक परिवेश, व्यवस्था, अवस्था, फरक संविधान तथा समयको माग र आवश्यकतालाई सम्वोधन गर्न बागमती प्रदेशको ऐ अध्यादेश सफल भएको छ। कुन पदलाई कुन किसिमको बढुवामा कस्तो शैक्षिक योग्यता आवश्यक हुने भन्ने विषय नीतिगत विषय समेत हो। अध्यादेश बमोजिम स्पष्ट शैक्षिक योग्यता नभएको थाहा हुँदा हुँदै योग्यता विना नै आवेदन दिने र बढुवामा नपरेपछि सफा हात विना सम्मानित अदालत प्रवेश गरेको देखिएको साथै विधायिकी क्षेत्राधिकारमा प्रश्न गरी पुनरावेदन दायर भएको हुँदा पुनरावेदन खारेज गरी पाउँ भन्ने व्यहोराको लिखित प्रतिवाद फिराइएको । |

## अनुसूची-१६:

## प्रदेश प्रमुख श्री यादवचन्द्र शर्मासमक्ष प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको चौथो वार्षिक प्रतिवेदन २०७९/८० प्रस्तुती

प्रदेश लोक सेवा आयोग
बागमती प्रदेश हेटौंडा

प.सं.
च.नं
मिति:२०८०।०६।०५

प्रदेश प्रमुख माननीय श्री यादवचन्द्र शर्मासमक्ष प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको चौथो वार्षिक प्रतिवेदन २०७९/८० प्रस्तुति सम्बन्धी

**प्रेस विज्ञप्ति**

आज मिति २०८० साल असोज ०५ गते शुक्रबार विहान ११:३० बजे प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशका अध्यक्ष श्री सुरेश मान श्रेष्ठले बागमती प्रदेशका माननीय प्रदेश प्रमुख श्री यादवचन्द्र शर्माज्यू समक्ष आयोगको चौथो वार्षिक प्रतिवेदन २०७९/०८० पेश गर्नु भयो। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ११२ बमोजिम पेस गरिएको यो वार्षिक प्रतिवेदनमा मिति २०७९ श्रावण १ गते देखि २०८० आषाढ ३१ गते मसान्तसम्म आयोगले सम्पादन गरेका काम कारवाहीहरू समेटिएका छन्।

प्रतिवेदनमा आयोगको गठन र कार्य क्षेत्र, कार्यसम्पादन हुँदा अवलम्बन गरिने सिद्धान्तहरू प्रशासनिक तथा वित्तीय स्थिति, परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम, आयोगबाट परीक्षा सञ्चालन सम्बन्धमा सम्पादन भएका कामहरू, परामर्श र उजुरी सम्बन्धी काम, आयोगले कार्य सम्पादन गर्दा आइपरेका कठिनाइ तथा आयोगका तर्फबाट सुझावहरू प्रस्तुत गरिएको छ। प्रतिवेदनमा समेटिएका मुख्य मुख्य कुराहरू तल उल्लेख गरिएका छन्:

नेपालको संविधानको धारा २४४ अनुसार सङ्घीय संसदले पारित गरेको प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बमोजिम बागमती प्रदेशको प्रदेश सभाले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ पारित गरी मिति २०७६ साल मङ्सिर २ गतेबाट प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको गठन भएको हो। संवैधानिक प्रावधानअनुसार लोक सेवा आयोगको स्थापित मूल्य, मान्यता र मापदण्डलाई आत्मसात गर्दै बागमती प्रदेश सरकार र प्रदेश भित्रका स्थानीय तहहरूका विभिन्न निकायमा विभिन्न सेवा समूह र तहका रिक्त पदहरू पदपूर्तिका लागि उपयुक्त उम्मेदवार छनौट गरी नियुक्तिका लागि सिफारिस गर्न आयोग क्रियाशील रहँदै आएको छ। आयोगले आफ्नो कार्यसम्पादन गर्दा योग्यता, गोपनीयता, स्वच्छता, निष्पक्षता, समावेशिता, सामान अवसर, द्विअन्ध, परिचय शून्यता र असंलग्नताको सिद्धान्तलाई अनुसरण गर्ने गरेको छ।

यस क्रममा आयोगद्वारा आर्थिक वर्ष २०७९/८० मा विभिन्न सेवा, समूह, तहका पदहरूको विज्ञापन प्रकाशन गरी ती पदहरूको परीक्षा सञ्चालन लगायतका परीक्षा सम्बन्धी कार्यसम्पादन गर्नुका अतिरिक्त गत आर्थिक वर्ष २०७७/७८, २०७८/७९ र २०७९/८० मा विज्ञापन भई स्थायी नियुक्तिका लागि सिफारिस हुन बाँकी पदहरूमा उपयुक्त उम्मेदवार छनौट गरी नियुक्तिका लागि सिफारिस गरिएको छ।

१

# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश हेटौंडा

कानून बमोजिम प्रदेश सरकार, सम्बन्धित स्थानीय तहहरू एवं अन्य सरोकारवाला निकायहरूबाट ती निकायका कर्मचारीहरूको सेवाको सर्त सम्बन्धी कानून, विभागीय सजाय लगायतका विषयमा आयोगको ऐन बमोजिम माग भई आएका विषयमा आयोगबाट परामर्श उपलब्ध गराइएको छ। साथै आयोगलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालत र उच्च अदालतमा दायर भएका विभिन्न मुद्दाहरूमा आयोगको प्रतिरक्षा र आरोपहरूको प्रतिवाद गरिएको छ।

आर्थिक वर्ष २०७९/८० को अवधिमा आयोगद्वारा सम्पादित कार्यहरूको कार्यकारी सारांश देहायबमोजिम रहेको छः

- **वार्षिक पदपूर्ति कार्यतालिकाः** आयोगबाट प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा, प्रदेशका सङ्गठित संस्थाको पदपूर्तिका लागि वार्षिक पदपूर्ति कार्यतालिका मिति २०७९/०४/१९ गते प्रकाशन गरिएको थियो।
- **पाठ्यक्रमहरू नयाँ निर्माण तथा परिमार्जनः** विभिन्न सेवा, समूह र तहका ४५ वटा पाठ्यक्रमहरू नयाँ निर्माण भएका छन् भने प्रदेश प्रशासन सेवा र स्थानीय सेवाको प्रशासन नवौं तहको पाठ्यक्रम परिमार्जन भएका छन्।
- **दरखास्त माग गरिएको सङ्ख्याः** विभिन्न सेवा सञ्चालन गर्ने निकायहरूबाट रिक्त पदपूर्तिका लागि आयोगमा माग भए अनुरूप ८२ वटा बढुवा सूचना, ९ वटा आन्तरिक अन्तर सेवा विज्ञापन, १० वटा अन्तर सेवा विज्ञापन, ५४ खुला प्रतियोगितात्मक र ६१ वटा समावेशी समूहका गरी जम्मा १३४ वटा बढुवा सूचना तथा विज्ञापनहरू प्रकाशन गरिएको छ। उक्त विज्ञापनहरूबाट बढुवातर्फ १५४, आन्तरिक अन्तर सेवातर्फ १०, अन्तर तहतर्फ ११, खुला प्रतियोगितातर्फ ४८१ तथा महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका समावेशी प्रतियोगितातर्फ जम्मा २९४ गरी जम्मा ९५० पदका लागि दरखास्त माग गरिएको थियो।
- **दरखास्त स्वीकृत सङ्ख्याः** यस अवधिमा प्रकाशित आन्तरिक, खुला तथा समावेशी समूहका विज्ञापनका लागि आयोगको अनलाइन दरखास्त प्रणालीमा कुल ५२,२३९ जनाले अनलाइन दरखास्त पेस गरेका थिए। जसमध्ये ४२,१५९ जनाको दरखास्त स्वीकृत भएको थियो।
- **प्रश्नपत्रहरू परिमार्जन सङ्ख्याः** सङ्ख्याः यस अवधिमा सञ्चालन भएका विभिन्न सेवा, समूह, उपसमूह र तहका पदहरूको लिखित परीक्षाहरूको लागि जम्मा ५८५ सेट प्रश्नपत्रहरू परिमार्जन गरिएका थिए।
- **परीक्षाहरूमा सम्मिलित सङ्ख्याः** यस अवधिमा सञ्चालन भएका विभिन्न सेवा, समूह, उपसमूह र तहका पदहरूको लिखित परीक्षाहरूमा ९,५५९ महिला र १५,६४९ पुरुष गरी कुल २५,२०८ उम्मेदवार सम्मिलित भएका छन्। जसमध्ये २४,७२४ जना खुलातर्फ र समावेशी अन्तर्गत ८,७७३ जना महिला, ३,९२१ जना आदिवासी/जनजाति, २,८४८ जना मधेसी, ८७७ जना दलित, २५५ जना अपाङ्ग र २७ जना पिछडिएको क्षेत्रका उम्मेदवारहरूले परीक्षा दिएका छन्।
- **उत्तरपुस्तिकाको प्रथम तथा द्वितीय सङ्केतीकरण (Sigle and Double Coding) सङ्ख्याः** यस आर्थिक वर्षमा सञ्चालन भएका विभिन्न सेवा, समूह र तहका पदहरूको लिखित परीक्षाहरू पश्चात् प्राप्त हुन आएका जम्मा

२५,१८८ परीक्षार्थीहरूको २४,०४२ थान OMR (Optical Mark Recognition) उत्तरपुस्तिकाहरूको अर्धकट्टी र विवरण खण्ड छुट्याउने कार्य भएको थियो भने ३०,८६८ थान उत्तरपुस्तिकाहरूको प्रथम तथा द्वितीय सङ्केतीकरण (Double Coding) गरिएको थियो।

- **उत्तरपुस्तिका परीक्षण:** आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को अवधिमा प्रथम तथा द्वितीय सङ्केतीकरण गरिसकेपश्चात्का बिभिन्न सेवा, समूह, उपसमूह, तहका पदहरूको जम्मा ६७,००१ वटा उत्तरपुस्तिकाहरू परीक्षण गराइएको छ। जसमध्ये २०,११२ वटा विभिन्न सेवा, समूह र तहका पदहरूको विषयगत उत्तरपुस्तिकाहरू तत् तत् विषय विज्ञहरू मार्फत र ४६,८८९ वटा वस्तुगत उत्तरपुस्तिकाहरू OMR प्रविधिबाट परीक्षण गराइएको थियो।
- **उम्मेदवार सिफारिस सङ्ख्या:** यस आर्थिक वर्षको अवधिमा बिभिन्न सेवा, समूह, उपसमूह र तहका पदहरूको लिखित परीक्षा नतिजा प्रकाशनबाट कुल १,४९० जना उम्मेदवारहरू अन्तर्वार्ताका लागि छनौट भएका थिए। जसमध्ये आर्थिक वर्ष २०७९/८० को अवधिमा कुल ७१३ जना उम्मेदवारहरू स्थायी नियुक्तिका लागि सिफारिस भएका थिए। जसमध्ये १७ जना आन्तरिक प्रतियोगिता, ४४७ जना खुला र बिभिन्न समावेशी समूहहरूमा कुल २४९ जना उम्मेदवारहरू स्थायी नियुक्ति लागि सिफारिस भएका थिए। ती समावेशी समूहहरूको कुल २४९ जना उम्मेदवारहरू मध्ये १३५ जना महिला, ६४ जना आदिवासी/जनजाती, ३२ जना मधेसी र १८ जना दलित कोटामा सिफारिस भएका थिए।
- प्रदेशको सङ्गठित संस्थातर्फ आर्थिक वर्ष २०७९/८० को अवधिमा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, बागमती प्रदेशको बिभिन्न सेवा, समूह, तहका पदहरूको लागि कुल १९ जना उम्मेदवारहरू स्थायी नियुक्तिको लागि सिफारिस गरिएको थियो।
- **सेवा सर्त सम्बन्धी विषयमा परामर्श:** यस अवधिमा आयोगबाट ५ वटा कर्मचारी सेवा सर्त सम्बन्धी विषयमा परामर्श प्रदान गरिएको छ भने २ वटा निकायहरूलाई बिभागीय सजायका विषयमा परामर्श प्रदान गरिएको छ।
- **माग आकृति फाराम भरी पठाउन ध्यानाकर्षण गराइएको:** बागमती प्रदेश सरकारद्वारा मिति २०७९/११/१८ मा प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ जारी भएपश्चात् उपरोक्त ऐनहरूमा भएको प्रावधानबमोजिम यथासमयमा माग आकृति फाराम भरी पदपूर्तिका लागि मन्त्रालय र प्रदेश लोक सेवा आयोगमा पठाउन मिति २०८०/०१/०५ मा बागमती प्रदेशस्थित सबै मन्त्रालय र ११९ वटा स्थानीय तहहरूलाई ध्यानाकर्षण गराइएको छ।
- **अन्तरक्रिया कार्यक्रम आयोजना:** प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको वार्षिक स्वीकृत कार्यकम अनुसार मिति २०८०/०३/११ गते नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौंमा 'नेपाली भाषाको उचित प्रयोग र शुद्ध लेखनशैली' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो।

# प्रदेश लोक सेवा आयोग
## बागमती प्रदेश हेटौंडा

<u>कार्यसम्पादनका क्रममा भोगिएका समस्या</u>

आयोगमा कर्मचारीको कमी

- प्रदेश सरकारबाट स्वीकृत अस्थायी दरवन्दी अनुसार प्रदेश लोक सेवा आयोगको कार्यालयमा स्वीकृत दरवन्दी कुल ४९ जना भएता पनि राजपत्राङ्कित प्रथम श्रेणी १, राजपत्राङ्कित द्वितीय श्रेणी १, अधिकृत आठौं १, अधिकृत सातौं ३, राजपत्राङ्कित तृतीय श्रेणी ३, अधिकृत छैठौं ३ र सहायक पाँचौं ४, सहायक चौथो १ तथा कार्यालय सहयोगी ५ र हलुका सवारी चालक २ गरी जम्मा २४ जना कर्मचारीबाट कार्यालय व्यवस्थापन गरिएको छ। स्वीकृत अस्थायी दरवन्दीको झण्डै ५० प्रतिशत मात्र कर्मचारीले आयोगको माग सङ्कलन, विज्ञापन, विशेषज्ञबाट प्रश्न पत्र निर्माण र परिमार्जन, लिखित परीक्षा सञ्चालन, दोहोरो कोडिङ, उत्तर पुस्तिका परीक्षण, लिखित परीक्षाको नतिजा प्रकाशन, अन्तर्वार्ता सञ्चालन, सिफारिस, सिफारिस भएका कर्मचारीलाई अभिमुखीकरण कार्यक्रम र सिफारिस पत्र वितरणजस्ता अत्यन्त गहन कार्य सहज हिसाबबाट सम्पादन गर्न कठिनाइ भइरहेको छ।

भौतिक पूर्वाधारको अभाव:

- २०७६ मङ्सिर २ गते अध्यक्षको नियुक्ति भई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय परिसरमा उपलब्ध गराइएको ३ कोठामा आयोगले ४ महिना कार्यसञ्चालन गरेको थियो र २०७६ चैत्र १ गते देखि २०७९ कार्त्तिक मसान्तसम्म घर भाडामा लिई काम कारवाही सञ्चालन गरिएको थियो । उक्त घरमा आयोगका लागि चाहिने कोठाहरू अपर्याप्त भएको हुँदा २०७९ मङ्सीर १ गतेदेखि अर्को घर भाडामा लिई कार्यसम्पादन भइरहेको छ । आयोगको क्रियाकलाप र कामको प्रकृति तथा गरिमा उच्च बनाउन भाडाको भवन अपर्याप्त मात्रै होइन उपयुक्त पनि नहुने हुँदा आयोगको आफ्नै भवन आवश्यक देखिन्छ। आयोगको लागि पर्याप्त कोठा र सुरक्षा अति नै महत्त्वपूर्ण हुन्छ। यसतर्फ आयोगले बेलाबखत माननीय मुख्यमन्त्रीसमक्ष गम्भीर रूपमा ध्यान दिनु पर्ने कुरा राखिरहेको छ।

रिक्त पदहरू लुकाउने प्रवृत्ति

- आयोगको वार्षिक कार्यतालिका बमोजिम गत आर्थिक वर्षमा ११९ वटा स्थानीय तहहरूमध्ये ६९ वटाले मात्र रिक्त पदहरू पदपूर्तिका लागि माग गरी पठाएका थिए। केही स्थानीय तहहरू रिक्त पदहरू पदपूर्तिका लागि माग पठाउने विषयमा अनुदार देखिएका छन्। त्यस्तै गरी प्रदेशका मन्त्रालयहरूमा रिक्त रहेका दरवन्दीमा पदपूर्ति गर्नका लागि कानूनबमोजिम माग आकृति फाराम भरी पठाई पदपूर्ति गर्नु पर्नेमा अपेक्षा गरे अनुरूप उत्साहित देखिएका छैनन्।

# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश हेटौंडा

प्रदेश निजमती सेवा नियमावली र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली नहुँदा कामकारबाहीमा जटिलता

- प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मिति २०७९/११/१८ मा बागमती प्रदेश सरकारबाट जारी भई लागू भएको तर उक्त ऐनलाई कार्यान्वयनमा ल्याउन आवश्यक पर्ने तत् तत् नियमावलीहरू जारी नहुँदा प्रतिवेदन अवधिमा प्रकाशित भएका बढुवा सूचनाहरू विशेषत एघारौं तहका पदहरूको सिफारिसलाई टुङ्गोमा पुऱ्याउन विभिन्न जटिलताहरू उत्पन्न भएका छन्। अतः यथाशीघ्र ती नियमावलीहरू जारी हुनुपर्ने देखिन्छ। त्यस्तै प्रदेश निजामती सेवा ऐन, २०७९ र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा सो को नियमावलीसँग शैक्षिक योग्यतालगायत कतिपय विषयमा बाझिएकोले पदपूर्ति पश्चात् सो विषयलाई लिएर आयोग एवम् सम्मानित अदालतहरूमा उजुरीहरू पर्दा आयोगको कामकारवाहीमा विलम्ब हुने गरेको छ।

आयोगको वेवसाइटको महत्त्व

- प्रयोगकर्ताहरूलाई सहज हुने गरी आयोगको वेवसाइट www.ppsc.bagamati.gov.np प्रयोगमा आइरहेको छ। प्रदेश लोक सेवा आयोगको इतिहासमा अनलाइन दरखास्त लिन सुरु भएको मिति २०७७/०९/१२ देखि हो र २०८० साल असार मसान्तसम्म आयोगको वेवसाइट ५० लाखभन्दा बढी पटक हेरिएको छ ।

सुझाव तथा कार्यान्वयनको स्थिति

१. आयोगको परामर्श लिनु पर्नेमा नलिएको:

६ महिना भन्दा बढी अवधिका लागि कर्मचारीको नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेमा कुनै पनि पदमा आयोगको परामर्श नलिएको।

सरकारका अस्थायी प्रकृतिका आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा सरकारद्वारा स्वीकृत अस्थायी दरबन्दी रहन सक्ने व्यवस्था छ। त्यस्ता निकायहरूको वार्षिक बजेट तथा कार्यक्रम बमोजिम वार्षिक रूपमा आवश्यक पर्ने जनशक्ति निजामती सेवाको स्थायी कर्मचारी काजमा खटाई काम काज गराउनु पर्ने र स्थायी कर्मचारीबाट पदपूर्ति हुन नसकेमा मात्र आयोजना प्रमुख, लेखा प्रमुख र जिन्सी संरक्षक बाहेकका पदमा करारबाट कामकाज गराउनु पर्नेमा प्रतिवेदन अवधिमा बागमती प्रदेश सरकारका निकायहरूमा करिब १५०० भन्दा बढी अस्थायी दरबन्दी सृजना गरी १ वर्षका लागि करारबाट मात्र कामकाज गराइएको र नेपालको संविधान, प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड) निर्धारण ऐन, २०७५ तथा प्रदेश लोक सेवा आयोग ऐन, २०७६मा भएको ६ महिना भन्दा बढी अवधिका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेमा कुनै पनि पदमा आयोगको परामर्श लिएको छैन।

२. प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा १० को उपदफा ५ को खण्ड (ख) मा प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा कर्मचारीको सेवा सर्त सम्बन्धी कानूनको विषयमा आयोगको परामर्श लिनु पर्ने व्यवस्था छ। बागमती प्रदेश सरकारद्वारा मिति २०७९।११।१८ मा जारी भएका प्रदेश निजामती सेवा ऐन २०७९ र स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०७९ तर्जुमाका क्रममा औपचारिक रूपमा आयोगसँग कुनै परामर्श माग गरिएन। आयोग आफै अग्र क्रियाशील भै उक्त दुवै कानूनका विधेयकहरूमा ११ पृष्ठ लामो परामर्श दिइएको भएता पनि उक्त परामर्शलाई पूरै बेवास्ता गरी ऐन पारित गरियो।

प्रदेश सभाले बनाएको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० को उपदफा (५) को खण्ड (क) र (ख) बमोजिम कर्मचारीको नियुक्तिको विषयमा र सेवा सर्त सम्बन्धी कानूनको विषयमा परामर्श लिनु पर्ने बाध्यात्मक व्यवस्थाहरूको पालना नभएकोले पालना गरी कानूनको सम्मान गर्न सम्बन्धित प्रदेश सरकारका मन्त्रालय र स्थानीय तहहरूले कञ्जुस्याईं गर्न नहुने।

३. **पारिश्रमिक र सेवा सुविधाः** प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूको पारिश्रमिक र सुविधा प्रदेश सरकारको एघारौं तहको भन्दा पनि न्यून छ। उक्त सुविधा आयोगका पदाधिकारी नियुक्ति गर्दाको बखत २०७६ सालको भएको र निजामती तथा अन्य सरकारी कर्मचारीको २०७६साल पछि २०७८ साल र २०७९ सालमा तलब सुविधा वृद्धि भइसक्दापनि त्यतिबेला व्यवस्था गरिएको पारिश्रमिक र सेवा सुविधामा हालसम्म पनि वृद्धि गरिएको छैन। आयोगले पारिश्रमिक र सुविधा वृद्धिका लागि २०७९ असार १३ मा निर्णय गरी प्रदेश सरकारलाई अनुरोध गरेको र तत्पश्चात् पटक पटक ताकेता गरिएको भएतापनि हालसम्म सुनुवाइ नहुँदा आयोगको प्रतिष्ठाबमोजिम अचम्भ मान्नुपर्ने अवस्था सिर्जना भएको छ।

४. **प्रदेश सभामा छलफल नभएकोः** आयोगबाट पेश भएको बार्षिक प्रतिवेदन प्रदेश प्रमुखमार्फत प्रदेश सभामा पेश हुने र पेश भएको प्रतिवेदनमाथि प्रदेश मामिला समितिमा छलफल हुने प्रावधान भए पनि हालसम्म कुनै पनि वर्षको बार्षिक प्रतिवेदनमा आयोगका पदाधिकारीहरूलाई बोलाई छलफल भएको छैन। प्रदेश सरकार र स्थानीय तहको सुशासन कायम राख्न पर्ने कर्मचारीको पदपूर्ति र पदपूर्ति गर्न आइपरेको समस्याहरूमा प्रदेश मामिला समितिले आयोगसँग गम्भीर भएर छलफल गर्नुपर्ने।

५. **आयोगको परामर्शको पालनाः** प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम आयोगले प्रदान गरेको परामर्शको सबै सरोकारवाला निकायहरूले पालना गर्नुपर्ने।

६. **न्यायिक फैसला दिइसक्नु पर्ने निश्चित समय सीमा तोकिनु पर्नेः** सम्मानित सर्वोच्च अदालतले सरकारविरुद्धमा उजुरी परेको खण्डमा सरकारी कार्यलाई सुशासनयुक्त बनाउन प्रथम प्राथमिकताका साथ फैसला दिनु पर्ने र उजुरी परेको

# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश हेटौंडा

दिनदेखि बढीमा ३ महिना वा निश्चित अधिकतम समय सीमा तोकी उक्त समयभित्र न्यायिक फैसला दिइसक्नु पर्ने बाध्यात्मक व्यवस्था हुन सकेमा कर्मचारी व्यवस्थापनमा चुस्तता आउने।

७. **प्रमुख प्रशासकीय अधिकृतले कानून अक्षरशः पालना गर्नु पर्ने:** सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ र दफा ५ बमोजिम स्थानीय तहले सङ्घीय र प्रदेश कानून प्रतिकूल नहुने गरी कानून कार्यान्वयन गर्नु वा कानून बनाउनु पर्नेछ भन्ने व्यवस्थाको प्रमुख प्रशासकीय अधिकृतले अक्षरशः पालना गर्नु पर्ने।

८. **मर्यादाक्रम परिमार्जनका बारेमा:** नेपाल सरकारबाट २०७६ वैशाख १६ गते निर्धारण गरिएको प्रदेश लोक सेवा आयोगको अध्यक्ष र सदस्यको मर्यादाक्रम परिमार्जनका बारेमा अघिल्ला तीन वर्ष वार्षिक प्रतिवेदनहरूमा स्पष्ट आधारहरूसहित गम्भीर ध्यान आकृष्ट गरिएकोमा हालसम्म परिमार्जन नभएकोले प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यको मर्यादाक्रम १२ नम्बरमा संवैधानिक निकायका सदस्य तथा आयुक्तको लगत्तै पछि राख्ने व्यवस्थाका लागि प्रदेश सरकार मार्फत नेपाल सरकारलाई अनुरोध हुनु पर्ने।

वार्षिक प्रतिवेदन पेश गरेपश्चात् प्रदेश लोक सेवा आयोगका अध्यक्ष श्री सुरेश मान श्रेष्ठले आयोगको वार्षिक प्रतिवेदनको सार संक्षेप प्रस्तुत गर्नु भएको थियो। उक्त समारोहमा बोल्दै माननीय प्रदेश प्रमुख श्री यादवचन्द्र शर्माले प्रदेश लोक सेवा आयोगले पदपूर्ति सम्बन्धी कार्यमा महत्वपूर्ण कार्य गरेको छ भन्दै आयोगको वार्षिक प्रतिवेदमा समेटिएका सुझावहरूलाई कार्यान्वयन गराउन पहल गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नु भयो ।नेपालमा लोक सेवा आयोग हालसम्म धमिरा नलागेको संस्था हो भन्दै आफ्नो जिम्मेवारी निर्वाह गर्न आयोगलाई आगामी दिनमा अझ सफलता मिलोस् भन्ने शुभकामना समेत दिनु भयो।

२०८०।६।५

(राजु राज अर्याल)
अधिकृत आठौं
प्रवक्ता

## अनुसूची-१७:

## लोक सेवा आयोगहरूको चौथो राष्ट्रिय सम्मेलनको घोषणापत्र

योग्यता, निष्पक्षता र स्वच्छता: लोक सेवा आयोगहरूको प्रतिबद्धता

### लोक सेवा आयोगहरूको चौथो राष्ट्रिय सम्मेलन

२०८० फागुन २३ र २४ गते, वीरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

**निर्णयहरू**

१. लोक सेवा आयोगहरूबाट पदपूर्ति गरिने विभिन्न सेवा, समूह, उपसमूह श्रेणी वा तह र पद (प्राविधिक र अप्राविधिक) का पाठ्यक्रममा समसामयिक सुधार र परिमार्जन गर्ने,

२. लोक सेवा आयोगहरूबाट सम्पादन गरिने कार्यहरूमा कार्यगत सम्बन्ध कायम गर्दै प्रभावकारिता अभिवृद्धि गर्न असल अभ्यासहरूको आदानप्रदान गर्ने,

३. योग्यता, निष्पक्षता र स्वच्छताको मूल्य मान्यता र सिद्धान्तबमोजिम कार्यसम्पादन गर्नको लागि प्रदेश लोक सेवा आयोगहरूका लागि प्रस्ताव गरिएका सङ्गठन संरचना कार्यान्वयन गर्ने,

४. लोक सेवा आयोगहरूको परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी खर्च मापदण्डमा एकरूपता कायम गर्ने र समयसापेक्ष बनाउँदै लैजाने,

५. लोक सेवा आयोगबाट सङ्घीय कानून बमोजिम अवलम्बन गरिएका सिद्धान्त र मापदण्डबमोजिम कार्य सम्पादनको सुनिश्चितताका लागि सूचकहरू (Indicators) तयार गरी सो बमोजिम स्वमूल्याङ्कन एवम् आवश्यकतानुसार समकक्षी समीक्षा (Peer Review) गर्ने,

६. लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूको परीक्षामा अनियमितता गरी कारबाहीमा परेका उम्मेद्वारहरूको अभिलेखीकरण गर्न आवश्यकतानुसार प्रणाली विकास गरी कार्यान्वयन गर्ने,

७. सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन र आयोगप्रतिको विश्वास र भरोसा कायम राख्न आयोगमा रिक्त पदाधिकारी यथाशीघ्र नियुक्ति गर्न सम्बन्धित प्रदेश सरकारसँग अनुरोध गर्ने,

८. आयोगहरूले अवलम्बन गरी आएका सूचना प्रविधि र तथ्याङ्कहरूलाई सुरक्षित, भरपर्दो र विश्वसनीय बनाउनका लागि आवश्यक व्यवस्थापकीय कार्य गर्ने,

९. वैकल्पिक उम्मेदवारको सूची कम हुँदा माग भए अनुरूप सिफारिस गर्न नसकिएको अवस्था मध्यनजर गरी आवश्यकतानुसार सूची बढाउन सक्ने व्यवस्था गर्ने,

१०. लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूको मर्यादाक्रम सम्बन्धी प्रचलित कानूनी व्यवस्था, नियुक्ति र बर्खास्तको प्रक्रिया तथा बहन गर्नुपर्ने जिम्मेवारीसम्बन्धी व्यवस्थालाई पुनरावलोकन गर्न नेपाल सरकारसमक्ष अनुरोध गर्ने,

११. सेवा निवृत्त हुनु भएका प्रदेश लोक सेवा आयोग, कोशी प्रदेशका माननीय अध्यक्ष श्री उत्तम कुमार भट्टराई, प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशका माननीय अध्यक्ष श्री सुरेन्द्रप्रसाद यादव र माननीय सदस्य श्री महारुद्र झा, प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशका माननीय सदस्य श्री भक्तबहादुर खड्काको अवकाश जीवन क्रियाशील, स्वस्थ र सुखी होस् भनी कामना गर्ने,

१२. लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलनका घोषणा र निर्णयहरूको कार्यान्वयन गर्न लोक सेवा आयोगका सचिवको नेतृत्वमा सबै प्रदेश लोक सेवा आयोगका सचिवहरु सम्मिलित समिति गठन गर्ने,

१३. लोक सेवा आयोगहरूको पाँचौ राष्ट्रिय सम्मेलन मिति २०८१ फागुन २३ र २४ गते आयोजना गर्ने,

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| यमराज बोहोरा | रामप्रसाद उपाध्याय | प्रा. डिलाराम भट्टराई | विष्णुप्रसाद नेपाल | सुरेश मान श्रेष्ठ | डा. सुजाता देव | सजना दाहाल | माधवप्रसाद रेग्मी |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष | सदस्य | सदस्य | अध्यक्ष |
| प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेश | प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश | प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश | प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश | प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश | प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश | प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश | लोक सेवा आयोग |

इति संवत् २०८० साल फागुन २४ गते रोज ५ शुभम् ।

## प्रदेश लोक सेवा आयोगहरूको तेश्रो सम्मेलनबाट पारित घोषणापत्र, २०८०

नेपालको संविधानको भाग २३ धारा २४४ बमोजिम स्थापित प्रदेश लोक सेवा आयोगहरूलाई प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा तथा स्थानीय सङ्गठित संस्थाको सेवाका पदहरूमा समेत उपयुक्त उम्मेदवार छनौट तथा सिफारिस गर्ने जिम्मेवारी रहेको छ। यसै बमोजिम हाल सबै प्रदेश लोक सेवा आयोगहरूबाट प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका पदहरूमा उम्मेदवार छनौट र सिफारिस गर्ने काम भइरहेको छ। सरकारी सेवामा आवश्यक पर्ने कर्मचारी छनौटको लागि प्रदेश लोक सेवा आयोगहरूले अवलम्बन गर्ने छनौट पद्दति तथा कार्यविधि समान हुने भएकोले यस प्रक्रियालाई अझ बढी प्रभावकारी, व्यवस्थित तथा समसामयिक बनाउन एवम् कार्य सम्पादनको सिलसिलामा प्राप्त अनुभवहरूलाई एकआपसमा आदान प्रदान गर्न साझा अवधारणा निर्माण गर्ने अभिप्रायले सबै प्रदेश लोक सेवा आयोगहरूको सहभागितामा २०७६ साल फागुन १४ र १५ गते प्रथम अन्तर प्रदेश लोक सेवा आयोगहरूको कार्यशाला गोष्ठी, प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको आयोजनामा हेटौंडामा र दोस्रो सम्मेलन प्रदेश लोक सेवा आयोग, कोशी प्रदेशको आयोजनामा मिति २०७८ साल पौष १८ र १९ गते विराटनगरमा सम्पन्न भई विभिन्न महत्त्वपूर्ण प्रस्तावहरू सहितको घोषणा पत्र जारी भइसकेका छन्।

यस सम्मेलनबाट विगतका घोषणा पत्रहरू कार्यान्वयन अवस्थाको समीक्षा गर्दै सर्वसम्मत रूपमा देहाय बमोजिम घोषणा पत्र पारित गरिएको छः-

१. निर्माण हुन बाँकी प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा सम्बन्धी कानूनको यथाशीघ्र निर्माणका लागि आ-आफ्ना प्रदेशका प्रदेश सभा र प्रदेश सरकारहरूसँग अनुरोध गर्ने।

२. सबै प्रदेशमा समान तहको पदमा उम्मेदवार भई प्रतिस्पर्धामा भाग लिन नपाउने व्यवस्थालाई कार्यान्वयन गर्ने।

३. उम्मेदवार सिफारिस गर्दा वैकल्पिक उम्मेदवारको सङ्ख्या आवश्यकतानुसार बढाउने व्यवस्था गर्ने।

४. पदपूर्तिको कार्यतालिका-समय सम्भव भएसम्म एकरुपता कायम गर्ने।

५. नेपाल सरकारबाट २०७६ वैशाख १६ गते निर्धारण भएको प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूको मर्यादाक्रम सम्बन्धमा प्रचलित कानूनी व्यवस्था, नियुक्ति र वर्खास्तको प्रक्रिया तथा बहन गर्नुपर्ने जिम्मेवारी समेतलाई दृष्टिगत गरी पुनरावलोकन गर्न प्रदेश सरकार र नेपाल सरकारसमक्ष अनुरोध गर्ने।

६. आयोगको निर्णयबाट कारबाहीमा परेका उम्मेदवारहरूको अभिलेखीकरणलाई समेटेर सूचना सञ्जालको विकास गरी आदान प्रदान गर्ने।

७. प्रदेश निजामती सेवा र स्थानीय तहका कर्मचारीहरूको वृत्ति विकास र सेवा निवृत्त पछिको सेवासुविधा सम्बन्धी स्पष्ट कानूनी व्यवस्था गर्न प्रदेश सरकार समक्ष अनुरोध गर्ने।

८. प्राविधिक पदहरूमा उम्मेदवारहरू छनौट गर्दा सम्बन्धित विषयको प्रयोगात्मक सीप परीक्षणको अभ्यास गर्ने।

९. प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवामा हुने बढुवा समितिको गठन निजामती सेवा ऐन, २०४९ अनुकूल हुने गरी कानूनी व्यवस्था गर्न पहल गर्ने।

१०. कर्मचारी समायोजन ऐन, २०७५ को भावना अनुरूप प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवामा प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृत सम्बन्धित सेवाको कर्मचारी नै हुने व्यवस्था संघीय निजामती सेवा ऐनमा समावेश गर्न सुझाव प्रदान गर्ने।

११. आयोगले सिफारिस गरेका कर्मचारीहरूको कार्यसम्पादन क्षमता, अनुगमन, पृष्ठपोषण र छनौट प्रक्रियामा सुधार गर्दै लैजाने।

१२. पदपूर्ति, वृत्तिविकास र विभागीय कारबाहीका विषय र प्रक्रियामा एकरूपता ल्याउन तथा प्रभावकारी र व्यवस्थित बनाउन प्रदेश सरकार र स्थानीय तहका सम्बन्धित अधिकारीहरूसँग अन्तरक्रिया गर्ने।

१३. लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरू बीच असल अभ्यासहरूको आदान प्रदानलाई निरन्तरता दिने। यस कार्यको सम्पर्क व्यक्तिको रूपमा आयोगको सचिवले गर्ने।

१४. प्रदेश लोक सेवा आयोगहरूले प्रदेश प्रमुख समक्ष पेश गरेको वार्षिक प्रतिवेदन प्रदेश सभामा छलफल गराई कार्यान्वयन हुने व्यवस्थाका लागि पहल गर्ने।

१५. यस अघिका सम्मेलनहरूबाट पारित भई कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई क्रमशः कार्यान्वयन गर्दै जाने।

१६. प्रदेश लोक सेवा आयोगहरूको चौथो सम्मेलन गण्डकी प्रदेश, पोखरामा मिति २०८१ मङ्सिर १८ र १९ गते आयोजना गर्ने।

१७. कार्यकाल सफलतापूर्वक सम्पन्न गरी बिदाई हुनु भएका माननीय अध्यक्ष र सदस्यज्यूहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने।

१८. प्रदेश लोक सेवा आयोगहरूको तेस्रो राष्ट्रिय सम्मेलन आयोजना गरी सफलतापूर्वक सम्पन्न गरेकोमा प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशलाई धन्यवाद प्रदान गर्ने।

| | | | |
|---|---|---|---|
| मा. सजना दाहाल<br>सदस्य<br>प्रदेश लोक सेवा आयोग<br>कोशी प्रदेश, विराटनगर | .............................<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>मधेश प्रदेश, जनकपुर | मा. सुरेश मान श्रेष्ठ<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>बाग्मती प्रदेश, हेटौंडा | मा. विष्णु प्रसाद नेपाल<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>गण्डकी प्रदेश, पोखरा |

| | | |
|---|---|---|
| मा. प्रो. डिलाराम भट्टराई<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>लुम्बिनि प्रदेश, बुटवल | मा. राम प्रसाद उपाध्याय<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>कर्णाली प्रदेश, वीरेन्द्रनगर | मा. यज्ञराज बोहरा<br>अध्यक्ष<br>प्रदेश लोक सेवा आयोग<br>सुदुरपश्चिम प्रदेश, धनगढी |

मिति २०८० फागुन २२ गते रोज ३ शुभम्।

अनुसूची-१८ः

## बढुवा सिफारिस उपर उजुरीहरूको विवरण र निर्णयको संक्षिप्त व्यहोरा

| क्र.स | विज्ञापन नम्बर/तह | उजुरी कर्ताको नाम, थर | सेवा,समूह,उपसमूह/पद | उजुरीको संक्षिप्त विषय | आयोगको निर्णय |
|---|---|---|---|---|---|
| १ | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा (३५/०८०-८१)/नवौं तह) | श्री मन कुमारी श्रेष्ठ | प्रदेश स्वास्थ्य सेवा/जनरल नर्सिङ्ग समूह/प्रमुख अस्पताल नर्सिङ प्रशासक | बढुवा समितिले बढुवा गर्दा सम्वन्धित तह भन्दा एक तह मुनीको तहमा कार्य गरेको भौगोलिक क्षेत्रको अंक मात्र प्रदान गर्नुपर्नेमा नगरेको बढुवा सिफारिस पुनर्विचार गर्नुपर्ने | प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३१ को उपदफाहरू क्रमशः उपदफा (१) को स्पष्टीकरण खण् उपदफा(२) र उपदफा (३) को खण्ड मा भएको व्यवस्था बमोजिम (ख)बढुवा समितिको निर्णय कानून सम्मत देखिएकोले बढुवा समितिको निर्णय पुनर्विचार गर्नु नपर्ने |
| २ | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा ८१-०८०/४५ र ४९/०८० ,नवौ तह- | डा श्री प्रतिक . सिंह | प्रदेश स्वास्थ्य सेवा / अर्थोपेडिक सर्जरी समूह/ कन्सल्टेन्ट अर्थोपेडिक सर्जन र प्रदेश स्वास्थ्य सेवाजनरल हेल्थ / सर्भिसेज समूह/ मेडिकल सुपरिटेन्डेन्ट | बढुवाको लागि योग्य हुँदाहुँदै सम्भाव्य उम्मेदवार कायम नगरी गरेको बढुवा सिफारिस बदर गरी मलाई बढुवा गरी पाउँ । | प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३१ को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा भएको व्यवस्था बमोजिम बढुवा समितिको निर्णय मिलेको देखिंदा उजुरीकर्ता श्री प्रतिक सिंहलाई बढुवाको लागि सम्भाव्य उम्मेदवार कायम नभएको भनी बढुवा समितिले गरेको निर्णय कानून सम्मत देखिएकोले बढुवा समितिको निर्णयमा पुनर्विचार नहुने । |
| ३ | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने | श्री अनिल रेग्मी | प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूह , | न्यूनतम शैक्षिक योग्यता नभएका श्री राजकुमार | विदेशी विश्वविद्यालयबाट सम्वन्धित विश्व विद्यालयमा स्नातकोत्तर हाँसिल गरेको |

| क.स | विज्ञापन नम्बर/तह | उजुरी कर्ताको नाम, थर | सेवा,समूह,उपसमूह/पद | उजुरीको संक्षिप्त विषय | आयोगको निर्णय |
|---|---|---|---|---|---|
| | बढुवाको ३०/०८०-८१ | | अधिकृत नवौं तह, डिभिजनल वन अधिकृत पद | ठाकुरलाई गरेको बढुवा सिफारिस बदर गरी मलाई बढुवा सिफारिस गरी पाउँ । | भएता पनि समकक्षता प्राप्त गरेको नदेखिएको हुँदा बढुवा समितिको सिफारिस पुनर्विचार हुने । |
| ४ | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना नं4.४नवौ ८१-०८०/ तह | डा .श्री . श्रीया श्रेष्ठ | प्रदेश स्वास्थ्य सेवा / ओटोरिनो ,ल्यारिङ्गलोजी समूह .एन .कन्सल्टेन्ट इ सर्जन पद .टि | बढुवाको लागि योग्य हुँदाहुँदै सम्भाव्य उम्मेदवार कायम नगरी गरेको बढुवा सिफारिस बदर गरी मलाई बढुवा गरी पाउँ । | प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३१ को उपदफा (४) को प्रतिबन्धात्मक वाक्याशंमा भएको व्यवस्था बमोजिम बढुवा समितिको निर्णय मिलेको देखिंदा उजुरीकर्ता श्री प्रतिक सिंहलाई बढुवाको लागि सम्भाव्य उम्मेदवार कायम नभएको भनी बढुवा समितिले गरेको निर्णय कानून सम्मत देखिएकोले बढुवा समितिको निर्णयमा पुनर्विचार नहुने । |
| ५ | जेष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना ब .सू . ५०.नं/०८०-८१ | श्री सरस्वती पोखरेल (भट्टराई), शान्ता देवी पौडेल, प्रविण प्याकुरेल, श्रृजु मैया प्रधान, कुमारी राई, सरिता राई, राजेश सिंह बस्नेत, गंगाधर गौतम, विकास चित्राकार, | स्थानीय प्रशासन सेवा,सामान्य प्रशासन समूहअधिकृत नवौं , तह, अधिकृत पद | "बढुवाको सम्भाव्य उम्मेदवार कायम नगरेको , विभेदयुक्त योग्यताक्रम सम्मानित ,निर्धारण गरेको उच्च अदालत पाटनको ,फैसलालाई अवज्ञा गरेको कनिष्ठलाई बढुवा सिफारिस ऐन विपरित सेवा ,गरेको अवधि गणनागरेकोप्राप्त , गर्नुपर्ने अंक प्रदान नगरेको | उजुरीकर्ता हरिबहादुर पाटामगरको उजुरी कानून सम्मत देखिन्छ।अन्य उजुरीकर्ताहरुले उजुरीमा उल्लेख गरेको जिकिरहरु कानून सम्मत नदेखिएकोले बढुवा समितिको सचिवालयबाट मिति २०८१/०१/२६ गते प्रकाशित ज्येष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा (ब.सू.नं.०८/५० को क्र.सं.३) को हरिबहादुर पाटामगरलाई बढुवा सिफारिस गर्ने गरी पुनर्विचार हुने |

| क.स | विज्ञापन नम्बर/तह | उजुरी कर्ताको नाम, थर | सेवा,समूह,उपसमूह/ पद | उजुरीको संक्षिप्त विषय | आयोगको निर्णय |
|---|---|---|---|---|---|
| | | विमला कोइराला, रामप्रसाद पौडेल, पदम केशर अधिक हरि बहादुर पाटा (मगर), रश्मी श्रेष्ठ, सीता गुरुङ्ग, र सुशिलकुमार बर्मा समेत | | समेतले गर्दा बढुवा सिफारिस "पुनरावलोकन गरी पाउँ | । |
| ६ | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको ५४/०८०-८१ | सरस्वती पोखरेल (भट्टराई), शान्ता देवी पौडेल, प्रविण प्याकुरेल, श्रृजु मैया प्रधान, कुमारी राई, सरिता राई, राजेश सिंह बस्नेत, गंगाधर गौतम, विकास चित्राकार, विमला कोइराला, रामप्रसाद पौडेल, दिपक कुमार केसी जगदिश अर्याल, | स्थानीय प्रशासन सेवा,सामान्य प्रशासन समूहअधिकृत नवौं , तह, अधिकृत पद | "बढुवाको सम्भाव्य उम्मेदवार कायम नगरेको , विभेदयुक्त योग्यताक्रम सम्मानित ,निर्धारण गरेको उच्च अदालत पाटनको ,अवज्ञा गरेको फैसलालाई कनिष्ठलाई बढुवा सिफारिस ऐन विपरित सेवा ,गरेको अवधि गणना गरेकोप्राप्त , गर्नुपर्ने अंक प्रदान नगरेको समेतले गर्दा बढुवा सिफारिस "पुनरावलोकन गरी पाउँ | उजुरीकर्ताहरु मध्ये दिपक कुमार केसी र जगदीश अर्यालको जिकिर कानूनसम्मत देखिन्छ।कार्यक्षमताको मूल्याङ्कद्वारा हुने बढुवाका लागि तहाँ सचिवालयबाट तयार मूल्याङ्कन तालिका त्रुटिपूर्ण हुन गई बढुवा समितिको सचिवालयबाट भएको सिफारिस समेत त्रुटिपूर्ण देखिन्छ। मिति २०८१/०१/२६ गते प्रकाशित कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा .ब सू. नं. ५४ (०८१-०८०/ सिफारिस उपर परेको उजुरीहरु अन्य उजुरीकर्ताहरुको उजुरी औचित्यहीन देखिएता पनि दिपक कुमार केसी र |

| क.स | विज्ञापन नम्बर/तह | उजुरी कर्ताको नाम, थर | सेवा,समूह,उपसमूह/ पद | उजुरीको संक्षिप्त विषय | आयोगको निर्णय |
|---|---|---|---|---|---|
| | | रश्मी श्रेष्ठ, सीता गुरुङ्ग, सुशिलकुमार बर्मा, | | | जगदीश अर्यालको हकमा कानून सम्मत देखिएकोले बढुवा समितिको निर्णय बमोजिम मिति २०८१/०१/२६ गते प्रकाशित (ब.सू.नं.५४/०८०-८१) बढुवा सिफारिस पूर्णरुपमा उल्टी हुने साथै उजुरी कर्ता दिपक कुमार केसी र जगदीश अर्यालले आफूलाई बढुवा सिफारिस गरि पाउँ भन्ने जिकिरका सन्दर्भमा बढुवा समितिको सचिवालयले माथि उल्लेख गरिए बमोजिम पुनः मूल्याङ्कन तालिका बनाई सोही बमोजिम बढुवा सिफारिस गर्दा पुनः निर्धारित योग्यताक्रमका आधारमा पुनर्विचार हुने । |
| ७ | जेष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवाकोसूचना नं२./०८०-८१ | श्री गौतम भण्डारी | प्रदेश प्रशासन सेवा, सामान्य प्रशासन समूहअधिकृत नवौं , तह, अधिकृत पद | सेवा कालीन तालिम समेत हाँसिल गरी बढुवाको लागि ज्येष्ठ हुँदाहुँदै म भन्दा कनिष्ठ कर्मचारीलाई गरेको बढुवा सिफारिस बदर गरी मलाई बढुवा गरी पाउँ. | प्रदेश निजामती सेवा ऐन २०७९ ,दफा ३१ को उपदफा (३) को खण्ड ख)) बमोजिम उजुरीकर्ता आठौं तहमा कार्यरत नदेखिएकोले बढुवा समितिले गरेको सिफारिस कानून सम्मत भएकोले बढुवा समितिको निर्णयमा पुनर्विचार नहुने । |
| ८ | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको | श्री तीर्थ उपाध्याय | प्रदेश प्रशासन सेवा,सामान्य प्रशासन समूहअधिकृत नवौं , | ज्येष्ठ हुँदाहुँदै म भन्दा कनिष्ठ कर्मचारीलाई गरेको बढुवा सिफारिस बदर गरी मलाई | प्रदेश निजामती सेवा ऐन २०७९ ,दफा ३१ को उपदफा (३) को खण्ड ख)) बमोजिम उजुरीकर्ता आठौं तहमा कार्यरत |

| क.स | विज्ञापन नम्बर/तह | उजुरी कर्ताको नाम, थर | सेवा,समूह,उपसमूह/ पद | उजुरीको संक्षिप्त विषय | आयोगको निर्णय |
|---|---|---|---|---|---|
| | ब१५.नं.सु./०८०-८१ | | तह,अधिकृतपद | बढुवा गरी पाउँ. | नदेखिएकोले बढुवा समितिले गरेको सिफारिस कानून सम्मत भएकोले बढुवा समितिको निर्णयमा पुनर्विचार नहुने । |
| ९ | जेष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा ब.सू.नं. नं४१./०७९-८०मा | श्री टिका बहादुर खत्री | प्रदेश कृषि सेवा, एगृएण्ड .एको. ,मार्केटिङ् समूह सातौं तह,कृषि अर्थ विज्ञ पद | बढुवा हुने पदका लागि आफ्नो तोकिएको शैक्षिक योग्यता पुगेको भएता पनि मलाई सम्भाव्य उम्मेदवारका रूपमा कायम नगरी म भन्दा कनिष्ठ उम्मेदवारलाई सिफारिस गरेको बढुवा सिफारिस बदर गरी मलाई बढुवा गरी पाउँ । | खण्ड ६२नेपाल राजपत्र संख्या ३६ , भाग५ मिति२०६९/०८/२५ गते प्रकाशित कृषि मन्त्रालयको सूचना बमोजिम बिभिन्न पदहरूका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताहरू परिवर्तन गरिएता पनि सोही सूचनाको स्पष्टीकरणमा माथि विभिन्न प्रकरणमा " विभिन्न समूहहरूका विभिन्न श्रेणीहरूका लागि तोकिएको शैक्षिक योग्यता यो सूचना प्रकाशन हुनुभन्दा अगाडि सेवा प्रवेश गरेका निजामती कर्मचारीहरूको हकमा लागु हुने छैन र त्यस्ता निजामती कर्मचारीहरूको हकमा साविक नियममा उल्लेखित व्यवस्था अनुसार नै हुने छ। " भनी उल्लेख भएको साथै नेपाल कृषि सेवा समूह गठन तथा श्रेणी विभाजन र नियुक्ति नियमहरू,२०५ को अनुसूची ३ को खण्ड (छ) क.म.सं. ४ रा.प.अन. प्रथम श्रेणीका पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट आई.एस्सी एग्रो वा सो |

| क.स | विज्ञापन नम्बर/तह | उजुरी कर्ताको नाम, थर | सेवा,समूह,उपसमूह/ पद | उजुरीको संक्षिप्त विषय | आयोगको निर्णय |
|---|---|---|---|---|---|
| | | | | | सरह उतीर्ण व्यवस्था भएको। निवेदक रा.प.अन. प्रथम श्रेणीमा मिति २०६७/११/०७ मा नियुक्ति हुँदा लोक सेवा आयोग बाट निर्धारित शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण सस्थबाट " सो सरह (कृषि विज्ञान) .एगृ.एस्सी.आइ कृषि वा पशु ) .ए.टि.उत्तिर्ण वा जे तालिम प्राप्त वा सम्बन्धित विषय (विज्ञान .सी.एल.एस.वा टि .सी.एल.एस लिई उत्तिर्ण गरी सम्बन्धित कामको तीन वर्षको अनुभव प्राप्त। रहेको र निर्धारित " .सी.एल.एस.टि" शैक्षिक योग्यता मध्ये उत्तिर्ण गरी सम्बन्धित कामको तीन योग्यता निवेदकले "वर्षको अनुभव प्राप्त हासिल गरेको साथै निजामती सेवा २०५० ,नियमावलीको नियम को ७५ “ मा (२) उपनियमसेवा प्रवेश गर्दा कुनै पदमा तोकिएको न्यूनतम शैक्षिक योग्यतामा पछि परिवर्तन गरिएको भए पनि निजको हकमा निज सेवा प्रवेश गर्दा तोकिएको शैक्षिक योग्यतालाई नै न्यूनतम शैक्षिक योग्यता मान्नु पर्नेछ” तथा नियम मा (३) को उपनियम १३८ |

| क.स | विज्ञापन नम्बर/तह | उजुरी कर्ताको नाम, थर | सेवा,समूह,उपसमूह/ पद | उजुरीको संक्षिप्त विषय | आयोगको निर्णय |
|---|---|---|---|---|---|
| | | | | | "निजामती सेवाको सम्बन्धमा यस नियमावलीमा लेखिए जति कुरामा यसै बमोजिम र अरुमा बेग्लाबेग्लै सेवा वा समूहको लागि पृथक रुपले लागू हुने गरी बनेका नियमहरूमा लेखिए बमोजिम हुनेछ" र " मा (४)उपनियम मा (३) जुनसुकै कुरा लेखिएको भए तापनि बढुवाको सम्बन्धमा यसै नियमावली "बमोजिम हुनेछ भन्ने स्पष्ट संरक्षणकारी र वाध्यकारी कानूनी व्यवस्थाले गर्दा मिति २०६९/०८/२५ गते शैक्षिक योग्यता संशोधन हुनुभन्दा अगावै कायम भएको शैक्षिक योग्यता बमोजिम उक्त पदमा सेवा प्रवेश गरेको देखिएकोले निवेदकको न्यूनतम शैक्षिक योग्यता पुगेको देखिएकोले बढुवा समितिको बढुवा सिफारिस पुनर्विचार हुने। |
| १० | जेष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवा ब.सू.नं. ६६/०७९-८० | श्री मिनाकुमारी थापा | स्थानीय कृषि सेवा, सातौं तह, कृषि अधिकृत पद | बढुवा हुने पदका लागि आफ्नो तोकिएको शैक्षिक योग्यता पुगेको भएता पनि मलाई सम्भाव्य उम्मेदवारका रूपमा कायम नगरी म भन्दा कनिष्ठ उम्मेदवारलाई | खण्ड ६२नेपाल राजपत्र संख्या ३६ , भाग ५ मिति २०६९/०८/२५ गते प्रकाशित कृषि मन्त्रालयको सूचना बमोजिम बिभिन्न पदहरूका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताहरू परिवर्तन गरिएता पनि सोही सूचनाको |

| क्र.स | विज्ञापन नम्बर/तह | उजुरी कर्ताको नाम, थर | सेवा,समूह,उपसमूह/ पद | उजुरीको संक्षिप्त विषय | आयोगको निर्णय |
|---|---|---|---|---|---|
| | | | | सिफारिस गरेको बढुवा सिफारिस बदर गरी मलाई बढुवा गरी पाउँ । | स्पष्टिकरणमा माथि विभिन्न प्रकरणमा " विभिन्न समूहहरूका विभिन्न श्रेणीहरूका लागि तोकिएको शैक्षिक योग्यता यो सूचना प्रकाशन हुनुभन्दा अगाडि सेवा प्रवेश गरेका निजामती कर्मचारीहरूको त्यस्ता निजामती हकमा लागु हुने छैन र कर्मचारीहरूको हकमा साविक नियममा उल्लेखितव्यवस्था अनुसार नै हुने छ। " भनी उल्लेख भएको साथै नेपाल कृषि ) सेवा समूह गठन तथा श्रेणी विभाजन नियुक्ति तथा नियमहरु, २०५० को अनुसूची ३ खण्ड ४ क्र.सं.(ङ) मा रा.प.अन.प्रथम श्रेणीका एग्रोनोमी पदका लागि लोक सेवा आयोग बाट निर्धारित शैक्षिक योग्यता तथा मान्यता प्राप्त शिक्षण सस्थबाट आइकृषि ) .एगृ.एस्सी. .ए.टि.सो सरह उत्तिर्ण वा जे (विज्ञान तालिम प्राप्त वा (कृषि वा पशु विज्ञान) वा .सी.एल.सम्बन्धित विषय लिई एस उत्तिर्ण गरी सम्बन्धित .सी.एल.एस.टि कामको तीन वर्षको अनुभव रहेको र निर्धारित शैक्षिक योग्यता टि.एस.एल. सी उतिर्ण गरी सम्बन्धित कामको तीन |

| क.स | विज्ञापन नम्बर/तह | उजुरी कर्ताको नाम, थर | सेवा,समूह,उपसमूह/ पद | उजुरीको संक्षिप्त विषय | आयोगको निर्णय |
|---|---|---|---|---|---|
| | | | | | वर्षको अनुभव प्राप्त योग्यता निवेदकले हासिल गरेको साथै निजामती सेव नियमावली,२०५० को नियम ७५ को उपनियम (२) मा " सेवा प्रवेश गर्दा कुनै पदमा तोकिएको न्यूनतम शैक्षिक योग्यतामा पछि परिवर्तन गरिएको भए पनि निजको हकमा निज सेवा प्रवेश गर्दा तोकिएको शैक्षिक योग्यतालाई नै न्यूनतम शैक्षिक योग्यता मान्नु पर्नेछ" तथा नियम १३८ को उपनियम (३)मा " निजामती सेवाको सम्बन्धमा यस नियमावलीमा लेखिए जति कुरामा यसै बमोजिम र अरुमा बेग्लाबेग्लै सेवा वा समूहको लागि पृथक रुपले लागू हुने गरी बनेका नियमहरूमा लेखिए बमोजिम हुनेछ" र उपनियम (४) मा उपनियम(३) मा कुरा लेखिएको जुनसुकै भए तापनि बढुवाको सम्बन्धमा यसै "नियमावली बमोजिम हुनेछभन्ने स्पष्ट संरक्षणकारी र बाध्यकारी कानूनी व्यवस्थाले गर्दा मिति २०६९/०८/२५ गते शैक्षिक योग्यता संशोधन हुनुभन्द अगावै कायम भएको शैक्षिक योग्यता |

| क.स | विज्ञापन नम्बर/तह | उजुरी कर्ताको नाम, थर | सेवा,समूह,उपसमूह/ पद | उजुरीको संक्षिप्त विषय | आयोगको निर्णय |
|---|---|---|---|---|---|
| | | | | | बमोजिम उक्त पदमा सेवामा वहाल रहेको देखिएकोले निवेदकको न्यूनतम शैक्षिक योग्यता पुगेको देखिएकोले बढुवा समितिको बढुवा सिफारिस पुनर्विचार हुने । |
| ११ | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा ब.सू.नं. ५३/०७९-८० | श्री मिन बहादुर थापा | प्रदेश इन्जनियरिङ्ग सेवा, सिभल समूह, इरिगेसन उपसमूह सातौं तह, इन्जिनियर पद | जम्मा सेवा अवधी २१८० दिन हुनुपर्नेमा २१७४ दिन हिसवाव गरी गरेको बढुवा सिफारिस बदर गरी मलाई बढुवा गरी पाउँ । | भौगलिक क्षेत्रवापत प्राप्त गर्ने नयाँ अङ्क १४.४१२०६२ कायम हुंदा यस अघि ०.०१ अङ्कले मात्र पछि परी फरक परेको नतिजा उल्टिई परिवर्तन हुने हुँदा मिन बहादुर थापालाई प्रदेश अन्तर्गत इन्जनियरिङ्ग सेवा, सिभल समूह, इरिगेसन उपसमूह सातौं तह, इन्जिनियर पदमा बढुवा सिफारिश गर्ने गरी बढुवा समितिको निर्णय पुनर्विचार हुने । |
| १२ | -८०कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा बढुवा सूचना नं 72/०७९ | श्री टंक बहादुर अधिकारी | स्थानीय कृषि सेवा,सातौं तह,कृषि अधिकृत पद | बढुवा हुने पदका लागि आफ्नो तोकिएको शैक्षिक योग्यता पुगेको र आफू ज्येष्ठ कर्मचारीहुँदा हुँदै पनि बढुवा समितिले दरखास्त अस्वीकृत गरी गरेको बढुवा सिफारिस बदर गरी मलाई बढुवा सिफारिस गरी पाउँ । | उजुरीकर्ताको जिकिर बागमती प्रदेशको स्थानीय सेवा गठन तथा सञ्चालन) ,अध्यादेश२०७९ को दफा ३१ को उपदफा (वमोजिम (१) कानूनसम्मत नदेखिएकोले बढुवा समितिको निर्णयमा पुनर्विचार गर्नु नपर्ने। |
| १३ | जेष्ठता र कार्यसम्पादनको | श्री हरि प्रसाद | प्रदेश इन्जनियरिङ्ग | बढुवा हुने पदका लागि | उजुरीकर्ताको जिकिर कानूनसम्मत |

| क.स | विज्ञापन नम्बर/तह | उजुरी कर्ताको नाम, थर | सेवा,समूह,उपसमूह/ पद | उजुरीको संक्षिप्त विषय | आयोगको निर्णय |
|---|---|---|---|---|---|
| | मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना नं ७५/०७९-८० | भट्ट | सेवा, सर्भे समूह, सातौं तह,नापी अधिकृत पद | आफ्नो तोकिएको शैक्षिक योग्यता पुगेको र आफू ज्येष्ठ कर्मचारीहुँदा हुँदै पनि बढुवा समितिले दरखास्त अस्वीकृत गर्ने निर्णय बदर गरी मलाई बढुवा सिफारिस गरी पाउँ । | देखिएकोले निजलाई बढुवा सिफारिस नगर्ने र उक्त पदमा कुनै पनि सम्भाव्य उम्मेदवार कायम नभएको भनी बढुवा समितिबाट भएको निर्णय मिलेको नदेखिंदा सम्भाव्य उम्मेदवार नभएको कायम नगरिएको/बढुवा समितिको निर्णय बदर हुनेनिज हरि , प्रसाद भट्टलाई सम्भाव्य उम्मेदवार कायम गरी प्रदेश अन्तर्गत इन्जिनियरिङ नापी ,सातौं तह ,सर्भे समूह ,सेवा अधिकृत पदमा बढुवा सिफारिसगर्ने गरी बढुवा समितिको निर्णय पुनर्विचार हुने । |
| १४ | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना नं८१-०८०/39. | डा .श्री . अनु श्रेष्ठ | नवौ तह, प्रदेश स्वास्थ्य सेवा / अब्स.एण्ड गाइनो . समूह ,कन्सल्टेन्ट अब्टेट्रिक्स एण्ड गाइनोकोलोजिष्ट पद | बढुवाको लागि योग्य हुँदाहुँदै सम्भाव्य उम्मेदवार कायम नगरी गरेको बढुवा सिफारिस बदर गरी मलाई बढुवा गरी पाउँ । | प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३१ को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा भएको व्यवस्था बमोजिम बढुवा समितिको निर्णय मिलेको देखिंदा उजुरीकर्ता डा.श्री अनु श्रेष्ठालाई बढुवाको लागि सम्भाव्य उम्मेदवार कायम नभएको भनी बढुवा समितिले गरेको निर्णय कानून सम्मत देखिएकोले बढुवा समितिको निर्णयमा पुनर्विचार नहुने । |
| १५ | कार्यक्षमताको | श्री अंकुर पौडेल | प्रदेश स्वास्थ्य सेवा / | बढुवाको लागि योग्य हुँदाहुँदै | प्रदेश निजामती सेवा ऐन, २०७९ को |

| क्र.स | विज्ञापन नम्बर/तह | उजुरी कर्ताको नाम, थर | सेवा,समूह,उपसमूह/ पद | उजुरीको संक्षिप्त विषय | आयोगको निर्णय |
|---|---|---|---|---|---|
| | मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना नं.४४८१-०८०/ र बढुवा सूचना नं . ४९८१-०८०/ | | ,जनरल सर्जरी समूह कन्सल्टेन्ट जनरल सर्जन पद/जनरल हेल्थ सर्भिसेज समूह , मेडिकल सुपरिटेन्डेन्ट पद | सम्भाव्य उम्मेदवार कायम नगरी गरेको बढुवा सिफारिस बदर गरी मलाई बढुवा गरी पाउँ । | दफा ३१ को उपदफा (४) को प्रतिबन्धात्मक वाक्याशंमा भएको व्यवस्था बमोजिम बढुवा समितिको निर्णय मिलेको देखिंदा उजुरीकर्ता श्री अंकुर पौडेललाई बढुवाको लागि सम्भाव्य उम्मेदवार कायम नभएको भनी बढुवा समितिले गरेको निर्णय कानून सम्मत देखिएकोले बढुवा समितिको निर्णयमा पुनर्विचार नहुने । |

## अनुसूची-१९:

## आयोगको कामकारवाहीका केही झलकहरू




आयोगको चौथो वार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुख श्री यादवचन्द्र शर्माज्यू समक्ष पेश



आयोगको चौथो वार्षिक प्रतिवेदन पेश गरेपश्चातको सामूहिक तस्विर



आ.व.२०७९/०८० मा उत्कृष्ट कार्य सम्पादन गरे बापत आयोगको पुरस्कृत कर्मचारी श्री दिपेश महर्जन



आ.व.२०७९/०८० मा उत्कृष्ट कार्य सम्पादन गरे बापत आयोगको पुरस्कृत कर्मचारी श्री राजु प्रसाद चौलागाई




लोक सेवा आयोगहरूको चौथो राष्ट्रिय सम्मेलनमा उपस्थित आयोगका अध्यक्षज्यूहरू



लोक सेवा आयोगहरूको चौथो राष्ट्रिय सम्मेलनमा उपस्थित आयोगका पदाधिकारीहरू




बीरेन्द्रनगर सुर्खेतमा प्रदेश लोक सेवा आयोगहरूको अनुभव आदान प्रदान तथा अन्तरक्रिया कार्यक्रम




सुर्खेतमा प्रदेश लोक सेवा आयोगहरूको अनुभव आदान प्रदान तथा अन्तरक्रिया कार्यक्रममा उपस्थित यस आयोगका पदाधिकारी तथा कर्मचारीहरू




अध्यक्ष श्री सुरेशमान श्रेष्ठज्यूको मिति २०८०/१२/०४ मा भएको अवकाश पश्चातको सामूहिक तस्विर